
# शिक्षा क्षेत्रको योजना, २०८१–२०९०

# Education Sector Plan, 2024-2033




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग

Projection System: MUTM, Spheroid - Everest 1830
MoFALD, 2074

स्थानीय सरकार

रामनगर गाउँपालिका

सर्लाही, २०२४

**रामनगर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सर्लाही**

**प्रमुख संरक्षक :**
**गाउँपालिका अध्यक्ष : श्री राजबाबु यादव**
**सरक्षक :**
**गाउँपालिका उपाध्यक्ष : श्री गिता देवी साह**

**रामनगर गाउँपलिकाको १० बर्षे गाउँ शिक्षा योजना निर्माण कार्यदल**

**श्री फेकु राय यादव**

**श्री विवेक कुमार झा**

**श्री रबिन्द्र प्रसाद यादव**

प्रकाशक : रामनगर गाउँपालिका , सर्लाही

प्रकाशन प्रति :१०००

प्रमाणित मिति : २०८२-०२-१२

प्रकाशन मिति : २०८१

अध्यावधिक मिति : २०८३

सर्वाधिकार : प्रकाशकमा

प्राबिधिक सहयोग : युनिसेफ नेपाल/ पिपल प्रोमोट सेन्टर जनकपुरधाम

विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनको यस महत्वपूर्ण अवसरमा म रामनगर गाउँपालिका अध्यक्षको हैसियतले सबै सरोकारवालालाई हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। गुणस्तरीय शिक्षा प्रत्येक बालबालिकाको अधिकार मात्र नभएर हाम्रो समाज र राष्ट्रको समृद्धि तथा विकासको आधारशिला हो। यसै सन्दर्भमा विद्यालय शिक्षा क्षेत्र योजनाले विद्यालय स्तरमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने विश्वास छ।

शिक्षा क्षेत्रमा विकास र सुधारको लागि योजनाबद्ध कार्यक्रम र स्थानीय तहको सक्रिय सहभागिता अत्यन्त आवश्यक हुन्छ। यस योजनाले विद्यालयहरूमा सिकाइ वातावरण सुधार गर्ने, शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने, पूर्वाधार विकास गर्ने र विद्यार्थीहरूका लागि समावेशी तथा न्यायसंगत शिक्षा सुनिश्चित गर्ने लक्ष्य राखेको छ। यी लक्ष्य पुरा गर्न गाउँपालिका र स्थानीय समुदायको सहकार्य अनिवार्य छ।

यस योजनाको सफल कार्यान्वयनमा प्राविधिक सहयोग गर्ने संस्था पिपुल प्रोमोट सेन्टर लाई विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु। पिपुल प्रोमोट सेन्टरले शिक्षा क्षेत्रको सुधार र विकासका लागि समर्पित र प्रभावकारी प्राविधिक सहयोग प्रदान गर्दै आएको छ। स्थानीय तहसँग निकट सहकार्य गरी विद्यालयहरूमा गुणस्तरीय शिक्षा प्रवर्द्धनमा उनको योगदान सराहनीय छ। उनीहरूको विशेषज्ञता र सहकार्यले विद्यालय शिक्षा क्षेत्र योजनाको कार्यान्वयनलाई थप प्रभावकारी बनाउने छ।

रामनगर गाउँपालिका शिक्षा क्षेत्र योजनालाई सफल बनाउन गाउँपालिका प्रशासन, शिक्षक, अभिभावक, विद्यार्थी र समुदाय सबैको सहकार्य आवश्यक छ। हामी सबैले मिलेर बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न प्रतिबद्ध हुनुपर्छ। पिपुल प्रोमोट सेन्टरको प्राविधिक सहयोग र स्थानीय तहको सक्रियताले यो योजना सफल भई गुणस्तरीय शिक्षा सबैसम्म पु-याउने विश्वास गरौं।

अन्त्यमा, म पुनः विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनका लागि सबै सरोकारवालालाई सफलताको शुभकामना व्यक्त गर्दछु र यस अभियानमा निरन्तर सहयोग एवं समर्पणको अपील गर्दछु।

धन्यवाद।

राजबाबु यादव
गाउँपालिका अध्यक्ष
रामनगर गाउँपालिका

रामनगर गाउँपालिका अन्तर्गत विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनको शुभारम्भमा मेरो तर्फवाट हार्दिक शुभकामना व्यक्त गर्दछु। शैक्षिक क्षेत्रको समग्र विकास र गुणस्तर अभिवृद्धि गराउन यो योजना अत्यन्तै महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्नेमा कुनै शंका छैन। स्थानीय सरकारको नेतृत्वमा योजना कार्यान्वयन हुनु विद्यालय शिक्षा सुधारका लागि ठोस कदम हो र यसले विद्यार्थी, शिक्षक, अभिभावक तथा समग्र समुदायमा सकारात्मक प्रभाव पार्नेछ।

पिपुल प्रोमोट सेन्टरले विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा प्राविधिक सहयोग गर्दै आएको छ, जसले योजना प्रभावकारी र दिगो हुने दिशामा महत्वपूर्ण योगदान पुर्याउनेछ। स्थानीय सरकार र विद्यालयहरूबीच समन्वय स्थापित गर्दै योजना कार्यान्वयनका सबै चरणहरूमा आवश्यक परामर्श, क्षमता अभिवृद्धि तथा अनुगमन सहयोग प्रदान गरिरहेको छ। यसले विद्यालय शिक्षा क्षेत्रको योजना वनाउँदा स्थानीय आवश्यकता र सन्दर्भलाई ध्यानमा राखी गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्न सहयोग पुर्याउने छ।

विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनले बालबालिका र समुदायमा गुणस्तरीय शिक्षा प्राप्तिको अवसर सृजना गर्ने मात्र नभई शिक्षकहरूको क्षमता विकास, शैक्षिक पूर्वाधारको सुधार र समावेशी शिक्षा प्रवर्द्धनमा पनि टेवा पुर्याउनेछ। यस योजनाले विद्यालय शिक्षा प्रणालीलाई थप मजबुत बनाउन र सबैका लागि समान अवसर सुनिश्चित गर्न गाउँपालिकाको संकल्पलाई सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ।

यस सन्दर्भमा, म पुनः एक पटक रामनगर गाउँपालिकाका सबै सरोकारवालाहरुलाई विद्यालय शिक्षा क्षेत्र योजनाको सफल कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु र पिपुल प्रोमोट सेन्टरसँगको साझेदारीले यसलाई अझ प्रभावकारी बनाउन निरन्तर समन्वय र सहयोग रहने विश्वास व्यक्त गर्दछु।

कृष्ण कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत
रामनगर गाउँपालिका

विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनको शुभ अवसरमा सबै शिक्षक, विद्यालय व्यवस्थापन समितिका सदस्यहरू, अभिभावक, विद्यार्थीहरू र सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक शुभकामना तथा बधाई व्यक्त गर्दछु। गुणस्तरीय र समावेशी शिक्षा प्रदान गर्ने उद्देश्यले अघि बढाइएको यस योजना सफलतापूर्वक कार्यान्वयनका लागि संलग्न सबै पक्षहरूसँग सहकार्य गर्दै आइरहेको छ।

यस महत्वपूर्ण कार्यमा प्राविधिक सहयोग गर्ने संस्था पिपुल प्रोमोट सेन्टरलाई विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु। पिपुल प्रोमोट सेन्टरले स्थानीय तहका शिक्षक र विद्यालयलाई क्षमता अभिवृद्धि, योजना निर्माण, अनुगमन तथा मूल्याङ्कनमा निरन्तर प्राविधिक सहयोग प्रदान गर्दै आएको छ। उनीहरूको निरन्तर सहयोगले विद्यालय शिक्षा क्षेत्र योजना प्रभावकारी ढङ्गले कार्यान्वयनमा मद्दत पुग्नेमा हामी पूर्ण विश्वास गर्दछौं।

शिक्षा क्षेत्रमा सुधार ल्याउन योजनामा समावेश भएका विभिन्न पहलहरू, जस्तै पाठ्यक्रम सुधार, शिक्षक प्रशिक्षण, विद्यार्थीहरूको सहभागीता र समावेशी वातावरण सिर्जना, यस्ता कुराहरू सफलतापूर्वक लागू गर्ने कार्यमा पिपुल प्रोमोट सेन्टरको भूमिका अतुलनीय रहेको छ। विद्यालय व्यवस्थापन समितिहरूलाई थप सशक्त बनाउने, अभिभावक र समुदायको सहभागिता सुनिश्चित गर्ने कार्य पनि प्रभावकारी रूपमा अघि बढाइरहेको छ।

हाम्रो लक्ष्य गुणस्तरीय शिक्षा सबै बालबालिकासम्म पुर्याउने हो, जसका लागि स्थानीय सरकार, विद्यालय र प्राविधिक सहयोगी संस्था मिलेर निरन्तर प्रयासरत छन्। यस कार्यमा सबै सरोकारवालाहरूको सक्रिय सहभागिता र समर्पण आवश्यक छ। म विश्वास गर्छु, पिपुल प्रोमोट सेन्टरको प्राविधिक सहयोग र हाम्रो साझा प्रतिबद्धताले यस योजना सफलताको नयाँ शिखर छुनेछ।

अन्त्यमा, रामनगर गाउँपालिकाका सबै विद्यालयहरूमा यस योजना प्रभावकारी रूपमा कार्यान्वयन होस् र सबै विद्यार्थीले गुणस्तरीय शिक्षा प्राप्त गरून् भन्ने हार्दिक कामना गर्दछु।

फेकु राय यादव
शिक्षा संयोजक
रामनगर गाउँपालिका
सर्लाही

रामनगर गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा शिक्षा क्षेत्र योजना कार्यान्वयनमा लाग्न लागेको यो महत्वपूर्ण अवसरमा म तपाईहरू सबैलाई हार्दिक शुभकामना व्यक्त गर्दछु। गुणस्तरीय शिक्षा र बालबालिकाको समग्र विकासका लागि यो योजना अत्यन्तै प्रभावकारी र आवश्यक छ।

विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनबाट विद्यालय स्तरमा शिक्षाको गुणस्तर सुधार हुने, व्यवस्थापन थप सुदृढ हुने र विद्यार्थीहरूका आवश्यकता अनुरूप सेवा प्रवाह सुनिश्चित हुने अपेक्षा गरिन्छ। यस योजना मार्फत शिक्षक, अभिभावक र स्थानीय सरकारबीचको सहकार्य अझ प्रगाढ हुनेछ र यसले विद्यालयका समस्या र चुनौतीहरूको समाधानमा ठोस भूमिका खेल्नेछ।

यस अभियानमा प्राबिधिक सहयोग गर्ने पिपुल प्रोमोट सेन्टरको योगदान अतुलनीय छ। पिपुल प्रोमोट सेन्टरले विद्यालय शिक्षा क्षेत्रमा गरेको निरन्तर समर्पित प्राबिधिक सहयोग, तालिम, क्षमता विकास कार्यले विद्यालय स्तरमा योजना कार्यान्वयनलाई सफल बनाउन महत्वपूर्ण भूमिका खेलेको छ।

अन्ततः, म सबै सरोकारवालाहरूलाई विद्यालय शिक्षा क्षेत्र योजना सफल बनाउन सबै प्रकारका प्रयास गर्ने र बालबालिकाको उज्जवल भविष्य सुनिश्चित गर्ने कार्यमा जुट्न हार्दिक अनुरोध गर्दछु। शिक्षा हाम्रो राष्ट्रको समृद्धि र प्रगतिको मूल आधार हो।

यो शुभकामना सन्देशलाई विद्यालय शिक्षा क्षेत्रमा सफलता प्राप्तिको शुभसूचना मान्दै म पुनः तपाईहरू सबैमा प्रगति, समृद्धि र खुशीयालीको कामना गर्दछु।

धन्यवाद।

विवेक कुमार झा
स.क.अ.( शिक्षा शाखा)
रामनगर गाउँपालिका
सर्लाही, मधेश

# विषयसूची


परिच्छेद १ :परिचय ........................................................................................ ८
परिच्छेद दुई दूरदृष्टि :, ध्येय, उद्देश्य, रणनीतितथा लक्ष्य/गन्तव्य ........................................ ३५
परिच्छेद ३:विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू ........................................................ ४४
३.१ प्रारम्भिक बालविकास र शिक्षा ................................................................ ४४
३.२ आधारभूत शिक्षा .................................................................................. ४९
३.३ माध्यमिक शिक्षा ................................................................................... ५५
३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ...................................................... ६०
परिच्छेद ४:अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू ........................................................ ६३
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन.................................... ६३
४.२ शिक्षक व्यवस्थापन र विकास................................................................... ६८
४.३ शैक्षिक समता र समावेशीकरण.................................................................. ७१
४.४ दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रम............................................. ७४
४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा............................................ ७७
४.६ विद्यालय भौतिक पूर्वाधार विकास.............................................................. ८१
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि........................................................ ८४
परिच्छेद ५:सुशासन तथा व्यवस्थापन ..................................................................... ८८
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध.................................................. ९१
परिच्छेद ६:लगानी र स्रोतव्यवस्थापन :................................................................... ९४
परिच्छेद ७ :अनुगमन तथा मूल्याङ्कन .................................................................... ९८

# परिच्छेद १ः परिचय

## १.१ पृष्ठभूमि

वि.सं. २०७२ मा जारी भएको नेपालको संविधान अनुसार संघीय गणतन्त्रात्मक राज्यव्यवस्था प्रारम्भ भई संघ,प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । यस संविधानले समग्रमा समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ भने यस ध्येय अनुकूलका शिक्षा सम्बन्धी सबै नागरिकको आधारभुतर विशिष्ट प्रकारका मौलिक हकहरू र प्राथमिकताहरू स्थापित गरेको छ ।यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यससम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा आएको छ भने बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षा लगायत बालबालिका हकहरूलाई प्रत्याभूत गरेको छ ।नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास (SDG)का१७ ओटा लक्ष्यमा नेपालले पनि सहमति जनाएको छ भने यस अन्तर्गतको चौथो लक्ष्यले "सबैका लागिसमावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने"उद्देश्य (Aim) राखी यससँग सम्बन्धित सातओटा लक्ष्यहरू (Targets) निर्धारण गरेको छ भने लक्ष्य प्राप्तिका लागि थप तीनओटा माध्यम वा तरिका पनि उल्लेख गरेको छ । युनेस्कोद्वारा दक्षिण कोरियाको इन्चोनमा आयोजित विश्व शिक्षा मञ्च सन् २०१५ को बैठकद्वारा जारी घोषणापत्रले शिक्षासम्बन्धी दिगो विकास लक्ष्य प्रतिको प्रतिबद्धता सहितको कार्यढाँचा तयार गरेकोमा नेपालले पनि यसमा प्रतिबद्धता जनाएको छ ।उल्लिखित सन्दर्भलाई समेत दृष्टिगत गरी नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोणसहित पन्ध्रौं र हालको सोहौं योजना २०८१/८२–२०८५/८६ तयार गरी शिक्षा विकासका लागि नीतिगत प्राथमिकता निर्धारण गरेको छ।उल्लिखित सन्दर्भहरूलाई समेट्दै सङ्घीय सरकार शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालयले गत २०८०/८१ देखि १० बर्षे विद्यालय क्षेत्र योजना (SESP)सन्२०२२/२३–२०३१/३२लाई कार्यान्वयनमा ल्याएको छ भने यिनै परिपेक्षहरूमा टेक्दै यस स्थानीय सरकार रामनगर गाउँपालिकाले संबैधानिक दायित्व, प्रावधानहरु र आफ्ना आवश्यकताहरूलाई सापेक्ष रूपमा पुरा गर्न आफ्नो पालिका तहमा शिक्षा क्षेत्रको योजना निर्माण र कार्यन्वयन गर्न आवश्यक देखिएको छ । त्यसै गरी ज्ञान. विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई सान्दर्भिकरण सहित आत्मसात गर्न र सृजनशील, सक्रिय तथा पालिकाको आर्थिक तथा सामाजिक रूपान्तरणका

लागि उपयोगी जनशक्ति विकासका गरी शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि पालिकातहमा शिक्षा क्षेत्रको योजना आवश्यक देखिएको छ । मुलुकको अन्य क्षेत्रहरुमा जस्तै यस पालिकामा पनि बिगतको कोभिड र बेला बखत आइपरेका बिभिन्न प्राकृतिक बिपत र माहामारीबाट शिक्षा क्षेत्रमा भएको लामो अवरोध तथा गतिहिनताले शिक्षा क्षेत्रमा भएको नोक्सानीलाई घटाई गतिशीलता प्रदान गर्नरअबका दिनहरुमा देखा पर्न सक्ने संभावित प्राकृतिक प्रकोप,महामारी तथा आपत विपतबाट उत्पन्न हुने जोखिमहरू साथै जलवायु परिवर्तनले ल्याएको जोखिमहरूलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील (Resilient) शिक्षा पद्धतिको विकासको आवश्यकतालाई उपयुक्त ढङ्गले सम्बोधनगर्नु पर्ने नितान्त जरुरी रहेको छ ।

उल्लिखित सन्दर्भले पालिकातहमाशिक्षा क्षेत्रको विकासका लागि तथ्यपरकर प्रभावकारी योजनाको आवश्यकता महसुस गरी यस पालिकाले स्थानीय सरकार स्तरको शिक्षा क्षेत्रको योजना (Education Sector Plan-ESP) आगामी सन् २०३० सम्मका लागि शिक्षा विकासको दृष्टिकोणसहित सन् २०२४–२०२८ का लागि आवश्यक स्रोतः को आकलन गरीतयार गरेको छ ।

योजनाको यसपहिलो परिच्छेदमा योजनाका समग्र सन्दर्भहरू, जस्तैः पालिकाको सामाजिक तथा सांस्कृतिक सन्दर्भ, आर्थिक सन्दर्भ, जनसाङ्खिक स्वरूप, शासकीय स्वरूपलगायत शिक्षाको समग्र अवस्था तथा सन्दर्भ उल्लेख गरिएको छ । प्रस्तुत सन्दर्भका आधारमा शिक्षा क्षेत्रका प्रमुख चुनौती तथा अवसरहरू पहिचान गरिएको छ । यस परिच्छेदको अन्तमा यो योजना निर्माण प्रक्रियाहरू उल्लेख गरिएको छ ।

## १.२ पालिकाको समग्र सन्दर्भ

नेपालमा लामो द्वन्दपछि संविधान सभाबाट संघीय गणतन्त्रात्मक संविधान निर्माण भई संघ, प्रदेश र स्थानीय तहमा निर्वाचित सरकार गठन भएर मुख्य कानुनी तथा व्यवस्थापकीय संरचनासहितकार्यरत रहेका छन् । यस अवधिमानेपालमा तुलनात्मक रूपमा स्थिर आर्थिक अवस्था देखिनुलाई सकारात्मक प्रगतिको सङ्केत मान्न सकिन्छ ।सन् २०१९ को आँकडाअनुसार (UNDP , 2020) मानव विकास सूचकाङ्क (०.६०२) का दृष्टिले नेपाल कुल १८९ मध्ये १४२ औं स्थानमा रहेको छ भने न्यूनबाट मध्यम सूचकाङ्क भएको मुलुकमा प्रवेश गरेको छ । व्यक्तिको औसत विद्यालय अवधिमा बढोत्तरी,प्रति व्यक्ति आयमा वृद्धि तथा निरपेक्ष गरिबीमा रहेको जनसङ्ख्याको प्रतिशत घट्नु सकारात्मक सूचकहरू हुन् । शिक्षा विकासमा मुलुकको सामाजिक, सांस्कृतिक र आर्थिक सन्दर्भ, भौगोलिक, जनसाङ्खिक र शासकीय स्वरूपको प्रभाव रहने भएकालेयसपालिकाकोशिक्षा क्षेत्रकोयोजना निर्माणका क्रममा यी सन्दर्भहरूको सामान्य समीक्षा गरिएको छ ।

### १.२.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भ

नेपाल सामाजिक तथा संस्कृतिक विविधतायुक्त देश हो । विभिन्न जातजाति, क्षेत्र, समुदायका फरकफरक सामाजिक तथा सांस्कृतिक परम्परा, रीतिरिवाज तथा प्रचलनहरू रहेका छन् । भाषिक दृष्टिले पनि नेपाल बहुभाषी देश हो, नेपालमा १२३ भाषा/भाषिका पहिचान गरिएको छ । यस्तो सामाजिक, सांस्कृतिक तथा भाषिक विविधताले नेपालको पहिचान स्थापित गर्नुका साथै आ-आफ्नो संस्कृति तथा भाषाप्रति र समग्रतामा यस्तो विविधताप्रति सबै समुदायले गौरव गर्ने गर्दछन्। अर्कोतिर नेपालमा भाषिक, जातजातिगत, क्षेत्रगत आधारमा परम्परादेखि सिर्जित भिन्नताले विभेद तथा बञ्चितीकरणमा परी विकासका अवसरहरूबाट बञ्चित भएका र सुविधाविहिन हुन पुगेका व्यक्ति तथा समुदाय पनि रहेका छन्। खास गरी जातजातीय, भाषिक तथा लैङ्गिक आधारमा हुने भिन्नता तथा बञ्चितीकरणलाई न्यूनीकरण गर्ने विभिन्न प्रयासहरू भई केही सकारात्मक उपलब्धिहरू पनि प्राप्त भएका छन् तापनि सुधार गर्नुपर्ने पक्षहरू थुप्रै छन् ।यस्ता विभेदहरू हटाउन तत् सम्बन्धीविभिन्न कानुनहरू बनाइएका रलक्षितविकास कार्यक्रमहरू सञ्चालन गरिएका छन् भने राजनीतिक, प्रशासनिक तथा केही रोजगारीका क्षेत्रमा आरक्षणा तथा विशेष प्रबन्ध पनि गरिएको छ । यसो हुँदाहुँदै पनि कतिपय सामाजिक व्यवहार परिवर्तन हुन नसक्दा कतिपय स्थान तथा समुदायमा यस्ता भिन्नता पूर्ण रूपमा हट्न सकेका छैनन्।यस्तो अवस्थामा एकातिर विविधतालाई सम्मान गर्ने दृष्टिकोण सहितका शैक्षिक नीति तथा कार्यक्रमहरू आवश्यक हुन्छन् भने अर्कोतिर सबैलाई समावेश गर्ने, समता अभिवृद्धि गर्ने, विभेदरहितताको वातावरण सृजना गर्ने र आवश्यकतानुसार थप तथा विशेष प्रबन्ध गरी समता र समावेशिता अभिवृद्धि गर्ने आवश्यकतालाई योजना निर्माणमा विशेष ध्यन दिनु जरुरी छ ।यसबाट सामाजिक सद्भाव, सहयोग र सहकार्यको संस्कृति विकास गरी समता अभिवृद्धिमा योगदान हुने छ । त्यसैगरी सामाजिक तथा सांस्कृतिक परम्परा तथा रीतिरिवाजका नाममा हुने विभिन्न विभेद, अन्याय, बञ्चितीकरण तथा अन्धविश्वास र हानीकारक अभ्यासप्रतिको सचेतताको विकास गर्नु पनि उत्ति कै आवश्यक छ ।

### १.२.२ आर्थिक सामाजिक सन्दर्भ

**आर्थिक गतिविधिहरुः**

नेपाल न्यून आय भएको मुलुकबाट मध्यम आय भएको मुलुकमा प्रवेश गर्ने तयारीमा छ । विगत केही दशकदेखि नेपालले औसत आर्थिक वृद्धिदरमा राम्रै उपलब्धि हासिल गरेको छ । सन् २०१५ को भुकम्पका कारण सन् २०१५/१६ (०.८ प्रतिशत)र बिगतको कोभिड–१९ का कारणलेसन् २०१९/२० को आर्थिक वृद्धिदर न्यून(२.३ प्रतिशत)रहन जाँदा विगत १० वर्षको औसत आर्थिक वृद्धिदर ४.६ प्रतिशत रहेको छ । भुकम्पपछिको वर्ष २०१६/१७ मा आर्थिक वृद्धिदर ८.२ प्रतिशत पुगेको थियो भने त्यसपछिका दुई वर्ष पनि आर्थिक वृद्धिदर ७ प्रतिशतको हाराहारीमा रही

तुलनात्मक रूपमा राम्रो रहेको थियो । विगत १० वर्षको औसत मूल्य वृद्धि ६ प्रतिशतको हाराहारीमा रहेको छ ।

नेपालको सन् २०१९ को प्रतिव्यक्ति कुल राष्ट्रिय आय १०८०अमेरिकी डलरका आधारमा विश्व बैकको वर्गीकरणअनुसार न्यून आय भएको मुलुकबाट न्यून–मध्यम आय भएको मुलुकमा प्रवेश गर्ने आधार पुरा भएको छ । सन् २०१९ को राष्ट्रिय कुल गार्हस्थ उत्पादन (GDP) सन् २००९/१० को भन्दा करिब तीन गुणाले वृद्धि भई रु.३७६७अरब रहेको छ भने यसअनुसार प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन रु.१.२६ लाख हुन आउँदछ ।

सङ्घीय स्तरमा मध्यकालिन खर्च संरचना(MTEF)मा प्रक्षेपण गरिएअनुसार आगामी तीन वर्षको वृद्धिदर तथा राष्ट्रिय कुल गार्हस्थ उत्पादनको प्रक्षेपण निम्नअनुसार रहेको छः

**तालिका १.१: मध्यकालिन खर्च संरचना प्रक्षेपण (सन् २०२०/२०२३)**

| | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | MTEF 2020/2023 (प्रक्षेपण) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | 2020/21 | 2021/22 | 2022/23 |
| कुल गार्हस्थउत्पादन (हालको मूल्य रु. अरबमा) | २,२५३.२ | २,६७४.५ | ३,०४४.९ | ३,४५८.८ | ३,७६७.० | ४,३१२.९ | ५,०२४.३ | ५,८३७.० |
| % आर्थिक वृद्धि | ०.६ | ८.२ | ६.७ | ७.० | २.३ | ७.० | ९.९ | ९.६ |
| % मूल्य वृद्धि | ५.२ | ९.७ | ६.७ | ६.२ | ६.५ | ७.० | ६.० | ६.० |
| प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (रु.) | ७९,५०० | ९३,१०० | १०४,६०० | ११७,३०० | १२६,००० | १४२,००० | १६३,४०० | १८७,६०० |
| % प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादनमा वृद्धि (स्थिर मूल्यमा) | -०.८ | ६.८ | ५.३ | ५.६ | ०.९ | ५.३ | ८.६ | ८.३ |

*स्रोतः : NPC, 2020a.*

यो प्रक्षेपण कोभिडको माहामरीले रोजगारी र उत्पादनमा आएको ह्रासलाई गति लिन लाग्ने समयलाई विचार गर्दायसमा प्रक्षेपण गरिएको आगामी तीन वर्षको आर्थिक वृद्धिदर महत्त्वाकांक्षी देखिन्छ । राष्ट्रिय कुल गार्हस्थ उत्पादन (GDP) करिब २५ प्रतिशत वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणमा आधारित भएको तर कोभिड–१९ का कारण वैदेशिक रोजगारीमा कमी आउन सक्ने आकलन छ भने नेपालमा पनि विभिन्न पर्यटनलगायत क्षेत्रमा अपेक्षित गतिमा आर्थिक वृद्धि हुन सक्नेमा विश्वस्त हुने आधार नभएकाले यो प्रक्षेपणलाई कोभिड पछिको अवस्थाको विश्लेषणका आधारमा पुनरालवलोकन गर्नु पर्ने देखिन्छ ।

सरकारको आम्दानी र खर्चको अन्तर यो वर्ष ६.५ प्रतिशत रहेको छ भने आगामी तीन वर्षका लागि ९ देखि १० प्रतिशतको अन्तर प्रक्षेपण गरिएको छ ।यस वर्ष कर तथा गैरकर राजस्व कुल गार्हस्थ उत्पादनको २२ प्रतिशत रहेकोमा आगामी तीन वर्षका लागि यो प्रतिशत क्रमशः २३.५ २४.१ र २४.५ प्रक्षेपण गरिएको छ । त्यसै गरी यस वर्ष कुल खर्च कुल गार्हस्थ उत्पादनको २८.५ प्रतिशत रहेकोमा आगामी तीन वर्षका लागि यो प्रतिशत क्रमशः ३४.२ ३३.८ र ३३.५ प्रक्षेपण गरिएको छ(NPC, 2020a) ।

उल्लिखित समग्र आर्थिक परिसूचकको अवस्थाका साथसाथै यसको वितरण हेर्ने हो भने विभिन्न असमानता पाइन्छन् । यसमा प्रदेशगत असमानता उल्लेख्य रहेको छ। उदाहरणका लागि वागमती प्रदेशमा जनसङ्ख्या (२०.९%) को अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत निकै उच्च छ (३५.८%) भने मधेशप्रदेशमा जनसङ्ख्या (२०.४%) को अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत निकै न्यून छ (१३.८%) । अरु पाँचओटै प्रदेशहरूमा जनसङ्ख्याको अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत कम रहे पनि मधेशप्रदेशको तुलनामा फरक भने कम रहेको छ । यसमा पनि गण्डकी प्रदेश र कोशीप्रदेशमा यो भिन्नता अन्य तीन प्रदेशको तुलनामा कम रहेको छ । त्यसै गरी धनी र गरिबबिचको आयमा रहेको ठूलो भिन्नताले उच्च आय हुने माथिल्लो १०% सँग ४०% को हाराहारीमा र न्यून आय हुने तल्लो ५०% सँग करिब २०% मात्र आम्दानी रहेको पुष्टि गर्दछ (https://wid.world/country/nepal/ ।

माथि उल्लेख गरी झैँयस पालिकाको समग्रआर्थिकगतिबिधि र सोका परिसूचकहरुलाई बिश्लेषण गर्दाकम आय भएको मुलुकबाट नेपाललाई मध्यम आय भएको राष्ट्रमा पुर्‍याउँने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन रामनगरगाउँपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई अगाडि बढाएको छ। यहाँका मानिसहरुको आर्थिक स्तर माथि उकास्न उन्नत जातको पशुपालन, बीउ विजन, व्यवसायिक खेती, व्यापार, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रमसञ्चालन गर्दै आएकोछ। यसका अलावा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ भने महामारीको रुपमा फैलिएको कोभिड-१९ ले समग्र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ।

### क) प्रमुखखेती र उपयोग

| क्र.स. | वालीको प्रकार | वालीहरु |
|---|---|---|
| १ | खाद्यन्न बाली | धान, गहुँ, मकै, कोदो, जौ |
| २ | प्रमुख नगदे बाली | तेलबाली, आलु, उखु, जुट |
| ३ | दलहन | मसुरो, चना, रहर, मास, खेसरी, गहत र भटमास आदी |
|  | तेलहन | तोरी, सरसिउ, रायो, सूर्यमुखी, तील, बदाम, आलस, झुसेतील |

| | | |
|---|---|---|
| ४ | तरकारी | गोलभेडा, फर्सी, घिरौला, लौका, सिमी, बोडी, भान्टा, भिंडी, करेला, मुला, रायो, चम्सुर, |
| ५ | फलफुल | आँप, केरा, अम्बा, मेवा, कटहर, भुईकटहर, लिची |
| ६ | मसला बाली | अदुवा, लसुन, वेसार, खुर्सानी |

### ख) पशुपालन

रामनगर गाउँपालिकामा कृषिपरक जीवनशैलीको महत्वपूर्ण हिस्सा पशुपालन हो। ग्रामीण अर्थतन्त्रमा पशुपालनले धेरै आय, रोजगार, र पोषण सम्बन्धी फाइदा पुर्याउँछ। यहाँ पशुपालनका विभिन्न पक्षहरू यसप्रकार छन्ः

#### १. पशुपालनको महत्व

- आर्थिक योगदान: पशुपालनले घरेलु आयको स्रोतः को रूपमा काम गर्छ, जसबाट ग्रामीण परिवारहरूको जीविकोपार्जनमा सहयोग पुग्छ।
- दुग्ध तथा मांस उत्पादन: गाई, भैंसी, तथा अन्य पशुहरूद्वारा दुध, मांस, र अन्य उत्पादनहरू उपलब्ध गराइन्छ, जसले पोषण र बजार आपूर्तिमा मद्दत पुर्याउँछ।
- रोजगार सृजना: पशुपालनले घरेलु स्तरदेखि लिएर स्थानीय उद्योगसम्म रोजगारीका अवसरहरू सिर्जना गर्दछ।

#### २. पशुपालनका प्रमुख प्रकारहरू

- **दुध दिने पशु:** गाई, भैंसी जसबाट दुग्ध उत्पादन गरिन्छ।
- **मांस उत्पादनका पशु:** भेडा, बाख्रा, तथा अन्य मांस उत्पादनमा संलग्न पशुहरू।
- **कुखुरा पालन:** अण्डा र मांस उत्पादनका लागि कुखुरा पालन गरिन्छ।
- **अन्य पशुपालन:** साना पशु तथा स्थानीय परम्परागत पशुपालन विधिहरू, जस्तै, बगुला पालन, आदि।

### ग) पर्यटन

यस गाउँपालिका अन्तर्गत वडा नं. ३ मा गढिमाई मन्दिरको स्थापना २०६६ सालमा भएको र हरेक पाँच वर्षमा गढिमाइ मेला लाग्ने गरेको र यस गा.पा. अन्तर्गत थुप्रै मठ मन्दिर महादेव मन्दिर तथा रामजानकी मन्दिर रहेको छ

## १.२.३राजनीतिक तथा प्रशासनिक बिभाजन र समानुपातिक विकास

| वडा | जम्मा जनसंख्या | जम्मा घरधुरी | उपलब्ध प्रमुख सेवाहारू | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा | खानेपानी | बिधुत | यातायात | शिक्षा |
| १ | ७८५१ | १४४७ | स्वास्थ्य सेवा | खानेपानी | बिधुत | यातायात | शिक्षा |
| २ | ५५९६ | ८१३ | स्वास्थ्य सेवा | खानेपानी | बिधुत | यातायात | शिक्षा |
| ३ | २५३२ | ४९५ | स्वास्थ्य सेवा | खानेपानी | बिधुत | यातायात | शिक्षा |
| ४ | ४४८४ | ७४५ | स्वास्थ्य सेवा | खानेपानी | बिधुत | यातायात | शिक्षा |
| ५ | २२६४ | ३९६ | स्वास्थ्य सेवा | खानेपानी | बिधुत | यातायात | शिक्षा |
| ६ | ४७४८ | ८११ | स्वास्थ्य सेवा | खानेपानी | बिधुत | यातायात | शिक्षा |
| ७ | ३८९१ | ६७० | स्वास्थ्य सेवा | खानेपानी | बिधुत | यातायात | शिक्षा |

## १.२.३भौगोलिक तथा जनसाङ्खिक स्वरूप(Geographical Background and Demographic Characteristics/Structure)

### १.२.३.१भौगोलिक पृष्ठभूमि (Geographical Background)

यो रामनगर गाउँपालिका सर्लाही जिल्लाको दक्षिण पश्चिम क्षेत्रमा अवस्थित छ । यस गाउँपालिका नेपाल सरकारको वि.सं. २०७३ फागुन २७ को नेपालको पुनर्संरचनाको निर्णय अनुसार साविक ४ वटा गाउँ विकास समितिलाई समेटेर स्थापना गरिएको छ। यस गाउँपालिकाको केन्द्र साविक रामनगर बहुअर्वा गा.वि.स.को केन्द्रलाई कायम गरिएको छ। यस गाउँपालिका अन्तर्गत समेटिएका ४ गा.वि.स.हरु छन्। खैर्वा, बहुअर्वा, सिसौट र गडहियाँ। यस गाउँपालिकामा जम्मा ७ वटा वडाहरु कायम गरिएको छ।नेपालमा २०५२ देखि २०६२/६३ सम्म चलेको द्वन्द्व पश्चात वि.सं. २०७० को संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान (२०७२) जारी भई संघ, प्रदेश र स्थानीय तहको कानुनी तथा व्यवस्थापकीय संरचना अनुरुप स्थानीय तहको निर्वाचन २०७४ सँगै रामनगरगाउँपालिकामा पनि निर्वाचित स्थानीय सरकार गठन भएको हो। यो पालिकाले यस अवधिमा शैक्षिक, भौतिक, प्रशासनिक तथा व्यवस्थापकीय क्षेत्रमा केही प्रगति हासिल गरेको छ।

### १.२.३.२ भौगोलिक अवस्था

रामनगर गाउँपालिकाको कूल क्षेत्रफल २६.४३ वर्ग किलोमिटर छ। यो पालिकाको सिमानाको उत्तरमा धनकौल गाउँपालिका, दक्षिणमा बलरा नगरपालिका, पूर्वमा गोडैता गाउँपालिका र पस्चिममा दुर्गा भगवती गाउँपालिका रहेको छ। यसलाई प्रशासनिक रुपमा ७ वटा वडाहरुमा विभाजन गरीएको छ। यहाँको भूस्वरुप तराई क्षेत्र अन्तरगत पर्दछभने २६.८४ अक्षांश र ८५.३७देशान्तरमा रहेको छ। यहाँको हावापानी समशितोष्ण खालको छ भने उत्तरी भागमा सामान्य मौसम र दक्षिणी भेगमा गर्मी हुने गर्दछ।

### १.२.३.३ हावापानी

रामनगर  गाउँपालिका, सर्लाहीको हावापानी (जलवायु) तराई क्षेत्रमा पर्ने भएकाले समशीतोष्णदेखि उष्ण हावापानी पाइन्छ। यहाँको मौसम वर्षभरि तल-माथि हुने गर्दछ।

**मौसम अनुसार हावापानीः**

- गर्मी (असोज — चैत)

  **तापक्रमः** ३०°-४०°C सम्म पुग्न सक्छ।

  गर्मीयाममा उच्च तापक्रम हुने र कहिलेकाहीँ लू चल्ने गर्दछ।

- **वर्षा (भदौ — असार)**

  **सरदर वार्षिक वर्षाः** १५००-२००० मि.मि।

  मनसुनको समयमा भारी वर्षा हुने हुँदा बाढीको सम्भावना रहन्छ।

- **जाडो फा — कार्तिक)गुन(**

  **तापक्रमः** ५°-१५°C सम्म झर्न सक्छ।

  बिहान बेलुकी चिसो हावा चल्ने तथा कुहिरो लाग्ने गर्छ।

### १.२.३.४ प्राकृतिक बिपत र तिनको सम्भावना

नदि कटान, बाढी, डुबान, डढेलो आदि जस्ता वातावरणीय र प्राकृतिक प्रकोपबाट प्रभावित क्षेत्रहरु संवेदनशील क्षेत्रहरु अन्तर्गत रहने छन् । वडा नं १ पश्चिमको बागमती नदी किनारको क्षेत्र, वडा नं १ को दक्षिण पश्चिमको बागमती नदि किनारको क्षेत्र, वडा नं१,२ र ३ नदिको आसपासको बाढी र डुबान प्रभावित क्षेत्रहरु जोखिम संवेदनशील क्षेत्रको रुपमा रहेका छन् र यस्ता क्षेत्रहरुमा वस्ती तथा आवासको विकासलाई निषेध गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

### १.२.३.५ प्राकृतिक स्रोतः एवं विशेषता

रामनगर  गाउँपालिकामा बहने प्रमुख जलस्रोतः निम्न छन्:

(क) नदीहरू

1. बागमती नदी
   - रामनगर  गाउँपालिकाको पश्चिमी भागमा भएर बग्छ।
   - यो नदी सिँचाइ, माछापालन, तथा धार्मिक कार्यहरूका लागि महत्त्वपूर्ण छ।

2. मनुसमारा नदी

   ○ मनुसमारा नदी पनि पालिकाको पश्चिमी किनार भएर बग्दछ।

(ख) पोखरीहरू र सिमसार क्षेत्र

- रामनगर गाउँपालिकामा कृत्रिम तथा प्राकृतिक पोखरीहरू प्रशस्त छन्।
- पोखरीहरूमा माछापालन तथा धार्मिक तथा सांस्कृतिक कार्यहरू (जस्तै छठ पर्व) मनाइन्छ।
- केही पोखरी तथा दलदली क्षेत्रहरू सिमसारका रूपमा रहेको पाइन्छ, जसले जैविक विविधतालाई समर्थन गर्छ।

## १.२.४पूर्वधार र विकास

### क) स्वास्थ्य सेवा

यस रामनगर गाउँपालिकामा हरेक वडामा आधारभूत स्वास्थ्य सेवा पहुच रहेको छ, र बिर्थिंग सेन्टर पनि संचालनमा रहेको छ ।

### ख) खानेपानी

यस रामनगर गाउँपालिकामा ४६९२ घरधुरीको खानेपानीको प्रमुख श्रोत चपाकाल ,५२३ जना घर भित्र धारको पानि, ११९ जना घर बाहिर रहेको धारको पानि, र ४३ घरधुरी इनार लागायत अन्य श्रोतको खानेपानि प्रयोग गरिन्छ ।

### ग)विधुत

रामनगर गाउँपालिकाको हरेक वडामा बिधुतको पहुच पुगीसकेको अवस्था छ ।यस पालिकाको जम्मा घरधुरी ५३७७ मध्ये ५१९२ बिधुत,६६सोलार,१०३ मट्टी तेल,७ बायोग्यास र ९ जना अन्य बिधुतको श्रोत प्रयोग गरिन्छ ।

### घ)यातायत/हवाई मार्ग

रामनगर गाउँपालिका स्थलमार्ग संग जोडिएको गाउँपालिका हो।यहाँ बाट जिल्लाका सदरमुक्काम सम्म स्थलमार्ग र पूर्व-पश्चिम राजमार्ग सम्म पनि स्थलमार्गले जोडिएको छ।रामनगर गाउँपालिका बाट नजिकको बिमानस्थल जनकपुरधाम स्थित जनकपुर बिमानस्थल र बारा जिल्लाको सिमरा बिमानस्थल हो ।

### ङ) सूचना/संचार/हुलाक/पत्रपत्रिका, इन्टरनेट सेवा

यस गाउँपालिकामा राष्ट्रिय दैनिक तथा स्थानीय पत्रपत्रिका , रेडियो लगायत नसेल , नेपाल टेलिकम र निजि इन्टरनेट प्रदायक कम्पनीले इन्टरनेट सेवा प्रदान गर्दै आएको छ ।

### ङ) बैंकिंग सेवा

एक बैंक एक नगरको कार्यक्रमले यस पालिकामा पनि नेपाल राष्ट्र बैंकको मान्यता प्राप्त बैंक तथा सहकारी संस्थाहरुले बैंकिंग सेवा प्रदान गर्दै आएको छ ।

## १.२.५ऐतिहासिक पृष्ठभूमि (Hisorical Background)

क)ऐतिहासिक अवस्था

रामनगर गाउँपालिका,सर्लाही जिल्लामा जाति, समुदाय र धर्मका विभिन्न मानिसहरू बसोबास गर्छन्। प्रमुख जातिहरूमा यादव,मल्लाह,तेली,तत्मा,चमार,मुसलमान,भूमिहार,ब्राह्मण/तराई, केरी र धोबी आदि रहेका छन्। यहाँका मानिसहरू समाजमा एकता र सद्भावना कायम राख्छन्। पारिवारिक संरचना प्रायः विस्तारित परिवारको हुन्छ, जसमा बुवा, आमा, छोराछोरी, हजुरबुवा-हजुरआमाहरू र अन्य सदस्य एकै स्थानमा बस्छन्।

रामनगर गाउँपालिका सांस्कृतिक दृष्टिले विविध छ। यहाँ हिन्दू धर्म प्रमुख छ, र दशैं, तिहार, होली, छठ जस्ता चाडपर्वहरू मनाइन्छ। थारु समुदायका लोक गीत र नृत्य यहाँ प्रचलित छन्, जसमा ढिंच्याक नृत्य, कजरी र थारु नृत्य विशेष रूपमा देखिन्छ।

यहाँको प्रमुख भाषा बज्जिका हो। समुदायका चाडपर्व र मेलामा मौखिक संवाद र आपसी सहकार्य प्रचलित छ, जसले सामाजिक एकता कायम राख्छ।रामनगर गाउँपालिका क्षेत्रका मानिसहरूले हस्तकला, माटोका भाँडाकुसी, काठको काम र अन्य शिल्पकला बनाउँछन्। संगीत र नृत्य, विशेष गरी ढिंच्याक नृत्य र थारु नृत्य, यहाँका सांस्कृतिक कार्यक्रमहरूको अभिन्न हिस्सा हुन्।

विवाह संस्कार रामनगरको ठूलो सांस्कृतिक परम्परा हो, जसमा हिन्दू परम्परागत रीतिरिवाज पालना गरिन्छ। जन्म, नामकरण, मुन्डन र हवन पूजा जस्ता संस्कारहरू प्रचलित छन्, र छठ पूजा पोखरी किनारमा सूर्य देवताको पूजा गरेर मनाइन्छ।

ख) चाडपर्व/जात्रा र अन्य संस्कृतिहरू

रामनगर गाउँपालिका, सर्लाही जिल्लामा चाडपर्व, जात्रा र सांस्कृतिक परम्पराहरू महत्वपूर्ण स्थान राख्छन्। यहाँका स्थानीय समुदायहरूले विभिन्न हिन्दू र धार्मिक चाडपर्वहरूको उल्लासपूर्ण रूपमा पालन गर्छन्।

**१. प्रमुख चाडपर्वहरू**

- **दशैं**: दशैं नेपालको सबैभन्दा ठूलो र महत्वपूर्ण चाड हो, जसमा रामनगर गाउँपालिकाक्षेत्रका मानिसहरू विशेष उत्साह र श्रद्धाका साथ पूजाआजा र धार्मिक अनुष्ठान गर्निन्छ।
- **तिहार**: दीपावलीको पर्व, जसमा घरघरमा दीप जलाएर, लक्ष्मी पूजन, र भाई टीका गर्निन्छ।
- **छठ पर्व**: विशेष गरी तराई क्षेत्रका मानिसहरूको महत्वपूर्ण पर्व हो, जसमा सूर्य देवताको पूजा गरिन्छ। **पोखरी किनारमा छठ पूजा** खासगरी मनाइन्छ।
- **माघे संक्रान्ति**: माघे संक्रान्तिमा नयाँ अन्नको स्वागत र तिनका चाडहरू मनाइन्छ।
- **होली**: रंगहरूको पर्व होली पनि गाउँपालिका हर्षोल्लासका साथ मनाइन्छ।

२. जात्रा र सांस्कृतिक उत्सवहरू

- **सार्वजनिक जात्रा**: गाउँपालिका विशेष जात्रा र मेला आयोजित हुने गर्छन्, जसमा धार्मिक र सांस्कृतिक गतिविधिहरूको सहभागिता हुन्छ।
    - **महाशिवरात्रि**: महाशिवरात्रिको अवसरमा शिव मन्दिरमा विशेष पूजा र रातभरि जागरण गरिन्छ।

३. अन्य सांस्कृतिक परम्पराहरू

- **शादी र संस्कार**: रामनगर गाउँपालिका क्षेत्रमा **विवाह संस्कार**, **दाह संस्कार** र अन्य हिन्दू धार्मिक संस्कारहरू परम्परागत र सांस्कृतिक विधिले गरिन्छ।
- **लोक संगीत र नाच**: यहाँका स्थानिय लोक संगीत, **ढिंच्याक**, **कजरी**, **थारु नृत्य** आदि सांस्कृतिक नृत्य र गीतहरू लोकप्रिय छन्।

ग)प्रमुख जातजाती, जनजातिहरू, पिछडाबर्ग.

तालिका : प्रमुख जातजातीहरू

| जातजाती | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
|---|---|---|
| यादव | ९३७१ | २९.९ |
| मल्लाह | २९२५ | ९.३ |
| तेली | २४५० | ७.८० |
| तत्मा | १९६२ | ६.३ |
| चमार | १७५३ | ५.६ |
| मुसलमान | १२३१ | ३.९ |
| भूमिहार | १२१० | ३.९ |
| ब्राह्मण/तराई | ९८५ | ३.१ |
| कुर्मी | ९६६ | ३.१ |

स्रोतः

**तालिका : भाषागत जनसंख्या**

| भाषा | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
|---|---|---|
| बज्जिका | २९४९८ | ९४ |
| मैथली | १५१९ | ४.८ |

| | | |
|---|---|---|
| मगही | २३५ | ०.७ |

स्रोतः

## तालिका : प्रमुख धर्मावली अनुसारको जनसंख्या

| धर्म | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
|---|---|---|
| हिन्दु | ३००८१ | ९५.९ |
| मुसलमान | १२८४ | ४.१ |

स्रोतः

## तालिका : २०७८ मा कुल जनसंख्या

| वार्ड | जम्माजनसङ्ख्या | | |
|---|---|---|---|
| | महिला | पुरूष | जम्मा |
| १ | ३७५३ | ४०९८ | ७८५१ |
| २ | २७२६ | २८७० | ५५९६ |
| ३ | १२३४ | १२९८ | २५३२ |
| ४ | २१२७ | २३५७ | ४४८४ |
| ५ | ११०१ | ११६३ | २२६४ |
| ६ | २३०९ | २४३९ | ४७४८ |
| ७ | १८६६ | २०२५ | ३८९१ |

*स्रोतः*

## तालिका : २०७८ र २०८७ सम्मको प्रक्षेपितबिद्यालयर अन्यउमेर समुहको जनसंख्या (जम्मामा)

| उमेर समूह | २०७८ को जनगणना | प्रक्षेपित जनसंख्या (जम्मामा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
| ३ | 880 | 895 | 902 | 910 | 918 | 925 | 933 | 941 | 949 |
| ४ | 810 | 824 | 831 | 838 | 845 | 852 | 859 | 866 | 873 |
| ५ | 881 | 896 | 903 | 911 | 919 | 926 | 934 | 942 | 950 |
| ५-९ | 3932 | 3,998 | 4,032 | 4,066 | 4,100 | 4,134 | 4,169 | 4,204 | 4,240 |
| १०-१२ | 2,636 | 2,681 | 2,703 | 2,726 | 2,748 | 2,772 | 2,795 | 2,819 | 2,842 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५-१२ | 6,568 | 6,679 | 6,735 | 6,792 | 6,848 | 6,906 | 6,964 | 7,023 | 7,082 |
| १३-१४ | 1,366 | 1,389 | 1,400 | 1,413 | 1,425 | 1,436 | 1,448 | 1,461 | 1,473 |
| १५-१६ | 1,420 | 1,444 | 1,456 | 1,468 | 1,481 | 1,493 | 1,506 | 1,518 | 1,531 |
| १३-१६ | 2,786 | 2,833 | 2,856 | 2,881 | 2,906 | 2,929 | 2,954 | 2,979 | 3,004 |
| ५+ | 27,668 | 28,135 | 28,371 | 28,609 | 28,850 | 29,092 | 29,336 | 29,583 | 29,831 |
| १५-२४ | 5,838 | 5,936 | 5,986 | 6,037 | 6,087 | 6,138 | 6,190 | 6,242 | 6,294 |
| १५+ | 19,734 | 28,135 | 28,371 | 28,609 | 28,850 | 29,092 | 29,336 | 29,583 | 29,831 |

**ज) जनसङ्ख्याप्रबृत्ति (बसाईसराई र यसको प्रभाव)**

कुल क्षेत्रफल १,४७,५१६ वर्ग किलोमिटर रहेको भूपरिवेष्ठित नेपालको भूगोल र हावापानीमा विविधता छ । पूर्व–पश्चिमको औसत लम्बाइ करिब ८८५ किमि र उत्तर–दक्षिणको चौडाइ करिब १४५ देखि २४१ किमि रहेको छ भने उत्तरतिरबाट क्रमशः दक्षिणतिर पूर्वदेखि पश्चिमसम्म फैलिएका तीन भौगोलिक क्षेत्र हिमाल, पहाड र तराई रहेका छन्। यी तीन भौगोलिक क्षेत्रमध्ये हिमाल, पहाड र तराईमा क्रमशः १५, ६८ र १७ प्रतिशत जति भूभाग रहेको छ भने जनसङ्ख्या क्रमशः ६.७३,४३ र ५०.२७ प्रतिशत रहेको छ । हिमाल र पहाडबाट तराई तथा सहरी क्षेत्रमा बसोबास गर्ने प्रवृत्ति बढिरहेले पालता बस्ती भएका हिमाली र पहाडी क्षेत्र झन पातलिदै गएका छन् भने तराई तथा सहरी क्षेत्रमा जनघनत्व बढिरहेको छ । भौगोलिक स्वरूप र हावापानीमा भिन्न रहेका यी तीन क्षेत्रमध्ये हिमाली क्षेत्रमा ज्यादै चिसो हुने र कतिपय स्थानमा हिउँसमेत पर्ने भएकाले यस्ता स्थानमा यो अवधिमा जनजीवन ठप्प हुने गर्दछ । तराईको समथर भूभागमा भने गर्मि समयमा ४४° सेल्सियससम्म तापक्रम पुगी अत्यधिक गर्मि हुने गर्दछ । अधिकांश पहाडी क्षेत्रमा भने मध्यम तापक्रम हुने गर्दछ । हिमाली र पहाडी क्षेत्रमा कठिन भूबनोटका कारणले यातायात, सञ्चारलगायतका विकास तथा जनजीवनमा थप जटिलता उत्पन्न हुने गर्दछ । नेपालको संविधान बमोजिमका सात प्रदेशहरूमा एक वा एकभन्दा बढी भौगोलिक क्षेत्रका भूभागहरू समावेश गरिएको छ । उदाहरणका लागि प्रदेश २ मा तराई क्षेत्रमात्र पर्दछ, गण्डकी प्रदेशमा पहाड र हिमाल पर्दछन्,लुम्बिनी प्रदेशमा तराई र पहाड रहेका छन् भने बाँकी चार प्रदेशमा तराई, पहाड र हिमाल तीनओटै क्षेत्र समावेश भएका छन् ।

जनसाङ्खिक बनोटको कुरा गर्दा सन् २०११ को जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या २.६५ करोडको हाराहारीमा र जनसङ्ख्या वृद्धिदर १.३ प्रतिशत प्रतिवर्ष रहेको छ । यो जनसङ्ख्या वृद्धिदरका आधारमा प्रक्षेपण गर्दा नेपालको अहिलेको जनसङ्ख्या करिब ३ करोड हुन आउँछ ।यसमा महिलाको जनसङ्ख्या करिब ५१.५ प्रतिशत रही पुरुषको भन्दा करिब ३ प्रतिशतले बढी रहेको छ । विभिन्न उमेर समूहमा जनसङ्ख्याको वितरण निम्नअनुसार रहेको छ ।

उल्लिखित तालिकाअनुसार ४ देखि १६ वर्षको विद्यालय उमेरमा करिब ३२.५ प्रतिशत जनसङ्ख्या रहेको छ भने ४ वर्य मुनीको जनसङ्ख्या करिब ७.५ प्रतिशत र ६५ वर्ष भन्दा बढी उमेरको जनसङ्ख्या करिब ४.३ प्रतिशत रही बाँकी करिब ५५.७ प्रतिशत जनसङ्ख्या मात्र आर्थिक रूपले सक्रिय हुनसक्ने १७ देखि ६० वर्षमा रहेको छ । प्रदेशगत रूपमा जनसङ्ख्याको वितरणा हेर्दा नेपालको कुल जनसङ्ख्याको प्रदेश १ मा १७.१ प्रतिशत, २ मा २०.४ प्रतिशत, वागमतीमा २०.९ प्रतिशत, गण्डकीमा ९.१ प्रतिशत, लुम्बिनीमा १७.० प्रतिशत, कर्णालीमा ५.९ प्रतिशत र सुदूरपश्चिममा ९.६ प्रतिशत जनसङ्ख्या रहेको छ ।

हालको जनसङ्ख्या वृद्धिदरका आधारमा वार्षिक रूपमा वृद्धि हुने विद्यालय उमेरका बालबालिकाको सङ्ख्यालाई विचार गरेर शैक्षिक योजना विकास गर्नु आवश्यक छ भने भौगोलिक बनावट र जनसाङ्खिक स्वरूपले शिक्षालगायत विकास कार्यमा प्रभाव पार्ने भएकाले यसलाई योजना निर्माणको क्रममा एउटा महत्त्वपूर्ण सन्दर्भका रूपमा लिने गरिन्छ ।

## १.२पालिकाको शैक्षिक सन्दर्भ

## १.२.१ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा

नेपाल एक वहुभाषिक, बहुजातीय, बहुधार्मिक (सहिष्णुता), विविध भौगोलिक अवस्थाले युक्ते एक लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो । यहाँको शिक्षा प्रणालीमा परम्परादेखि विद्यमान माथि उल्लेखित पक्षले प्रत्यक्ष एव परोक्षरुपमा प्रभाव पार्दै समय सापेक्ष रुपका राजनैतिक एवं सामाजिक घटनाले परिवर्तन एवं परिमार्जन गरेको पाईन्छ ।०६३ को राजनैतिक आमूल परिवर्तन पश्चात वर्तमान अवस्थाको नेपालको शिक्षाको परिभाषा दिन त्यति सजिलो छैन । तापनि मुलुकको राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक, साँंस्कृतिक अवस्था लगायत यहाँ वसोवास गर्ने विविध जातजातिको अवस्था, आवश्यकता र चाहनालाई मध्यनजर गर्दा नेपालको शिक्षा भन्नाले अनिवार्य एवं निःशुल्क प्राथमिक शिक्षा, सवै तहमा दिगो, प्रभावकारी एवं गुणस्तरयुक्त व्यावहारिक शिक्षा, देशमा वढ्दो वेरोजगारी समस्यालाई मुलुक भित्रै समाधान गरी आत्मनिर्भर बनाउन सक्ने प्राविधिक एवं व्यावसायिक शिक्षामा प्राथमिकता, सवै भाषा, लिपि, संस्कृति धर्म आदिको संरक्षण, सम्वद्र्धन एवं परिमार्जन गर्दै

समाजमा सहयोगको आदान प्रदान गरी समायोजन हुनसक्ने परिपक्व नागरिकको विकास, राज्यलाई आधुनिक विश्वसंग विश्ववन्धुत्व, भाइचारा, सहयोगको आदान—प्रदान गर्न सक्ने आधुनिक वैज्ञानिक शिक्षा प्रणाली, अन्तर्राष्ट्रिय स्तरमा राज्यको छवि कायम राखी विश्वलाई सन्देश दिन सक्ने मौलिक शिक्षा प्रणाली तथा अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क बढाउनका लागि अंग्रेजी भाषा लगायत प्रमूख अन्तर्राष्ट्रिय भाषाको प्रभावकारी सिकाई व्यवस्था आदिको माध्यमबाट समतामूलक समावेसी सामाजिक व्यवस्था निर्माण गर्न सक्ने शिक्षा प्रणाली हुनुपर्दछ ।

### १.२.२नीतिगत प्रबन्ध


नेपालको संविधानले समाजवादउन्मुख राज्य प्रणालीका आधारमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य रनिःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । संविधानलेअपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कान‌ुनबमोजिम निःशुल्क शिक्षा पाउने हक र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेकोछ । गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त शिक्षाको समान अवसरलेराज्यको आर्थिक समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्ने सोच पुरा गर्न योगदान पुर्‍याउँदछ ।

शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षासम्बन्धीऐन २०७५ लेहरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले गुणस्तरीय शिक्षामा सबैको समतामूलकपहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । यसै गरी नेपाल सरकारको २५-वर्षे दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपालीसहितको समुन्नत राष्ट्र निर्माणका आधारमापन्ध्रौं आवधिक योजनाका लक्षहरू तय गरिएको छ । उल्लिखित नीति कार्यान्वयन गरी लक्ष प्राप्त गर्नका लागि शिक्षा पद्धति र शिक्षामा गरिने लगानीको स्वरूपमा आवश्यक सुधार गर्नु पर्ने हुन्छ ।

### १.२.३ शिक्षाकोसंरचनाः

Organogram...... Educational Structure in Nepal

| | | | |
|---|---|---|---|
| 17+ | | | |
| 15 - 16 | | | |




नेपालको विद्यालय क्षेत्रअन्तर्गत एक बर्षको प्रारम्भिक बालििवकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५–१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३–१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन्। यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भअन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्षहरूको सन्दर्भ उल्लेख गरिएको छ ।

## १.२.४बिद्यालय सङ्ख्या

| बिद्यालयको प्रकार | सन्चालित कक्षा अनुसारको सङ्ख्या | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | EC-ED | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या | 57 | 0 | 0 | 2 | 4 | 1 | 0 | 11 | 2 | 1 | 2 | 0 | 1 |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या | 19 | 0 | 0 | 0 | 1 | 8 | 2 | 1 | 1 | 0 | 2 | 0 | 1 |
| समुदायिक शुन्य दरबन्दी भएका बिद्यालय | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सामुदयिक बिशेष बिद्यालय | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| सामुदयिक धार्मिक बिद्यालयको सङ्ख्या | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| घुम्ती बिद्यालयहरुको सङ्ख्या | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| समाहित शिक्षा सहितका बिद्यालयहरुको सङ्ख्या | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| आवासिय सुबिधा सहितका बिद्यालयहरु | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| प्राबिधिक धार सहितका सामुदयिक बिद्यालय (कक्षा ९-१२) | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| नमूना बिद्यालय कार्यक्रम सहितका बिद्यालयहरु | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| कक्षा ११-१२ मा बिज्ञान बिषय सहितका बिद्यालयहरु (सबै प्रकारका) | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| कक्षा ११-१२ मा बिज्ञान बिषय सहितका सामुदयिक बिद्यालयहरु | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| खुल्ला बिद्यालय सङ्ख्या | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| सामुदायिक सिकाई केन्द्रहरुको सङ्ख्या | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| अनौपचारिक बैकल्पिक र प्रौढ बिद्यालय | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

## १.२.४ बिद्यार्थी सङ्ख्या र भर्नाप्रवृत्ती

### क) कक्षागत र तहगत जम्मा विद्यार्थी

| कक्षा | ECED | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विधार्थी संख्या | ८२५ | ९८४ | ८९० | १०३८ | १०८० | ११४१ | ७४१ | ५२६ | ४८२ | २८८ | ४१५ | ५३ | ७३ |

### ख) समुदायिक बिद्यालयमा कक्षागत र तहगत जम्मा विद्यार्थी

| कक्षा | ECED | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विधार्थी संख्या | ५०७ | ७५८ | ७६६ | ८३३ | ९०५ | १०१९ | ६७१ | ५०१ | ४७७ | २८८ | ४१५ | ५३ | ७३ |

### ग) समुदायिक बिद्यालयका प्रकार अनुसार कक्षागत र तहगत जम्मा विद्यार्थी

| कक्षा | | ECED | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विधालय का प्रकार | साधारण | ८२५ | ९८४ | ८९० | १०३८ | १०८० | ११४१ | ७४१ | ५२६ | ४८२ | २८८ | ४१५ | ५३ | ७३ |
| | धार्मिक | | | | | | | | | | | | | |
| | प्राविधिक | | | | | | | | | | | | | |

घ) सामुदायिक बिद्यालयमा कक्षा गत र तहगत दलित, जनजाती, बिशेष जातजाती (२२जनजाती र पालिका बाट पहिचाहन भएका अन्य जातजाती), बिशेषत क्षमता भएका(बिभिन्न अपाङ्गता भएका) जम्मा विद्यार्थी

| कक्षा | ECED | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दलित | १०७ | १६२ | १३९ | १७१ | १६८ | २१८ | १५८ | १०७ | ९५ | ५९ | ८७ | १० | ८ |

## १.२.५उल्लेख्य उपलब्धि तथा अन्तर(Gaps)

नेपालमा विगत केही दशकमा भएको शिक्षाको विस्तार उल्लेख्य रहेको छ । विद्यालय तथा विद्यार्थी सङ्ख्यामा भएको वृद्धि, कुल र खुद भर्ना दरमा भएको वृद्धिर साक्षरता दरमा भएको उल्लेख्य सुधारले शिक्षामा भएको विस्तारलाई पुष्टि गर्दछन् । सन् २०२० को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल र खुद भर्ना दर क्रमशः ८६.४ र ६७.२ प्रतिशत पुगेको छ भने आधारभूत शिक्षा (कक्षा १–५) मा यो प्रतिशत क्रमशः ११९.३ र ९७.१ रहेको छ । त्यसै गरी आधारभूत शिक्षा (कक्षा १–८)कुल र खुद भर्ना दर क्रमशः ११०.४र ९३.८ प्रतिशत रहेको छ । अर्कोतिर कक्षा १–३ मा औसत कक्षा दोहऱ्याउने दर ८ प्रतिशतको हाराहारीमा र कक्षा छाड्ने दर ४ प्रतिशतको हाराहारीमा रहेको छ । कक्षा ८ सम्मको टिकाउ दर ७९.३ प्रतिशत मात्र रहेको देखिन्छ ।यसरी भर्ना भएकामध्ये करिब २१ प्रतिशत बालबालिकाहरू कक्षा ८ सम्म पनि नपुगेका र करिब ६.२ प्रतिशत उमेर समूह ५–१२ वर्षका बालबालिकाहरू विद्यालय बाहिर रहेका हुनाले यी दुवै समूहका बालबालिकालाई कक्षा ८ सम्म टिकाउनु जरुरी छ । माध्यमिक तह (कक्षा ९–१२)मा भने कुल र खुद भर्ना दर क्रमशः ७१.४ र ४७.६ प्रतिशत मात्र रही माध्यमिक शिक्षा उमेरको ठूलो जनसङ्ख्या (५२.४ प्रतिशत) माध्यमिक तहको शिक्षाभन्दा बाहिर रहेको छ।

विद्यालय शिक्षामा सरकारको प्रत्यक्ष लगानी नभई अभिभावकबाट शुल्क लिएर सञ्चालन भएका नाफामूलक र गैरनाफामूलक गरी दुई प्रकारका संस्थागत (निजी क्षेत्रबाट सञ्चालित) विद्यालयको उपस्थिति पनि उल्लेख्य छ ।सन् २०२० को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल विद्यार्थी सङ्ख्याको ४९.८% निजी क्षेत्रबाट सञ्चालित विद्यालयमाभर्ना भएका छन् । विद्यालयहरूको सङ्ख्याका आधारमा १६.४% मात्र निजी क्षेत्रबाट सञ्चालित छन् भने सामुदायिक प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू (८३.६%) मा ५०.२%मात्र विद्यार्थी देखिन्छन् । यसका हुनाका दुई कारण छन् । पहिलो, निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूले २ देखि ४ वर्षका

कक्षाहरू चलाएका छन् भने धेरैजसो सामुदायिकले १ वर्षका कक्षा चलाएका छन् । दोस्रो, निजी क्षेत्रबाट सञ्चालित अधिकांश प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू तुलनात्मक रूपमा घना बस्ती भएका क्षेत्रमा रहेका छन् । त्यसै गरी आधारभूत (१–८) र माध्यमिक तह (९–१२) मा कुल विद्यार्थी सङ्ख्याको क्रमशः २५.७र २८.२ प्रतिशत निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा अध्ययन गर्दछन् ।

आधारभूत तहमा  लैङ्गिक समता सूचक ०.९८  पुगेको छ भने माध्यमिक तहमा सूचक समतामा पुगेको देखिन्छ। त्यसै गरी  दलित विद्यार्थीहरूको भर्ना दरमा पनि पर्याप्त सुधार भई प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत तह (कक्षा १–५) र आधारभूत तह (कक्षा १–८) मा कुल भर्नामध्ये क्रमशः १८.५, १९.५ र १८.२ प्रतिशत दलित विद्यार्थी भर्ना भएका छन् ।विभिन्न किसिमका अपाङ्गता भएका सबै बालबालिकालाई समावेशी वातावरण सिर्जना तथा आवश्यकताअनुसारको प्रबन्धसहिको सहभागिता र सिकाइका लागि समग्र विद्यालय पद्धतिको क्षमता विकास तथा अपाङ्गता मैत्री सिकाइ वातावरण निर्माणमा थप प्रयास आवश्यक छ ।

विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा गुणस्तरलाई हेर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा कक्षा ३,५ र ८ मा गरिएका परीक्षणले समग्रमा कमजोर उपलब्धि देखाएका छन् भने सोही केन्द्रद्वारा गरिएका माध्यमिक विद्यालयका कार्यसम्पादन परीक्षणहरूले अधिकांश विद्यालयको व्यस्थापकीय क्षमता, विद्यालयको भौतिक तथा शैक्षिक वातावरण, शिक्षक तयारी, कक्षाकोठाको शिक्षण सिकाइ तथा विद्यार्थीको समग्र सिकाइ उपलब्धि कमजोर रहेको देखाएका छन् ।

यसरी विद्यालय तथा विद्यार्थी भर्नामा वृद्धि तथा समताका सूचकहरूमा सुधार आए पनि सबै बालबालिकालाई विद्यालयमा ल्याई गुणस्तरीय सिकाइसहित विद्यालय तह पुरा गराउन थप प्रयास तथा सुधार आवश्यक छ । यसका लागि समग्र विद्यालय पद्धतिलाई बालमैत्री र गुणस्तर उन्मुख बनाउन विद्यालयमा पूर्वाधारसिहतको सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको विकास आवश्यक हुन्छ । त्यसै गरी विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्न उनीहरूको कुशलताप्रति चासो बढाउन विद्यालयमा आधारित स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आवद्ध गरी व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ

शिक्षाको सबै तहमा सुशासन कायम गर्न र प्रभावकारी र गुणस्तरीय सेवा प्रवाहका लागि   नेपालको संविधानअनुसार तीनै तहको सरकारको समन्वय. सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित उच्च गुणस्तरको शैक्षिक व्यवस्थापनका गर्नसक्ने गरी शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि गर्नु आवश्यक छ । सार्वजनिक शिक्षामा न्यून पहुँचभएका दुर्गम गाउँका बालबालिका तथा युवाहरूका लागि शिक्षा प्रणालीमा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चितगर्न सेवा प्रदायक प्रणाली तथा

शिक्षकका दक्षता सुधार गरी गुणस्तर अभिवृद्धि गर्नु आवश्यक छ । यस प्रयोजनका लागि हालसम्म कार्यान्वयन भएका योजनाहरूको समीक्षाका आधारमा विकास कार्यक्रमहरूको परिमार्जन तथा सेवा प्रदायक एकाइ तथा निकायहरूको क्षमता अभिवृद्धि जरूरी देखिएको छ ।

यसै गरी स्थानीय र प्रदेशतहमा शिक्षा योजना निर्माण, अनुगमन तथा प्रतिवेदन प्रणालीसम्बन्धी क्षमता तथा संयन्त्र विकास गर्ने, शिक्षकको सक्षमता विकास गर्ने, पाठ्यक्रमअनुसार अपेक्षित गुणस्तर सुनिश्चित गर्ने, सामुदायिक विद्यालयहरूको प्रतिवद्धता र उत्तरदायित्वमा सुधार गर्ने, साधन र स्रोतः को पर्याप्त व्यवस्था गर्ने,विद्यालय तहको प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासलाई श्रम बजारको मागसँग जोडी सान्दर्भिकता सुनिश्चित गर्ने गरी सुधार गर्ने,तथ्याङ्कलाई विश्वसनीय बनाई शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने, दिगो लगानीको स्रोतः पहिचान गर्ने, जीवन पर्यन्त सिकाइका अवसरमा वृद्धि तथा विस्तार गर्ने, औपचारिक, अनौपचारिक, अनियमित र जीवनपर्यन्त शिक्षाबिच पारगम्यताकोसंस्थागत व्यवस्था गर्ने, प्रविधिमा आधारित शिक्षण सिकाइ सुनिश्चित गर्ने, सिकाइलाई विज्ञान र प्रविधिसँग जोड्ने र कोभिड-१९ का कारण सिर्जित पहुँच, सहभागिता र सिकाइ उपलव्धिमा देखा परेको अन्तरघटाउने जस्ता प्रमुख चुनौतीहरू रहेका छन् ।

### १.३.३ शिक्षा क्षेत्रको योजना

नेपालको संविधान र संघीय संरचनाअनुरूप शिक्षाका योजना तथा कार्यक्रमहरू विकास गर्ने क्रममा तयार गरिएको चालु विद्यालय क्षेत्र विकास योजना (SSDP) को ५वर्षे (वि.सं. २०७३-२०७८)समयावधि आगामी २०७८ साल असार मसान्तमा समाप्त हुँदैछ । यस योजनालेराष्ट्रको सामाजिक तथा आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुर्‍याउने दूरदृष्टिराखेको थियो । मुलुकको भावी संघीय स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकतालाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवन यापन गर्न चाहिनेकार्यमूलक साक्षरता, गणितीय सिप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सिपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका प्रयासमार्फत् मुलुकको सामाजिक तथा आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउने उद्देश्यका साथ कार्यक्रमहरूका कार्यान्वयन भरहेका छन् ।विद्यालय क्षेत्रविकास योजनामा लक्षित नतिजामार्फत् विद्यालय शिक्षामा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलताका आधारमा योजनाका समग्र कार्यक्रमहरू निर्देशित थिए । यस योजनाको कार्यान्वयन हुदाँहुदै नेपालको शासकीय स्वरूप केन्द्रीय शासन प्रणालीबाट संघीय प्रणालीअनुरुप तीनतहको सरकारमार्फत् सञ्चालन हुने संक्रमणकालीन अवस्था सुरूभयो । आधारभूत तथा माध्यमिक शिक्षाको

व्यवस्थापनसम्बन्धी मुख्य दायित्व स्थानीय सरकारको हुने भए पछि यसको कार्यान्वयन संरचना, स्वरूप तथा प्रतिवेदन प्रणालीमा परिवर्तनसहित थप सबल बनाउनु पर्ने आवश्यकता रहेको छ ।

कार्यक्रमको पहिलो चरणको कार्यान्वयनमा हुँदा सम्ममा आधारभ ूत तहमा विद्यार्थीहरूको पहुँच र भर्ना दरमा उल्लेख्य वृद्धिभएको थियो । कक्षा ८ मा विद्यार्थी टिक्ने र उत्तीर्णहुने दर पनि बढ्यो । औपचारिक तथा अनौपचारिक शिक्षाको विस्तारबाट विद्यालय बाहिर रहेका बालबालिकाहरूको शिक्षामा उल्लेख्य सङ्ख्यामा सहभागिता बढ्यो ।कक्षा १० र कक्षा १२ मा विद्यार्थी टिकाउ दरमा निरन्तर प्रगति देखिए तापनि अपेक्षित लक्ष्य भने प्राप्त हुन सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनको सन्दर्भमा गुणस्तर सुधारका लागि विपद् व्यवस्थापन गुरू योजना,वृहत् समावेशी गुरू योजना,सिकाइकालागि न्य ूनतम अवस्था सिर्जना लगायतका मापदण्ड विकास तथा नीतिगत सुधारहरू भए । यसका साथै विभिन्न क्षेत्रमा विज्ञहरूको परिचालनसमेत गरी पाठ्यक्रम प्रारूप परिमार्जन,शिक्षक पेसागत विकास सामग्री र तालिम सामग्रीविकासजस्ता कार्यहरू सम्पन्न भए । तर विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षित रूपमा बढ्न सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रमको उद्देश्य,क्रियाकलापहरू र कार्यान्वयनको सन्दर्भमा गुणस्तरीय शिक्षाकालागि गर्नु पर्ने शैक्षिक सुधारका कार्यक्रमहरूको सम्बन्धमा स्थ ानीय सरकार,शिक्षक तथा अभिभावकहरूको क्षमता विकासको आवश्यकता देखियो । लक्षित प्रमुख नतिजा सूचककाढाँचा अनुसार गर्नु पर्ने सुधारका लागि विभिन्न तहमा आवश्यक प्रणालीहरू पर्याप्त मात्रामा व्यवस्थित गर्नु पर्ने देखिएको छ । संघीय व्यवस्थाको कार्यान्वयनको संक्रमणकालीन अवस्थाले विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यन्वयनमा समेत कुनै न कुनै रूपमा प्रभाव पाऱ्यो । कार्यान्वयनसम्बन्धी प्रतिवेदनको प्रभावकारी प्रणालीको खाँचो महुसस भयो । तीन तहको सरकारबिचको आपसी जिम्मेवारीको थप स्पष्टतासहितस्रोतः केन्द्रहरूको विघटनपछि वैकल्पिक शिक्षक सहायता प्रणालीको आावश्यकता देखिएको छ ।

### १.३.४ दिगो विकास लक्षहरू

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन सँगै १५वर्षे सहश्राब्दि विकास लक्षहरूको कार्यान्वयन पश्चात् प्राप्त उपलब्धिका आधारमा सन् २०३० सम्मको दिगो विकासका लक्ष्य प्राप्त गर्ने विषयमा नेपालले पनि प्रतिबद्धता जनाएको छ । फलस्वरूप नेपाल सरकारले दिगो विकास लक्ष ४: नेपाल राष्ट्रिय कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याएकोछ । नेपाल सरकारले सन् २०१५ मेको इन्चोन र सेम्टेम्बरको संयुक्त राष्ट्र सङ्घको साधारण सभाको बैठकबाट पारितदिगो विकास लक्ष्यहरूमध्ये लक्ष्य ४ “सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन

सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने"पुरा गर्न नेपालले राष्ट्रिय कार्यढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएकोछ ।

नेपालको राष्ट्रिय कार्यढाँचाले नेपाल सरकारको दीर्घकालीन दूरदृष्टिलाई अनुसरण तथा शिक्षालाई मौलिक मानव अधिकारका रूपमा ग्रहण गरी राज्यको उत्तरदायित्व भित्र समेटेको छ । त्यस्तै नेपाल सरकारलेवि.सं. २१०० सम्ममा नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने दीर्घकालीन राष्ट्रिय लक्ष्यलाई समेत आत्मसात गरी दिगो विकास, समावेशिता तथा गुणस्तरीयताको मर्मअनुरूप आवश्यक पर्ने सिकाइको स्तर हासिल गर्ने कार्यमा कोही पनि नागरिकपछाडि पर्न हुँदैन भन्ने मान्यतामा कार्यढाँचाका उद्देश्य तथा लक्ष्यहरू किटान भएका छन्।

प्रस्तुत कार्यढाँचाले राष्ट्रिय योजना आयोगले तयार गरेको १५ वर्षे दिगो विकास लक्ष, स्थिति र मार्गदर्शनका आधारमानेपाल सरकारको नीति, योजना तथा कार्यक्रमहरूमा लिङ्ग, सामाजिक र भाषिक विविधता, अपाङ्गता, गरिबी आदिसमेतलाई दृष्टिगत गरी समावेशिता रसमताका सिद्धान्त तथा मूल्यको एकीकरण गर्ने गरी सन् २०१५ लाई आधाररेखा मानी सन् २०१९, सन् २०२२, सन् २०२५ र सन् २०३० मा प्राप्त हुने उपलब्धिहरूको परिमाणात्मक गन्तव्य तथा लक्ष्यहरू किटान गरेकोछ । दिगो विकासको लक्ष्य ४ का लागि नेपालको राष्ट्रिय कार्यढाँचाले सबै स्थानीय तथा प्रदेश सरकारहरूले निर्धारित सूचकका आधारमा आ-आफ्ना कार्यक्रमको प्रगतिको समीक्षा गरी पृष्ठपोषणसहित पठाइएको विवरणलाई संघीय सरकारले राष्ट्रिय प्रतिवेदनमा समावेश गर्ने व्यवस्था गरेकोछ ।राष्ट्रिय योजना आयोगले निर्धारण गरेका अनुगमनका सूचकहरूसँग आबद्ध हुने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय प्रतिवेदन तयार गर्ने व्यवस्थासहित सो प्रतिवेदन तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति तथा राष्ट्रिय विकास समस्या समाधान समिति जस्ता अनुगमनका उच्चस्तरीय संयन्त्रको बैठकमा प्रगति समीक्षा हुनेव्यवस्था गरेकोछ ।

दिगो विकास लक्ष्य ४ले दिगो विकास लक्ष्यहरूको प्रगतिको समीक्षा गर्ने सिलसिलामा सबै मुलकहरूले स्वयम्सेवी रूपमा राष्ट्रिय र स्थानीय तहका योजनाहरूको आवधिक समीक्षा गर्न सकिने प्रावधान राखेकोछ । यस सन्दर्भमा नेपालले दिगो विकास लक्ष्य कार्यान्वयन अवधिभित्र कम्तीमा ३ पटकस्वयम्सेवी राष्ट्रिय समीक्षा गर्ने योजना बनाएको छ । यो समीक्षा राष्ट्रिय योजना आयोगको संयोजनमा गरिने व्यवस्थाअनुसार आयोगले सन् २०२० को जुन महिनामा पहिलो स्वयम्सेवी राष्ट्रिय समीक्षा गरेकोथियो । यस समीक्षाले द्रुत गतिमा भइरहेको पूर्वाधार विकासले शिक्षामा पहुँच बढाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरेकोछ । समीक्षामा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रदेश र स्थानीय तहसँग समन्वय हुने गरी थप सवलीकरण गरी खण्डीकृत तथ्याङ्क तथा सूचनाहरू प्रविष्ठि गर्नु पर्ने सुझाव प्रस्तुत भएकोछ । सो समीक्षामा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५ को कार्यान्वयनले गरिब, सीमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समदायका

बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच अपेक्षाकृत रूपमा बढेको विश्लेषण गरिएको छ । सो समीक्षामा प्रस्तुत भएअनुसार प्राथमिक शिक्षाको खुद भर्ना दर तथा तह पुरा गर्ने दर र समग्र विद्यालय शिक्षामा लैङ्गिक सूचकमासुधार आएकोजस्ता सकारात्मक प्रगति देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षाकृत रूपमा सुधार हुन नसकेको पक्षलाई इङ्गित गरेकोछ । उक्त समीक्षाले साक्षरताको राष्ट्रिय अभियानअन्तर्गत झण्डै एकतिहाइ जिल्लालाई साक्षर बनाउन तथा दिवा खाजा र छात्रवृत्तिको थप कार्यक्रमका लागि आवश्यक हुने स्रोतः को आकलनसमेत गरेको छ ।

## १.४पालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

उल्लिखित सन्दर्भ तथा विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा विद्यालय क्षेत्रको शिक्षामा देखिएका प्रमुख चुनौतीहरू निम्नअनुसार पहिचान गरिएको छः

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चत गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्डअनुसार सञ्चालन;

२. प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्षका बालबालिकाहरूका लक्ष्यित गरी सञ्चालन गरिने कार्यक्रम भए पनि चारवर्ष भन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु;

३. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता;

४. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने;

५. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्कगरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोतः  व्यवस्था र संरचना तथा क्षमता विकास;

६. विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा प्रदेशगत, सामाजिक–सांस्कृतिक परिवेश, आर्थिक अवस्था लगायतमा आधारित भिन्नताहरू कामय रहनु;

७. व्यवहारकुशल सिपहरूलाई विद्यालय शिक्षाको प्रारम्भिक कक्षादेखि माध्यमिक तहसम्म नै एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी  विद्यालय शिक्षाको सान्दर्भिकता बढाउने;

८. पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सान्दर्भिक बनाउने,शिक्षक विकास तथा तयारीलाई प्रभावकारी बनाउने, शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र शिक्षा पद्धतिको कार्यकुशलता वृद्धि;

९. माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन;

१०. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग;

११. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने;

१२. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमासुधार गर्न दिवा खाजालगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान;

१३. छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी व्यवस्थापन गर्ने;

१४. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने;

१५. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्ने र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्ने;

१६. संघीय संरचनाबमोजिम सरकारका सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन तथा सुशासन प्रवर्द्धन गर्न संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ गर्ने;

१७. सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्ने ।

## १.५ पालिकाको शिक्षा क्षेत्रको विकासकालागि मुख्य अवसरहरू

उल्लिखित चुनौतीहरू समाधान गरी विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरू उलपब्ध हुनेछन्ः

१. विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रूपमा रहन सक्ने;

२. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको;

३. दिगो विकास लक्ष प्राप्तिका लागि बहुपक्षीय तथा द्विपक्षीय सहकार्यतथा सहयोगको प्रतिबद्धता रहेको;

४. शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रूपमा सहमति देखिएको;

५. लामो समयदेखि सरकार तथा विकास साझेदारहरूबिच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचाको विकास तथा कार्यन्वयन भइरहेको;

६. संघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको;
७. विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यन्वयनमा उपयोग गर्न सकिने;
८. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको;
९. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरूले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने;
१०.सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको;
११.यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षणमा बढ्न सहयोग पुग्न सक्ने ।

## १.६ पालिकाको शिक्षा क्षेत्रकोयोजना निर्माण प्रक्रिया

शिक्षा क्षेत्रको यो योजना तयारीको प्रारम्भिक कार्यको सुरुआतसँगै कोभिड–१९ को प्रकोप सुरु हुनाले यो प्रक्रियाले पुनः गति लिन केही समय लाग्यो । दूरीमा रही सञ्चार गर्ने विभिन्न वैकल्पिक माध्यमसमेत प्रयोग गरी २०२०को मे/जुन महिनादेखि यस प्रक्रियाले पुनः गति लिएको थियो । शिक्षा क्षेत्रको यो योजना निर्माणको नेतृत्व नेपाल सरकारको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट भई मन्त्रीस्तरबाट योजना निर्माणका लागि आवश्यक संरचना निर्माणको निर्णयका साथै आवश्यक नीतिगत मार्गदर्शन प्राप्त भएको थियो । योजना निर्माण प्रक्रियालाई मार्गदर्शन गर्न गठित निर्देशक समितिको अध्यक्षता मन्त्रालयका सचिवबाट गरिएको थियो । योजनाको तयारी तथा विकास कार्यको समग्र संयोजन मन्त्रालयको योजना महाशाखाबाट भएको थियो भने यसमा आवश्यक समन्वयसहित समग्र व्यवस्थापन गर्ने गरी योजना निर्माणका लागि सचिवालयको काम मन्त्रालयको योजना महाशाखाअन्तर्गत रहेको वैदेशिक सहायता समन्वय शाखा (DACS) गरेको थियो ।

यो योजना तयारीका क्रममा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालयलगायत विषयगत मन्त्रायलहरूसँग सम्बन्धित विषयमा अन्तर्क्रिया गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । विभिन्न स्थानीय तह, प्रदेश सरकारका निकायहरू, केही विद्यालयहरूसँग अन्तरक्रिया गरी सुझावहरू लिइएको थियो । यस क्रममा सतओटै प्रदेश र केही स्थानीय तहले शिक्षाका लागि रणनीतिक योजना निर्माणको अभ्यास गरेका थिए । ती अभ्यासमा मन्त्रलय तथा विभागीय निकाय सहभागी भई त्यसका सिकाइलाई यो योजना विकासका प्रक्रियामा समावेश गरिएको थियो। यो योजना तयारीका विभिन्न चरणमा विकास साझेदारहरूको सहयोग तथा सहभागिता निरन्तर रहेको थियो ।

### १.६.१ योजनानिर्माणमाबिभिन्नश्रोत/सामग्रीको अध्ययन तथा समीक्षाहरू

योजनाको तयारीका लागि निम्नअनुसारका अध्ययन तथा समीक्षाहरू भएका थिए:

क) विभिन्न विषयमा सन् २०२० मा गरिएका नौ ओटा अध्ययनहरूले शिक्षा क्षेत्रको विश्लेषणका लागि आधार तयार गरेका थिए । यी अध्ययनहरू शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको समन्वयमा विभिन्न विकास साझेदारहरूको सहयोगमा गरिएका थिए । ती अध्ययनहरू निम्निअनुसार रहेका छन्:

- The institutional and context study
- The gender equality and social inclusion (GESI) study
- The education external efficiency analysis
- The social impact of education study
- The positive deviance study
- The disability-inclusive education study
- The vulnerability and risk study
- The economic and public finance analysis study
- The Systems Approach for Better Education Results (SABER) study on School Feeding

उल्लिखित नौ ओटा अध्ययनका आधारमा स्थानीय शिक्षा समूहका तर्फबाट शिक्षा क्षेत्रको अवस्थाको विश्लेषण प्रतिवेदन तयार गरेको थियो । यसले शिक्षा क्षेत्रको योजना निर्माणका लागि एउटा महत्त्वपूर्ण सन्दर्भका रूपमा काम गरेको गरेको छ ।

ख) यो योजना तयारीका क्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ७ देखि १० जनासम्मको बाह्रओटा विषयतगत समूह गठन गरी ती समूहले अलग अलग प्रतिवेदन तयार गरेका थिए । बाह्रओटा विषयतगत समूहले निम्नलिखित विषयमा अध्ययन प्रतिवेदनहरू (Thematic study papers) तयार गरेका थिए:

- बालविकास र शिक्षा
- आधारभूत शिक्षा
- माध्यमिक शिक्षा
- पाठ्यक्रम तथा मूल्याङ्कन
- शिक्षक व्यस्थापन तथा विकास
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ
- समता र समावेशीकरण
- दिवा खाजा, स्वास्थ्य तथा पोषण, छात्रवृत्ति, विद्यार्थी परामर्शलगायतका विद्यार्थी सहायता सेवाहरू

- आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा
- शिक्षामा सूचना र प्रविधि
- सुशासन तथा व्यवस्थापन
- अनुगमन तथा मूल्याङ्कन

उल्लिखित बाह्र ओटा विषयगत प्रतिवेदनले यस योजनाका लागि महत्त्वपूर्ण आधार तयार गरेको थियो ।

### १.६.२ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था

योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था निम्नअनुसारको रहेको थियोः

- **योजना निर्देशक समिति (ESP Steering Committee):**रामनगर गाउपालिकको गाउँपालिकाअध्यक्ष श्री राजबाबु यादब ज्युको अध्यक्षतामा निर्देशक समितिमा शिक्षा सम्वन्धित पदाधिकारीहरु, आर्थिक प्रशासन शाखा विद्यालय प्राधानाध्यापक जन प्रतिनिधिहरु तथा स्थानिय तहको प्रतिनिधहरु रहेको थियो ।

- **योजना प्राविधिक सल्लाहकार समूह (TAT)**:शिक्षा निति तथा योजना सम्वन्धी विज्ञको संयोजकत्वमा गठित योजना प्राविधिक सल्लाहाकार समुहमा विज्ञ तथा शिक्षाविदको सहभागिता रहेको थियो ।

- **योजना प्राविधिक समिति (ESP Technical Committee)**: शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखको अध्यक्षतामा रहेको योजना प्राविधिक समितिमा गाउँपालिकाअन्तर्गतका विभागिय निकायहरु तथा अन्तरगतका विभिन्न शाखाका प्रमुखहरु समेत रहेका थिए ।
- **परामर्शदाता समूहहरू (Consultative Teams)**:विभिन्न विज्ञ तथा परामर्शदाताहरूका समूहहरूले आवश्यकतानुसार विभिन्न विषयमा कार्य गरेका थिए ।परामर्शदाता समूहहरूका कार्यको संयोजन समन्वय शाखाबाट भएको थियो ।
- **विषयगत अध्ययन समूहहरू (Thematic Teams)**:माथि उल्लेख भएअनुसार गाउँपालिकाले सम्बन्धित विषय क्षेत्रका विज्ञको संयोजकत्वमा सम्बन्धित विषयका विज्ञ, पालिका तथा सम्वन्धित निकायका सम्बन्धित क्षेत्रको अनुभव भएको कर्मचारीहरू, विकास साझेदार समेत संलग्न भएका ११ ओटा विषयगत अध्ययन समूहहरू गठन गरेको थियो ।
- **प्रारम्भिक मस्यौदा समूहहरू (Initial chapter drafting Teams)**:गाउँपालिकाको सम्बन्धित विषय क्षेत्रमा काम गर्ने २ वा ३ जना विज्ञ तथा कर्मचारी सम्मिलित टिमलाई योजनाका विभिन्न खण्डहरूको प्रारम्भिक मस्यौदा तयार गर्न लगाइएको थियो ।

•

### १.६.३ योजनाको पहिलो मस्यौदा विकास (ESP first draft preparation)

उल्लिखित प्रारम्भिक मस्यौदा समूहहरूबाट तयार भएका प्रारम्भिक मस्यौदालाई आवश्यक परिमार्जन गरी निर्धारित ढाँचामा योजनाको खाका तयार गरी पहिलो पूर्ण मस्यौदा तयार गरिएको थियो । यस कार्यका लागि विज्ञसहित गाउँपालिकाको टिमले काम गरेको थियो । यस क्रममा उल्लिखत विषयगत अध्ययनहरू, शिक्षा क्षेत्रको विश्लेषण प्रतिवेदन तथा सम्बन्धित अध्ययनहरूलगायत अन्य आवश्यक सन्दर्भहरूलाई समेत अध्ययन गरिएको थियो भने विषय क्षेत्रसँग सम्बन्धित विभिन्न निकायका कर्मचारीहरूसँग आवश्यकतानुसार निरन्तर छलफल गरिएको थियो । यस क्रममा योजना प्राविधिक समिति, योजना प्राविधिक सल्लाहकार समूह तथा  योजना प्राविधिक समितिमा आवश्यक छलफल गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । यसरी तयार भएको पहिलो मस्यौदामा सम्बन्धित सरोकारवालाहरूबाट प्राप्त हुने सुझाव तथा पृष्ठपोषणलाई समेत ध्यान दिएर यो योजनाको अन्तिम मस्यौदा तयार गरिने छ ।

# परिच्छेद दुई : दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीतितथा लक्ष्य/गन्तव्य

## २.१ परिचय

परिच्छेद एकमा उल्लेख गरिएको राष्ट्रिय शैक्षिक परिवेशको समीक्षासहितउठान गरिएका मुख्य चुनौती तथा अवसर र सम्भावनाहरूले नेपालको विद्यालय शिक्षाको आागामी १० वर्षको मार्ग पहिचानका लागि आधार सिर्जना गरेका छन् । यही सन्दर्भलाई दृष्टिगत गरी यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र  सर्वसुलभ साक्षरता, निरन्तर  शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि. सं. २०८७  (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि (Vision), ध्येय(Mission),उद्देश्यहरू ( Objectives),रणनीतिहरू(Strategies)तथा प्रमुख उपलब्धि सूचक(Key indicators)प्रस्तुत गरिएको छ ।

## २.२ दीर्घकालीन सोच(Vision)

"समृद्ध नेपाल सुखी नेपाली" को आकांक्षा पुरा गर्नका लागि एक्काइसौं शताब्दीको आवश्यकतालाई सम्बोधन तथा अवसरलाई उपयोग गर्न सक्ने नेपाली मूल्य मान्यता अनुकुलको सक्षम नागरिक तयार हुने ।

## २.३ ध्येय (Mission)

नेपाली मूल्य र मान्यता सहितको एक्काइसौं शताब्दी सुहाउँदो सक्षम नागरिक तयार गर्न गुणस्तरीय विद्यालय शिक्षालाई अधिकारका रूपमा स्थापित गरी सबैको सहज पहुँच, सहभागिता र निरन्तरता सुनिश्चित गर्ने।

## २.४ उद्देश्यहरू (Objectives)

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तरअभिवृद्धि गर्नु ।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

४. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु ।

५. संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु ।

## २.५ रणनीतिहरू ( Strategies)

१. संघीय सरकारले तोके बमोजिमको मापदण्ड, नर्म्स र ढाँचाअनुसार निश्चित अनुदानका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन स्थानीय तहबाट हुनेछ । प्रदेश सरकारले क्षमता विकास, समन्वय तथा सहजीकरणका माध्यमबाट स्थानीय सरकारलाई सहयोग गर्नेछ।

२. संघीय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनका आधारमा स्थानीय तहले विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चित गर्नेछ।

३. संघीय तथा प्रदेश सरकारको सहयोग र सहजीकरणमा तथा स्थानीय सरकारको अगुवाइमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तर प्रवर्द्धन गर्नेछन्।

४. निःशुल्क माध्यमिक शिक्षा (व्यावसायिक तथा साधारण) मा सहज पहुँचरसमावेशी सहभागिता सुनिश्चित गर्न संघ, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गरिने छ।

५. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री परिमार्जन तथा सान्दर्भिकरणसहितशिक्षक शिक्षा तथा तालिम र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरिने छ।

६. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजाको प्रबन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान गरिनाका साथै गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्न छात्रवृत्ति प्रणालीलाई सुदृढ गरिने छ ।

७. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सर्वसुलभ गर्न सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्वितरण तथा कार्यक्षमतामा सबलीकरण गरिने छ ।

८. अनौपचारिक शिक्षाको पुनर्परिभाषासहित अनौपचारिक र औपचारिक शिक्षाबिचको अन्तरसम्बन्ध विस्तार तथा अनौपचारिक शिक्षाको माध्यमबाट आयआर्जन तथा दिगो सामुदायक विकास प्रबर्द्धन गरिने छ।

९. विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास र अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गरिने छ।

१०. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धतिलाई सुदृढ गरी यसका नतिजाहरूका आधारमा सुधार गर्ने पद्धित विकास गरिने छ ।

११. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्कम कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढगरिने छ ।

## २.६ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य (२०३०) सम्ममा निम्नानुसारको उपलब्धि प्रास हुनेछः

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुनेछ ।

२. आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाले न्यूनतम सिकाइ सक्षमतासहित आधारभूत तह पूरा गरेका हुनेछन् ।

३. माध्यमिक विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा भर्ना भई गुणस्तरीय माध्यमिक शिक्षा प्राप्त गरेको हुने ।

१. आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरू सबैका लागि सुनिश्चित भई साक्षर, आत्मनिर्भर र सचेत सिकाइ समाज ( Learning Society) निर्माणमा योगदान हुने ।

२. विद्यालय शिक्षा पद्धतिमा सुशासन कायम हुनेछ र योजना तथा कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापनमा नतिजामुखी प्रणाली स्थापित भई अपेक्षित उपलव्धि हासिल हुने ।

३. विद्यालय तहको पाठ्यक्रमको सान्दर्भिकतामा वृद्धि भई विद्यालय तह पुरा गर्ने एउटा व्यक्ति दैनिक जीवनका लागि आवश्यक आधारभूत भाषिक, सामाजिक, विज्ञान र प्रविधिसम्बन्धी तथा गणितीयलगायतका सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध ,रोजगारउन्मुख हुने ।
४. सक्षम र अभिप्रेरित शिक्षकद्वारा सिकारुकेन्द्रित सिकाइ क्रियाकलापमा आधारित शिक्षण सिकाइको माध्यबाट विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुने ।
५. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तर सुनिश्चत हुने ।

६. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्यतथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने .
७. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चितहुने ।
८. सबै विद्यालयमा आवश्यक सक्षमताका आाधार पुरा भई बालमैत्री तथा अपाङ्गता मैत्री भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण तयार हुने ।

## २.७अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)

यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)निम्नबमोजिमहुने छः

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोतः | तथ्याँकको स्रोतः |
|---|---|---|---|---|---|---|---|---|
| १. | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ४८.९ | ५८.०७ | ६८.९९ | ८१.९७ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८६.2 | ८९.५ | ९४.० | ९९.० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ४७.४९ | ४९..४० | ५०.९३ | ५२.५१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.0 | | |
| २. | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ७२.५० | ७७.५१ | ८२.८३ | ८८.५२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६.9 | ९७.५ | ९९.० | १०० | | |
| २.२ | | स्थानीय | १०६.१ | १०४.८४ | १०३.५७ | १०२.३२ | | |
| | | प्रदेश | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | १०३.१ | १०५.२६ | १०७.४७ | १०९.७२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.1 | ९९.० | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १३०.५ | १२७.९९ | १२५.५१ | १२३.०७ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | ८९ | ९३.१९ | ९७.५७ | १०२.१७ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५.० | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ८१.३० | ८८.६४ | ९३.२१ | ९८.०१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ७९.८१ | ८३.९३ | ८९.०५ | ९४.४९ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ८६.१ | ८९.८४ | ९३.६९ | ९७.७० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | १०४.८ | १०३.७५ | १०२.६७ | १०१.६५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ७१.३ | ७५.९० | ८०.७९ | ८६ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५.० | | |
| २.१४ | | स्थानीय | ७१.३ | ७५.९० | ८०.७९ | ८६ | | |
| | | प्रदेश | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | राष्ट्रिय | ७२.७ | | | ९५.० | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | १.०४ | १.०४ | १.०४ | १.०३ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ४७ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले | सोही बमोजिम पछि राखिने | | | | |
| | | गणित | स्थानीय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले | | | | | |
| | | | प्रदेश | सोही बमोजिम पछि राखिने | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ५६.६ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ५६.६ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० | | |
| | | | स्थानीय | १.७ | १.०३ | ०.३२ | -०.३९ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधारभूत (कक्षा १-८) | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | ६.६ | | १.० | ० | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | ४३.७ | ४५.० | ५०.० | ५०.० | | |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | ४७.६ | | ६५.० | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | | स्थानीय | | १४.९ | १६.५२ | १८.३१ | २०.३१ | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | ७१.४ | | | ९९.० | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | स्थानीय | | १.०५ | १.०६ | १.०६ | १.०६ | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | १.०२ | १.०० | १.०० | १.०० | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | | स्थानीय | | ६९.९ | ९२.० | ९४.२ | ९५.८ | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | ९७.५ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | | स्थानीय | | ६९.७ | ७४.६१ | ७९.८६ | ८५.४८ | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | | स्थानीय | | ८.८ | १०.५२ | १२.५७ | १५.०३ | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | २४.० | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | २०.६ | २२.० | २७.० | ३३.० | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | | स्थानीय | विज्ञान | | | | | | |
| | | | | प्रा.व्या. | | | | | | |
| | | | प्रदेश | विज्ञान | | | | | | |
| | | | | प्रा.व्या. | | | | | | |
| | | | राष्ट्रिय | विज्ञान | | | १५.० | | | |
| | | | | प्रा.व्या. | १०.० | १७.० | ३०.० | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलव्धि* (अङ्कमा) | | नेपाली भाषा | स्थानीय | ६३ | | | | | |
| | | | | प्रदेश | | | | | | |
| | | | | राष्ट्रिय | | | | | | |
| | | | गणित | स्थानीय | ५४ | | | | | |
| | | | | प्रदेश | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | ३७ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ४९ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ४. | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ४४.०५ | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ५८.० | | ९५.० | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ५३.५६ | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ८२.० | ८९.० | ९५.० | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | ६९.१३ | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९२.० | | ९९.० | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | ०.१७ | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८० | | |
| ५. | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० | ७५.० | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| ६. | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | ७५:४५ | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | ९१:१४ | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| **७.** | **शिक्षामा लगानी** | | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | | |
| ८.३ | माध्यमिक तह (कक्षा९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |

# परिच्छेद ३:विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

यसले शिक्षा क्षेत्रको योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ। परिच्छेद दुईमा यस योजनाका समग्र दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ।

तेश्रो परिच्छेदमा विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरूः बालिवकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा रअनौपचारिक शिक्षा तथा आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ भने पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापनजस्ता सबैजसो उपक्षेत्रसँग अन्तरविषयहरूको वर्तमान अवस्थाको समीक्षा गरि चुनौतीहरू पहिचान गरिएको छ। यसमा प्रत्येक उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू सामना गरि उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ।

## ३१. प्रारम्भिक बालविकास र शिक्षा

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा (३) मा "प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ"भनीउल्लेखगरेकोछ, साथै शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षाकै अभिन्न अंगको रूपमा मान्यता दिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिनेभन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नुका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ। प्रारम्भिक बालविकास तथा शिक्षाका कार्यक्रमहरू विभिन्न समयावधिमा सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमसञ्चालनगरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन,२०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०६७ मा उल्लेख भएको र नेपालको पन्ध्रौं योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे बालविकास कार्यक्रम समावेश गरिएको छ। सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस पालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ। यसै कुरालाई मध्यनजर गरेर रामनगरगाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित रगुणस्तरीय बनाउने प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ।

### ३.१.१वर्तमान अवस्था

रामनगर गाउँपालिकामा हाल ५७ वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन्, जसमध्ये १९ वटा नीजि विद्यालयमा र ३८ वटा सामुदायिक बिद्यालयमा संचालनमा छन्। ०-४ वर्ष उमेरको कूल जनसंख्या ३६९८ रहेको यस पालिकामा ८२५ जना बालबालिका बालविकास केन्द्रमा भर्ना भएका छन्। कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षा अनुभव सहितको भर्नादर ४७.९प्रतिशत रहेको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा लैङ्गिक समता सूचक ०.८२प्रतिशत रहेको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत सहजकर्ताहरु १०० प्रतिशत महिला रहेका छन्, जसमध्ये कक्षा १० योग्यता हुने सहजकर्ता १ जना, एस्.एल्.सी. योग्यता भएका २० जना, प्रवीणता प्रमाणपत्र तह योग्यता भएका २६ जना र स्नातक योग्यता भएका १० जना सहजकर्ता कार्यरत छन्। यसरी हेर्दा

यस पालिकामा कार्यरत सबै सहजकर्ताहरु नेपाल सरकारले तोकेको न्यूनतम् शैक्षिक योग्यता पूरा भएको देखिन्छ।

भौतिक रुपमा हेर्दा प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन-२०७५) अनुसार यस पालिका अन्तर्गत कुनैपनि बालविकास केन्द्रको न्यूनतम् मापदण्ड नपुगेको देखिन्छ। प्रायः बालविकास केन्द्रहरु बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री बन्न सकेका छैनन्। एकातिर सहजकर्ताका लागि उत्प्रेरणा र मनोवल वढाइ पेशामा क्रियाशील बनाउन पारिश्रमिकतामा न्यूनता छ भने अर्कातिर उनीहरुका लागि कुनै सघन तथा पुनर्ताजगी तालिम प्रदान गर्ने व्यवस्था गरिएको छैन।

### ३.१.२ उद्देश्य

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु बालविकास र शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हो। यो उद्देश्य परिपूर्तिका लागि शिक्षा क्षेत्रको योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

१. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास गर्नु।

२. प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु।

३. बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु।

### ३.१.३ रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीने छ :

१. प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५) अनुसार प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

२. माग र आवश्यकताका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण गरि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा सेवा उपलब्ध गराइने छ।

३. प्रारम्भिक बालविकास केन्द्रमा एकजना सुसारेको व्यवस्थाका लागि क्रमश कार्यक्रम ल्याइनेछ।

४. प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिताका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइने छ।

५. गर्भवती र नवजात शिशु पोषणका बारेमा ध्यान दिन प्रत्येक बर्ष २ पटक अभिभावक सचेतना कार्यक्रमसञ्चालनगरिनेछ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- सबै प्रारम्भिक बाल विकास तथा शिक्षा केन्द्रहरूले न्यूनतम मापदण्ड पुरा गरेका हुनेछन् ।
- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

## नतिजा

| क्रसं | सूचक<br>(उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना सँङ्ख्या | १०३८ | ९२३ | १०१५ | १११६ | १२२६ |
| | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास र शिक्षाकेन्द्र | ५९.९ | ६३.८६ | ६८.०९ | ७२.५९ | ७७.६० |
| | ECED मा खुद भर्ना दर (Enrolment rate of ४-year old children) | ४०.२ | ४०.४५ | ५७.९६ | ६९.५५ | ८३.४६ |
| | ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED GER) | ०.८२ | ०.८२ | ०.८३ | ०.८३ | ०.८३ |
| | ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED NER) | ०.८६ | ०.८६ | ०.८६ | ०.८६ | ०.८६ |
| | ECED मा भर्ना भएका बालबालिकामध्ये दलित बालबालिकाको प्रतिशत | १२.९ | १२.९६ | १६.९९ | २२.१८ | २९ |
| | ECED मा भर्ना भएका बालबालिकामध्ये अपाङ्गता भएका बालबालिकाको प्रतिशत | ० | ० | ० | ० | ० |
| | ECED मा भर्ना भएका बालबालिकामध्ये कम तथा बढी उमेरका बालबालिकाको प्रतिशत | २१.१ | १७.८५ | १५.१२ | १२.८१ | १०.८६ |

## ३.१.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप<br>(उदाहरण) | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य(१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको निर्माण | पटक | १ | ० | ० | ० | ० | १ | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| २. | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रवोधीकरण गर्ने | बाबिके | ० | ६ | २ | २ | २ | १२ | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| ३. | प्रारम्भिक बालविकासको वडागत नक्शाङ्कन | वडा सङ्ख्या | ० | ३ | ४ | ० | ० | ७ | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| ४. | प्रारम्भिक बालविकास केन्द्रका लागि अपाङ्गमैत्री शौचालयको व्यवस्था | सङ्ख्या | ० | ३ | ६ | ३ | ० | १२ | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| ५. | सबैबालविकास केन्द्रहरूमा बालमैत्री तथा सुविधाजनक सिकाइ कक्ष व्यवस्था | वटा | ० | ३ | ४ | ५ | ० | १२ | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| ६. | बालउद्यान | बाबिके | ० | १ | ० | ० | १ | २ | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७. | खेलकुद तथा सिकाइ सामग्रीको व्यवस्था | बाबिके | ० | ६ | ६ | ० | ० | १२ | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| ८. | अभिभावक शिक्षा | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | ८० | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| ९. | सहजकर्तालाई मन्टेश्वरी तालिम | जना | ० | १२ | १२ | १२ | १२ | ४८ | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| १० | व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण | केन्द्र | ० | ६ | ६ | ६ | ० | १८ | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| ११ | बालविकास केन्द्रहरूलाई सूचना तथा सञ्चामर प्रविधिमैत्री बनाउने | केन्द्र | ० | ० | ० | ० | १२ | १२ | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| १२ | अनुगमन, सुपरीवेक्षण सहयोग तथा सहजीकरण त्रैमासिक | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| १३ | न्यूनतम पारिश्रमिकको व्यवस्था | सङ्ख्या | १२ | १२ | १२ | १२ | १२ | ६० | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| १४ | क्लष्टर बैठक | सङख्या | ४ | ४ | ४ | ४ | ४ | २० | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| १५ | हरेक क्लष्टरमा उत्कृष्ट बालशिक्षक सम्मान कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| १६ | हरेक बालबिकाश केन्द्रमा ELDS Report Card कार्यान्वयन | पटक | | | १ | १ | १ | ३ | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| १७ | पालिका स्तरीय प्रारम्भिक बालबिकाश समिटि गठन | पटक | | | १ | | १ | २ | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| १८ | बालबिकाश केन्द्र स्तरीय प्रारम्भिक बालबिकाश समिटि गठन | पटक | | | १ | | १ | २ | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| १९ | एकिकृत प्रारम्भिक बालबिकाश योजना निर्माण एवंम कार्यान्वयन | पटक | | | १ | १ | १ | ३ | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |

## प्रारम्भिक बालाबिकासको प्रमुख क्रियाकालापको लागि अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलाप (उदाहरण) | बजेट | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा |
| १. | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको निर्माण | १२० | ० | ० | ० | ० | १२० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रवोधीकरण गर्ने | ० | १२० | ४० | ४० | ४० | २४० |
| ३. | प्रारम्भिक बालविकासको वडागत नक्शाङ्कन | ० | १५० | २०० | ० | ० | ३५० |
| ४. | प्रारम्भिक बालविकास केन्द्रका लागि अपाङ्गमैत्री शौचालयको व्यवस्था | ० | ३००० | ६००० | ३००० | ० | १२००० |
| ५. | सबैबालविकास केन्द्रहरूमा बालमैत्री तथा सुविधाजनक सिकाइ कक्ष व्यवस्था | ० | २४० | ३२० | ४०० | ० | ९६०० |
| ६. | बालउद्यान | ० | २०००० | ० | २०००० | ० | ४०००० |
| ७. | खेलकुद तथा सिकाइ सामग्रीको व्यवस्था | ० | ६०० | ६०० | ० | ० | १२०० |
| ८. | अभिभावक शिक्षा | ३२० | ३२० | ३२० | ३२० | ३२० | १६०० |
| ९. | सहजकर्तालाई मन्टेश्वरी तालिम | ० | ३७५ | ३७५ | ३७५ | ३७५ | १५०० |
| १०. | व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण | ० | ३० | ३० | ३० | ० | ९० |
| ११. | बालविकास केन्द्रहरूलाई सूचना तथा सञ्चामर प्रविधिमैत्री बनाउने | ० | ० | ० | ० | ६०० | ६०० |
| १२. | अनुगमन, सुपरीवेक्षण सहयोग तथा सहजीकरण त्रैमासिक | ६० | ६० | ६० | ६० | ६० | ३०० |
| १३. | न्यूनतम पारिश्रमिकको व्यवस्था | २६५२ | २६५२ | २६५२ | २६५२ | २६५२ | १३२६० |
| १४. | क्लष्टर बैठक | १६ | १६ | १६ | १६ | १६ | ८० |
| १५. | हरेक क्लष्टरमा उत्कृष्ट बालशिक्षक सम्मान कार्यक्रम | ६ | ६ | ६ | ६ | ६ | ३० |
| १६. | हरेक बालबिकाश केन्द्रमा ELDS Report Card कार्यान्वयन | | | १०० | १०० | १०० | ३०० |
| १७. | पालिका स्तरीय प्रारम्भिक बालबिकाश समिटि गठन | | | १५० | | १५० | ३०० |
| १८. | बालबिकाश केन्द्र स्तरीय प्रारम्भिक बालबिकाश समिटि गठन | | | २०० | | २०० | ४०० |
| १९. | एकिकृत प्रारम्भिक बालबिकाश योजना निर्माण एवंम कार्यान्वयन | | | १५० | १५० | १५० | ४५० |

## ३२. आधारभूत शिक्षा

शिक्षा ऐन २०२८ अनुसार "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा हो। विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ। प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ (१) मा नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ। गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्यत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन्। युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरूले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ। आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमाव्यवस्थित र गुणस्तरीय बनाउनका लागि रामनगरगाउँपालिकाले यस योजनामा आधारभूत शिक्षाअन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रवन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरि आगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानका उल्लिखित प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने देखिन्छ।

### ३.२.१वर्तमान अवस्था

रामनगर गाउँपालिका भित्र हाल कक्षा १-५ सञ्चालित १५ (सामुदायिक-१२, मदर्शा-० र निजी ३) र कक्षा ६-८ सञ्चालित २ (सामुदायिक-१ र निजी-१) विद्यालयहरू गरी जम्मा आधारभूत विद्यालयहरूको संख्या २० रहेको छ। आधारभूत तहमा विद्यमान अवस्थाको लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ कक्षा १-५ मा २६७६छात्रा र२४५७ छात्र, कक्षा ६-८ मा ९२६छात्रा र ८२३छात्र भर्ना भएको अवस्था छ। आधारभूत तहमा कार्यरत शिक्षक मध्ये २४.४३ प्रतिशत महिला रहेको देखिन्छ। विद्यार्थी शिक्षक अनुपात कक्षा १-५ मा ७५.४५ प्रतिशत र कक्षा ६-८ मा ९१.१४ प्रतिशत रहेको अवस्थामा विद्यालयमा रहेको पूरानो दरवन्दी संरचनाले गर्दा न्यायोचित रुपमा विद्यालय विद्यार्थी संख्याका आधारमा दरबन्दी पर्याप्त नरहेको तथा शिक्षण सिकाइ पद्धतिमा बहुकक्षा शिक्षणको अभ्यास अधिक विद्यालयमा भइरहेकोले विद्यार्थी संख्याका आधारमा शिक्षक दरबन्दीको पुनर्वितरण गर्नु आवश्यक रहेको छ। यस पालिकाको कूल जनसंख्या ४५५८५ मध्ये आधारभूत तह उत्तीर्ण गर्ने जनसंख्या सबैभन्दा धेरै ७,६३४ जना रहेको र जसमा ९.२४ प्रतिशत महिला देखिन्छ। समग्रमा पालिकाको २१.९१ प्रतिशतले आधारभूत तहको शिक्षा हासिल गरेको देखिन्छ तथापि कक्षा ६-८ मा भने खुद भर्नादर ८१.३ प्रतिशत रहेकोले तोकिएको उमेर भन्दा माथिल्लो उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा लिएको देखिन्छ।

आधारभूत शिक्षामा देखिएका विद्यमान चुनौतीहरुः

१. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने।

२. सिकाइको गुणस्तर अभिवृद्दि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने।

३. विद्यालयको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपाङ्गमैत्री, बालमैत्री बनाउने।

४. विद्यालय व्यवस्थापन तथा जनसहभागितामा परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने ।

५. सूचना तथा सञ्चार प्रविधिमा दक्षतामा वृद्धि गरि शिक्षण सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने।

## ३.२.२उद्देश्य

१. निःशुल्क तथा अनिवार्य आधारभूतशिक्षाको कार्यान्वयन गर्नु।
२. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु।
३. सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने गरी शैक्षिक गुणस्तर निश्चितगर्नु ।
४. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री,सिकाइमैत्री,समावेशी, भयरहित र सुरक्षित बनाउनु ।

## ३.२.३ रणनीति

१. विद्यालय नक्साङ्कन,पुनर्वितरण तथा समायोजन गर्ने।
२. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको विवरण संकलन गरी पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
३. कक्षा३सम्म एकीकृत पाठ्यक्रमका आधारमा कक्षाशिक्षणलाईकार्यान्वयनगर्ने ।
४. प्रारम्भिक कक्षाहरूमा पठन तथा गणितीय सीप प्रबर्द्धन गर्ने ।
५. सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गराउने।
६. विद्यालयमा बालमैत्री,समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने ।
७. न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने ।
८. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने ।
९. आवश्यक शिक्षक तालिम,तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने ।
१०. विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने ।
११. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने ।
१२. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने ।
१३. विद्यालय शिक्षालाई विविधता अनकुल, समावेशी र समता मूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्मम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने।
१४. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।
१५. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने ।
१६. दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने ।

१७. अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने ।

१८. विद्यालयहरुमा बालउद्यानवृक्षारोपण आदि जस्ता का ,करेसाबारी ,फूलबारी ,र्यक्रमहरु समावेश गर्ने ।

## ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको तथा गुणस्त र अभिवृद्धि भएको हुनेछ।

### नतिजा

| क्रस | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १. | आधारभूत तह(प्राथमिक कक्षा १-८)मा विद्यालय बाहिर रहेका बालबालिका दर | १.७ | १.३८ | १.०३ | ०.६८ | ०.३२ |
| २. | आधारभूत तह(कक्षा १-५) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको सँख्या | | | | | |
| ३. | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions)पूरा गरेका आधारभूत तहका विद्यालयको सँख्या | १५ | १५ | १५ | १५ | १५ |
| ४. | विद्यालय नर्शको व्यवस्थापन | ० | १ | १ | १ | १ |

## ३.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | विद्यालय नक्शाङ्कन,पुनर्वितरण तथा समायोजन | पटक | ० | १ | ० | १ | ० | २ | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| २. | विद्यार्थीको अनुपातमा शिक्षक भर्ना | पटक | ० | १ | ० | १ | ० | २ | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| ३. | शिक्षण पेशा विकास तालिम/पूर्णताजगि | पटक | ० | ० | १ | ० | १ | २ | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| ४. | बालिका लक्षित खेलकुद /मैदान र खेल समाग्रीको व्यवस्थापन | पटक | ० | ० | १ | ० | १ | २ | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| ५. | आधारभूत तहका छात्राहरुको लागि सेनेटरी पैडव्यव्स्थापन (मेसिन) | पटक | २ | २ | २ | २ | २ | १० | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६. | ग्रिन विद्यालयको व्यवस्थापन | संख्या | १६ | १६ | १६ | १६ | १६ | ८० | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| ७. | उत्कृष्ट शिक्षक प्रोत्साहन कार्ययक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| ८. | पालिका स्तरीय बालिका लक्षित खेलकुद तथाअतिरिक्त क्रियाकलाप संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| ९. | गुनासो सुनवाई पेटिकाको व्यवस्थापन | निरन्तर | १६ | १६ | १६ | १६ | १६ | ८० | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| १०. | बहुभाषिक शिक्षण विधिकोसंचालन | निरन्तर | १६ | १६ | १६ | १६ | १६ | ८० | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| ११. | सुचना तथा प्रविधिको तालिम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| १२. | बुक कर्णर र सिकाइ सामाग्रीको व्यवस्थापन | बिधालय | ० | १६ | ० | ० | १६ | ३२ | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| १३. | कक्षागत अभिभावक बैठक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| १४. | पुस्तकालय र प्रयोगशालाको व्यवस्थापन | संख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| १५. | अनुगमन, मूल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| १६. | ReAL plan को कार्यन्यवन | निरन्तर | | | | | | | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| १७. | स्थानीय पाठ्यक्रमको निर्माण | निरन्तर | | | | | | | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| १८. | बालिका तथा समाबेशी शिक्षा | निरन्तर | | | | | | | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| १९. | नीति तर्जुमा गर्ने | इकाइ | १ | १ | १ | १ | १ | ५ | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| २०. | विद्यालय व्यवस्थापन समितिको गठन र सबलिकरण | निरन्तर | ३ | ३ | ४ | ३ | ३ | १६ | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २१. | कार्यसंचिका मार्फत बिधार्थी मुल्यांकन | पटक | | | १ | १ | १ | ३ | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| २२. | एकिकृत पाठयक्रमको तालिम /पुनः ताजगी | पटक | | | १ | १ | १ | ३ | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |
| २३. | प्रारम्भिक आपन्नाता पहिचान एवं समावेशी शिक्षा संचालन | पटक | | | १ | १ | १ | ३ | | संघीय,प्रदेश,स्थानीय र संघसंस्था |

आधारभूत शिक्षाको प्रमुख क्रियाकलाप संचालन गर्न अनुमानित बजेट (रु.हजारमा)

| क.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | विद्यालय नक्शाङ्कन, पुन र्वितरण तथा समायोजन | ० | १२० | ० | ० | ० | १२० | संघीय,प्रदेश, स्थानीय र संघसंस्था |
| २. | विद्यार्थीको अनुपातमा शिक्षक भर्ना | ० | ५० | ० | ५० | ० | १०० | संघीय,प्रदेश, स्थानीय र संघसंस्था |
| ३. | शिक्षण पेशा विकास तालिम/पूर्णताजगि | ० | २०० | ० | २०० | ० | ४०० | संघीय,प्रदेश, स्थानीय र संघसंस्था |
| ४. | बालिका लक्षित खेलकुद /मैदान र खेल समाग्रीको व्यवस्थापन | ० | ० | ४०<br>० | ० | ४०<br>० | ८०० | संघीय,प्रदेश, स्थानीय र संघसंस्था |
| ५. | आधारभूत तहका छात्राहरुको लागि सेनेटरी पैडव्यव्स्थापन (मेसिन) | ३५० | ३५० | ३५<br>० | ३५० | ३५<br>० | १७५० | संघीय,प्रदेश, स्थानीय र संघसंस्था |
| ६. | ग्रिन विद्यालयको व्यवस्थापन | १६०० | १६०<br>० | १६<br>०० | १६०<br>० | १६<br>०० | ८००० | संघीय,प्रदेश, स्थानीय र संघसंस्था |
| ७. | उत्कृष्ट शिक्षक प्रोत्साहन कार्ययक्रम | ६५ | ६५ | ६५ | ६५ | ६५ | ३२५ | संघीय,प्रदेश, स्थानीय र संघसंस्था |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८. | पालिका स्तरीय बालिका लक्षित खेलकुद तथ ाअतिरिक्त क्रियाकलाप संचालन | २३५ | २३५ | २३५ | २३५ | २३५ | ११७५ | संघीय,प्रदेश, स्थानीय र संघसंस्था |
| ९. | सुचना तथा प्रविधिको तालिम संचालन | ८७ | ८७ | ८७ | ८७ | ८७ | ४३५ | संघीय,प्रदेश, स्थानीय र संघसंस्था |
| १०. | बुक कर्णर र सिकाइ सामाग्रीको व्यवस्थापन | ० | ३२०० | ० | ० | ३२०० | ६४०० | संघीय,प्रदेश, स्थानीय र संघसंस्था |
| ११. | कक्षागत अभिभावक बैठक गर्ने | १६० | १६० | १६० | १६० | १६० | ८०० | संघीय,प्रदेश, स्थानीय र संघसंस्था |
| १२. | पुस्तकालय र प्रयोगशालाको व्यवस्थापन | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५०० | संघीय,प्रदेश, स्थानीय र संघसंस्था |
| १३. | अनुगमन, मूल्याङ्कन | ७५ | ७५ | ७५ | ७५ | ७५ | ३७५ | संघीय,प्रदेश, स्थानीय र संघसंस्था |
| १४. | नीति तर्जुमा गर्ने | ७५ | ७५ | ७५ | ७५ | ७५ | ३७५ | संघीय,प्रदेश, स्थानीय र संघसंस्था |
| १५. | कार्यसंचिका मार्फत बिधार्थी मुल्यांकन | | | ३०० | ३०० | ३०० | ९०० | संघीय,प्रदेश, स्थानीय र संघसंस्था |
| १६. | एकिकृत पाठयक्रमकों तालिम /पुन: ताजगी | | | २५० | २५० | २५० | ७५० | संघीय,प्रदेश, स्थानीय र संघसंस्था |
| १७. | प्रारम्भिक आपन्गता पहिचान एवं समावेशी शिक्षा संचालन | | | २०० | २०० | २०० | ६०० | संघीय,प्रदेश, स्थानीय र संघसंस्था |

## ३३. माध्यमिक शिक्षा

नेपालको संविधानले २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ । संविधानमा उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ। शिक्षा ऐन २०२८ ले कक्षा ९-१२ सम्मलाई माध्यमिक शिक्षाको रुपमा राखेको छ। अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्यमिक तहमा परम्परागत, प्राविधिक र साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ। यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यवहारिक बनाउनु पर्दछ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमताअनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक तथा व्यवसायिक सीप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ। रामनगरगाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ।

### ३.३.१वर्तमान अवस्था

रामनगर  गाउँपालिका भित्र हाल कक्षा १० संचालित सञ्चालित २ कक्षा १२ सम्म सञ्चालित १ मात्र सामुदायिक गरी माध्यमिक तहको विद्यालयहरूको संख्या ३ वटा रहेको छ। माध्यमिक तह कक्षाको ९-१० को खुद भर्ना दर ६५.२ र कूल भर्नादर ७६.८ रहेको छ। माध्यमिक तहमा विद्यमान अवस्थामा लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ कक्षा ९-१० मा ५६ प्रतिशत छात्रा र ४४ प्रतिशत छात्र साथै र यस तहमा खुद भर्नादरमा लैङ्गिक समता सूचक कक्षा ९-१० को १.२७ र कक्षा ११-१२ को ०.८८ र शिक्षक विद्यार्थी अनुपात ०.०० प्रतिशत रहेको छ।कक्षा १० को टिकाउ दर ४८.३ प्रतिशत, उत्तीर्ण दर ९४.०१, कक्षा १० मा कक्षा दोहोर्‍याउने दर ०.०० र कक्षा छोड्ने दर० रहेको छ।

### ३.३.२उद्देश्य

१. माध्यमिक शिक्षामा समता मुलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।
२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।
३. माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री ,समावेशी र सुरक्षित बनाउनु ।

### ३.३.३ रणनीति

१. माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार विद्यालयहरूको पुनर्वितरण,समायोजन तथा स्थापना गर्ने ।
२. विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धिगर्न विभिन्न प्रोत्साहन मूलक कार्यक्रमहरु सञ्चालन गर्ने।
३. विद्यालय वाहिर रहेका बालबालिकाहरुका लागि बैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने।

४. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने।
५. माध्यमिकतहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने।
६. शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने ।
७. शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने ।
८. शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने ।
९. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने ।
१०. विद्यालयहरूलाई प्रकोप,संकट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थिति प्रति उत्थानशील बनाउन।
११. कक्षा ११-१२ मा विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने।
१२. सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने ।
१३. आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने।

### ३.३.४ प्रमुख उपलब्धि तथ नतिजा

**उपलब्धि**

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ ।
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।

**नतिजा**

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १. | माध्यमिक तह (कक्षा९-१०) मा खुद भर्ना दर (NER) | २९.६ | ३५.९९ | ४२.५९ | ५१.११ | ६१.३३ |
| २. | माध्यमिक तह (कक्षा९-१०) मा कुल भर्ना दर (GRE) | २१.२ | २१.६९ | २२.१६ | २२.६३ | २३.१२ |
| ३. | माध्यमिक तह (कक्षा११-१२) मा सहजै देखिने भर्ना दर (GER) | ८.८ | ९.६२ | १०.५२ | ११.५० | १२.५७ |
| ४. | माध्यमिक तह (कक्षा११-१२) मा खुद भर्ना दर (NER) | ३.४ | ४.०१ | ४.७६ | ५.६५ | ६.७१ |
| ५. | माध्यमिक तह (कक्षा९-१२) मा सहजै देखिने भर्ना दर (GER) | १४.९ | १५.६९ | १६.५२ | १७.३९ | १८.३१ |
| ६. | माध्यमिक तह (कक्षा९-१२) मा खुद भर्ना दर (NER) | ९.२ | १०.२३ | ११.४२ | १२.७६ | १४.२६ |
| ७. | माध्यमिक तह (कक्षा९-१२) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १.०५ | १.०६ | १.०६ | १.०६ | १.०६ |
| ८. | माध्यमिक तह (कक्षा९-(१२) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NER) | १.०६ | १.०७ | १.०७ | १.०७ | १.०७ |
| ९. | माध्यमिक तह (कक्षा१-१२) मा उमेरगत भर्ना दर (ASER) | ४३.४ | ४३.४७ | ४४.०६ | ४४.४० | ४४.७४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०. | कक्षा १ का जम्मा बिद्यार्थी मध्ये कक्षा १०सम्म पुग्ने दर (Survival Rate to Grade १०) | ६९.५ | ७१.८८ | ७४.३५ | ७६.४६ | ७९.५४ |
| ११. | कक्षा १ का जम्मा बिद्यार्थी मध्ये कक्षा १०को अन्त्य सम्म टिक्नेको दर (Retention Rate at the end of Grade १०) | ६९.७ | ७२.११ | ७४.६१ | ७७.१९ | ७४.५६ |
| १२. | कक्षा १का जम्मा बिद्यार्थी मध्ये कक्षा१० तथा माध्यमिक त्तह (कक्षा१-१०) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:-G१-१०) | ६९.१ | ७१.२९ | ७३.५६ | ७५.८९ | ७८.३० |
| १३. | माध्यमिक तह (कक्षा९-१०) मा दलित बिध्यर्थिको प्रतिशत | २०.८ | २३ | २६ | २८ | ३२ |
| १४. | माध्यमिक तह (कक्षा११-१२) मा दलित बिध्यर्थिको प्रतिशत | १४.३ | १५ | १६ | १७ | १८ |
| १५. | माध्यमिक तह (कक्षा९-१२) मा दलित बिध्यर्थिको प्रतिशत | १९.८ | २२ | २४ | २६ | २८ |
| १६. | माध्यमिक तह (कक्षा९-१२) मा अपाङ्गता भएका बिध्यर्थिको प्रतिशत | १.४ | १.३ | १.२ | १.१ | १ |
| १७. | आधारभूततह (कक्षा९-१०) का बिद्यार्थीहरू मध्ये छात्रवृत्ति पाउनेको प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| १८. | माध्यमिकतहमा (कक्षा९-१०) अध्ययनरत बिद्यार्थीहरु मध्ये शैक्षिक सत्र शुरू भएको दोस्रो हप्ता भित्रमा पुरा सेट पाठ्यपुस्तक प्राप्त गर्ने बिद्यार्थीको प्रतिशत | ९० | १०० | १०० | १०० | १०० |

## ३.३.५ प्रमुखक्रियाकलाप रलक्ष्य

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| २. | विद्यालय नक्साङ्कन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | पटक | ० | १ | ० | ० | १ | २ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ३. | अति सिमान्तकरत, सिमान्तकृत , दलित र विपन्न बालबालिकाको लागि छात्रवृत्तिको व्यवस्था | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ४. | विद्यालयमा यातायातको व्यवस्था | सङ्ख्या | ० | ० | ० | १ | २ | ३ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५. | सिकाइ क्षति परिपूरणको लागि learning camp कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ६. | अपाङ्ग विद्यार्थी पहिचानको लागि स्वास्थ्य सिविरको व्यवस्था | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ७. | एक विद्यालय एक नर्स कार्यक्रम विस्तार | विद्यालय | ० | १ | १ | १ | ० | ३ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ८. | योग,ध्यान र प्रणयामको लागि क्षमता विकास कार्यक्रम | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ९. | बालक्लव,जुरेस,स्काउटकोट्रुप,बालस ञ्चालगठन | विद्यालय | ० | ३ | ० | ० | ० | ३ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| १०. | प्रतिभा पहिचान तथा उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय पुरस्कार तथा सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ११. | भौतिक संरचना नियमित मर्मत, सम्भार ,निर्माण र विषयगय प्रयोगशाला आदिको व्यवस्थापन | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| १२. | तहगत इन्चार्जको क्लष्ट र बैठक | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| १३. | प्र.अ र शिक्षकसँग कार्य सम्पादन सम्झौता कार्यक्रम | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| १४. | सहभागीता मूलक र नतीजा मूलक अनुगमन र मूल्याङ्कन | विद्यलय | ३ | ३ | ३ | ३ | ३ | १५ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| १५. | कक्षा १२ सम्म विज्ञान विषयको अध्ययन गर्ने अवसर को सृजान | विद्यालय | ० | ० | १ | ० | १ | २ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६. | प्राविधिक धारको विद्यालयको लागि अनुदान | विद्यालय | ० | ० | १ | ० | १ | २ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |

## माध्यमिक शिक्षाको प्रमुख कार्यक्रमहरु संचालन गर्न अनुमानित बजेट (रु.हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ /८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १. | विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | ९० | ९० | ९० | ९० | ९० | ४५० | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| २. | विद्यालय नक्साङ्कन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | ० | १२० | ० | ० | १२० | २४० | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ३. | अति सिमान्तकरत, सिमान्तकृत , दलित र विपन्न बालबालिकाको लागि छात्रवृत्तिको व्यवस्था | १००० | १००० | १००० | १००० | १००० | ५००० | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ४. | विद्यालयमा यातायातको व्यवस्था | ० | ० | ० | ६००० | १२००० | १८००० | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ५. | सिकाइ क्षति परिपूरणको लागि learning camp कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | २२५ | २२५ | २२५ | २२५ | २२५ | ११२५ | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ६. | अपाङ्ग विद्यार्थी पहिचानको लागि स्वास्थ्य सिविरको व्यवस्था | ४५ | ४५ | ४५ | ४५ | ४५ | २२५ | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ७. | एक विद्यालय एक नर्स कार्यक्रम विस्तार | ० | ३६४ | ३६४ | ३६४ | ० | १०९२ | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ८. | योग,ध्यान र प्रणयामको लागि क्षमता विकास कार्यक्रम | ६० | ६० | ६० | ६० | ६० | ३०० | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९. | बालक्लव,जुरेस,स्काउटकोट्रुप,बालसञ्चालगठन | ० | ६० | ० | ० | ० | ६० | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| १०. | प्रतिभा पहिचान तथा उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय पुरस्कार तथा सम्मान कार्यक्रम | २५ | २५ | २५ | २५ | २५ | १२५ | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ११. | भौतिक संरचना नियमित मर्मत, सम्भार ,निर्माण र विषयगय प्रयोगशाला आदिको व्यवस्थापन | १५० | १५० | १५० | १५० | १५० | ७५० | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| १२. | तहगत इन्चार्जको क्लष्ट र बैठक | १२ | १२ | १२ | १२ | १२ | ६० | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| १३. | प्र.अ र शिक्षकसँग कार्य सम्पादन सम्झौता कार्यक्रम | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| १४. | सहभागीता मूलक र नतीजा मूलक अनुगमन र मूल्याङ्कन | १२० | १२० | १२० | १२० | १२० | ६०० | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| १५. | कक्षा १२ सम्म विज्ञान विषयको अध्ययन गर्ने अवसर को सृजान | ० | ० | १५०० | ० | १५०० | ३००० | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| १६. | प्राविधिक धारको विद्यालयको लागि अनुदान | ० | ० | २००० | ० | २००० | ४००० | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |

## ३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो। सिकाइ कोक्रोदेखि मृत्युपर्यन्तसम्म चलिरहने प्रक्रिया हो। विभिन्न माध्यम र किसिमले जीवनोपयोगी ज्ञान र सीप हासिल गरेर समाजमा आफ्नो उपस्थितिलाई सशक्त बनाउन उपयुक्त शिक्षा अनौपचारिक र औपचारिक माध्यमबाट आर्जन गर्नुपर्ने हुन्छ। समुदायले विभिन्न योग्यता, क्षमता, सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक विविधता समिश्रणको प्रतिनिधित्व गर्छन्। समुदायमा बसेका विभिन्न तप्काका व्यक्तिहरुमा रहेको अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्दै उनीहरुको जीवनस्तर उकास्न जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्न औपचारिकर अनौपचारिक शिक्षामा राज्यले लगानी गरेको हुन्छ। औपचारिक शिक्षाको निश्चित समयावधिमा हासिल गरेका ज्ञान र सीपले मात्र मानव जीवनलाई सार्थक बनाउन सक्दैन । अनौपचारिक शिक्षाको दायरा र अपरिहार्यताको आधारमा यसको गरीमा बढाउन राज्यको लगानी तथा ध्यान पर्याप्त नभएको वास्तविकता हो। गुणस्तरीय र प्रतिस्पर्धी जीवन बिताउन

अनौपचारिक शिक्षाको विकल्प छैन। जीवनपर्यन्त सिकाइको अवधारणा नेपालमा जीवनपर्यन्त सिकाइलाई आधिकारिक रूपमा परिभाषित नगरिएको भए पनि सरकारी नीति तथा योजनालाई आधार मान्दा जीवनपर्यन्त सिकाइ, अनौपचारिक र औपचारिक शिक्षाका माध्यमबाट जीवनभर गरिने सिकाइ हो।

### ३.४.१वर्तमान अवस्था

यस पालिकामा विगतमा प्रौढ शिक्षा कार्यक्रमसञ्चालन भएको तथा उक्त कार्यक्रम पश्चात् २०६२ सालदेखि पालिका भरमा २ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा आएका छन्। जसले निरन्तर रुपमा अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र निरन्तर शिक्षाका बारेमा काम गर्दै आएका छन्। हाल सम्म पूर्ण रुपमा निरक्षर २८७२७ रहेका छन् जुन कूल जनसंख्यको ३६.८१ प्रतिशत हुन आउँछ। लेखपढ गर्नसक्ने जनसंख्या १००३० रहेको छ। रामनगरको कूल साक्षरता प्रतिशतमा २६.३० प्रतिशत महिला रहेका छन्।

### ३.४.२उद्देश्य

१. सबै नागरिकका लागि समावेशी तथा समता मूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने ।
२. सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ३.४.३रणनीति

१. सामूदायिक सिकाइ केन्द्रहरूको समायोजन तथा पुनर्वितरण गर्ने ।
२. सामूदायिक सिकाइ केन्द्र, विद्यालय ,स्थानीय संघ संस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने।
३. सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने ।
४. सरोकारवालाहरू सँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने ।
५. सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ एम सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने ।
६. सामूदायिक सिकाइ केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
७. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सीपहरुको परीक्षण र प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारुपले गरेको व्यवस्था बमोजिम प्रमाणपत्रको व्यवस्था मिलाउने ।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुने छन्।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सीप(१५वर्ष भन्दा माथि) * (%) | ४२.९ | ५७ | ६५ | ७८ | ८८ |
| २ | भाषिक तथा गणितीय साक्षरता सीप(१५वर्ष भन्दा माथिका महिला)(%) | ३०.९ | ४५.४ | ५६.९ | ६८ | ७९ |
| ३ | भाषिक तथा गणितीय साक्षरता सीप(१५-२४ ) | ७३.५ | ८५.० | ९०.० | ९५.० | १०० |

## ३.४.४ प्रमुखक्रियाकलापरलक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | निरक्षरहरुको विवरण संकलन | पटक | १ | १ | १ | १ | १ | ५ | | संघिय,प्रदेश,स्थानीय र संघसंस्था |
| २. | साक्षर रामनगर | वडागत | १ | १ | २ | १ | २ | ७ | | संघिय,प्रदेश,स्थानीय र संघसंस्था |
| ३. | विज्ञ समूह निर्माण | पटक | ० | १ | ० | ० | ० | १ | | संघिय,प्रदेश,स्थानीय र संघसंस्था |
| ४. | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | संख्या | १ | १ | १ | १ | १ | ५ | | संघिय,प्रदेश,स्थानीय र संघसंस्था |
| ५. | परिचालकको क्षमता विकास | संख्या | ७ | ७ | ७ | ७ | ७ | ३५ | | संघिय,प्रदेश,स्थानीय र संघसंस्था |
| ६. | स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य संघ-संस्थाहरूसँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी स्थानीय तहको मापदण्ड र निर्देशिकाहरूको विकास गर्ने | पटक | ० | ० | १ | ० | ० | १ | | संघिय,प्रदेश,स्थानीय र संघसंस्था |
| ७. | स्थानीय तहका सबै सरोकारवालाहरू सँगको समन्वय र सहयोगमा लक्षित कार्यक्रमहरू मार्फत स्थानीय तहका वार्डहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षरता बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सन्चालन बापतको बजेट अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | | संघिय,प्रदेश,स्थानीय र संघसंस्था |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८. | अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी जस्ता आम सन्चारका साधनहरूको उपयोग गर्न बजेट अनुदान (स्थानीय तहमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासमबन्धी बिषयबस्तुहरुको विकास, बितरण र प्रचारप्रसार गर्ने) | पटक | १ | १ | १ | १ | १ | ५ | | संघिय,प्रदेश,स्थानीय र संघसंस्था |
| ९. | अनौपचारिक र निरन्तर शिक्षासम्बन्धी NQF कार्यन्वयन (समकक्षता मूल्यांकन र निर्धारणका लागि ऐन, निर्देशिका साथै सँस्थागत संरचना, मानव स्रोत विकास र तिनको क्षमता अभिबृधि गर्ने) का लागि बजेट अनुदान | पटक | ० | १ | १ | १ | १ | ४ | | संघिय,प्रदेश,स्थानीय र संघसंस्था |
| १० | अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमहरुको अनुगमन बापतको बजेट अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | | संघिय,प्रदेश,स्थानीय र संघसंस्था |

# परिच्छेद ४:अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान, सीप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठ्यक्रम हो । मानव जीवनका व्यवहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो । वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरु, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरि बालबालिकाको सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ । पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहना अनुरुप परिवर्तन भइरहन्छ । निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तिका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो ।

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो । यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ । पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक हुनुपर्छ । समयसापेक्ष हुनुपर्छ । जनचाहना पूरा गर्न सक्नुपर्दछ । कक्षाकोठाको वातावरण अनुकूल हुनुपर्छ । व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रुपमा पर्छ । पाठ्यक्रम समावेशी हुनुपर्छ । यसले सबैको चाहना प्रतिविम्बन गर्न सक्नुपर्छ । स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरि मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ ।

पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन-कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो। मूल्याङ्कन पद्धतिकारुपमा कक्षाकोठामा आधारित पठन सीप परिक्षण, आवधिक परीक्षा, आवधिक मूल्याङ्कन, NARN, NASAरहेका छन् भने हाल सिकाइका लागि मूल्यांकनको प्रभावकारी कार्यान्वयन आजको आवश्यकता रहेको छ। साथै सन्दर्भ सामग्रीहरूमा विद्यार्थीहरूको पहुँच वृद्धिको लागि गरिएको व्यवस्था जस्तै विद्युतीय प्रति CEHRDको अनलाइन पोर्टलमा राखिएको, राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागु भएका जिल्लामा कक्षा १-३ का लागि दिइएका सामग्री आदि रहेका छन्।

### ४.१.२ वर्तमान अवस्था

**रामनगर** गाउँपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको सर्वविदितै छ। यसै शैक्षिक सत्रदेखि यस पालिकाले वातावरणीय दिगोपनाको लागि वृक्षारोपण, वातावरण संरक्षणको रैथाने ज्ञान र सीपलाई समावेश गर्ने तथा हरित विद्यालय, हरित वडा र हरित समुदायको अवधारण जस्ता विषयलाई समावेश गरी आधारभूत तह कक्षा १-५ को स्थानीय विषयको पाठ्यक्रम निर्माणको थालनी गर्ने र अर्को बर्ष आधारभूत तह कक्षा ६-८ को स्थानीय विषयको पाठ्यक्रम निर्माण योजना गरेको छ। स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुऱ्याई बालबालिकाहरुलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुऱ्याउछ। स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरीएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। त्यसैगरी यसले सिकाइमा प्रयोग गरीने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ।

आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नति नीति अपनाइएको छ भने आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन बिधि अपनाएइको छ। आधारभूत तह कक्षा ६-८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाइएको छ। आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ। कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने गरेको छ। कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ।

### पाठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरुः

१. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास गर्नु।
२. प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्नु।
३. स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउनु।

४. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग गर्नु।
५. स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह अर्थपूर्ण सहभागितागर्नु ।
६. अपाङ्गता मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग गर्नु।

कक्षा १-३ मा पठनसीप सम्बन्धि शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरुको विकास, वितरण तथा प्रयोग हुदै आउनु स्थानीय पाठ्यक्रमको विकास प्रक्रिया अगाडी बढ्नु र समयमा नै पाठ्यपुस्तकहरु प्राप्त हुनु अवसरको रुपमा रहेका छन् ।

### ४.१.३ उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

१. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
२. स्थानीय पाठ्यक्रम मार्फत समृद्ध लालबन्दीनिर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरीक तयार गर्न सहयोग गर्नु ।
३. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु ।

### ४.१.४ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीनेछ :

१. स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध लालबन्दीनिर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरीक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइने छ ।
२. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन स्थानीय परिवेशमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्वन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइने छ र प्रभावकारिता आधारमा निरन्तरता प्रदान गरीने छ ।
३. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपत, महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षा देखिनै बालबालिकालाई सक्षम बनाइँदै लगिने छ ।
४. विपत, महामारी तथा सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम् उपयोगमा जोड दिइने छ ।
५. प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषालाई प्राथमिकता दिइने छ ।
६. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईने छ ।
७. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गरीनेछ ।
८. आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरीय वनाइ सुधार गरीनेछ ।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप

**क) उपलब्धि**

विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरीक तयार गर्न सहयोग हुने ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइ द्वारा सिकारुमा ज्ञान,सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।
२. स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।
३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १. | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय संख्या | १६ | १६ | १६ | १६ | १६ |
| २. | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय संख्या | १६ | १६ | १६ | १६ | १६ |
| ३. | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | १६ | १६ | १६ | १६ | १६ |
| ४. | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय संख्या | ० | १ | १ | ३ | २ |
| ५. | स्थानीय तहबाट कक्षा १-३ सम्मको एकीकृत पाठ्यक्रममा आधारित भइ कक्षा १-३ का बिद्यार्थीहरूको पढाई र गणितीय सक्षमता अभिवृद्धी गर्नका लागि सन्चालन गरिएकाक्रियाकलापहरू (शिक्षक निर्देशिका, तालिम, अतिरिक्त सिकाई सामाग्रीहरु र गणितीय सिकाई सामग्रीहरूको प्रयोग) | १६ | १६ | १६ | १६ | १६ |
| ६. | माध्यमिकतहमा (कक्षा ९-१०) अध्ययनरत बिद्यार्थीहरुमध्ये शैक्षिक सत्र शुरू भएको दोस्रो हप्ता भित्रमा पुरा सेट पाठ्यपुस्तक प्राप्त गर्ने बिद्यार्थीको प्रतिशत | ९० | १०० | १०० | १०० | १०० |

### ४.१.४ प्रमुखक्रियाकलापर लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | कैफियत |
|---|---|---|---|---|---|

| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यन्वयन (तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरुको विकास गर्ने) | पटक | ० | १ | ० | ० | १ | २ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| २. | स्थानीय पाठ्यक्रम २०८० कार्यान्वियन | पटक | १ | १ | १ | १ | १ | ५ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ३. | पाठ्यक्रमको मूल्यांकन (मुल्यांकन, सुधार र बिद्यालयमा आधारित पाठ्यक्रम विकास र नमूना परीक्षण) | पटक | १ | १ | १ | १ | १ | ५ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ४. | स्थानीय पाठ्यक्रम परीक्षण | पटक | २ | २ | २ | २ | २ | १० | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ५. | विद्यार्थी मूल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ६. | आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम प्रदान गर्ने | संख्या | ० | ४५ | ० | ० | ० | ४५ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ७. | संस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (बिज्ञहरुको परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागि प्राबिधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने) | पटक | १ | १ | १ | १ | १ | ५ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |

**पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनको प्रमुख कार्यक्रम संचालन गर्न अनुमानित बजेट (रु.हजारमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यन्वयन ( तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरुको विकास गर्ने) | ० | ४५० | ० | ० | ४५० | ९०० | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| २. | स्थानीय पाठ्यक्रम २०८० कार्यान्वियन | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | पाठ्यक्रमको मूल्यांकन (मुल्यांकन, सुधार र विद्यालयमा आधारित पाठ्यक्रम विकास र नमूना परीक्षण) | ७५५ | ७५५ | ७५५ | ७५५ | ७५५ | ३७७५ | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ४. | स्थानीय पाठ्यक्रम परीक्षण | १०० | १०० | १०० | १०० | १०० | ५०० | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ५. | विद्यार्थी मूल्याङ्कन | १५०० | १५०० | १५०० | १५०० | १५०० | ४५०० | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ६. | आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम प्रदान गर्ने | ० | ६७५ | ० | ० | ० | ६७५ | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ७. | संस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने ( बिज्ञहरुको परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागि प्राबिधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने) | २८५ | २८५ | २८५ | २८५ | २८५ | १४२५ | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन्। सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरि विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ। वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ। शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यवसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्धर विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्तज्ञान, शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूकोसिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरितशिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षकव्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ। नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजनातथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्चप्राथमिकतामा राखी कार्यक्रमसञ्चालन गरेको पाइन्छ।

### ४.२.१ वर्तमान अवस्था

शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्नका लागि नेपालको पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) ले यस पेशामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेशामा प्रवेश गर्न पाउने कानूनी व्यवस्था गर्ने उल्लेख गरेको छ। शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेशाको सुरक्षा लगायतका कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठत पेशाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ। नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको अवस्था छ। शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले यससेवाप्रति शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ। शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूलाई स्थानीय तहलेविद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ।

### ४.२.२ उद्देश्य

१. विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन गर्नु ।
२. शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु ।
३. शिक्षकको निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु ।

### ४.२.३ रणनीति

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने ।
२. रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गर्ने ।
३. शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेश सँगको समन्वयमा शिक्षण सीप विकास सम्बन्धी सेवा कालीन तालिम सञ्चालन गर्ने ।
४. शिक्षक पेसागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोतः शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने ।
५. शिक्षकको उपस्थिति, नियमितता र कार्य सम्पादनमा सुधार गर्ने ।
६. शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधार सँग सम्बन्धित गरी नतिजा प्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. दरवन्दी मिलान सम्पन्न भै विषयगत र कक्षागत रुपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ ।
२. शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुनेछ ।

## नतिजा

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक(%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह(कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक(%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |

## ४.२.४ प्रमुखक्रियाकलापरलक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | पालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | पटक | ० | १ | ० | ० | ० | १ | | |
| २. | पालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका तथा शिक्षण सिकाइ नियमित गर्न मापदण्ड निर्माण | पटक | ० | १ | ० | ० | ० | १ | | |
| ३. | शिक्षक क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ४. | छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ५. | बाल विकास सहजकर्ताको लागि ५ कार्यदिने तालिम | संख्या | १२ | १२ | १२ | १२ | १२ | ६० | | |
| ६. | शिक्षकको आपूर्ति र वितरण विद्यार्थी संख्यको आधारमा दरबन्दी व्यवस्थापन गर्नेर शिक्षक योग्यता र बितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन (पुनर्बितरण र समायोजन) | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ७. | १५% देखि ३५% माध्यमिक शिक्षकहरुलाई गणित, विज्ञान र अंग्रेजी बिषयको बिषयबस्तुहरुको पाठ अध्ययन सामग्री विकाससम्बन्धी तालिम दिने | संख्या | १५ | १५ | १५ | १५ | १५ | ७५ | | |
| ८. | ECED र सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि प्रशिक्षक १० दिने प्रशिक्षण तालिम (TOT) | संख्या | ४० | ४० | ४० | ४० | ४० | २०० | | |
| ९. | बिद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | पटक | १ | १ | १ | १ | १ | ५ | | |

## शिक्षक व्यवस्थापन र विकासको प्रमुख कार्यक्रम संचल गर्न अनुम्मनित बजेट (रु.हजारमा)

| क्रसं | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १. | पालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | ० | १६० | ० | ० | ० | १६० | |
| २. | पालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिकातथा शिक्षण सिकाइ नियमित गर्न मापदण्ड निर्माण | ० | ७५ | ० | ० | ० | ७५ | |
| ३. | शिक्षक क्षमता विकास कार्यक्रम | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | |
| ४. | छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने | ३५० | ३५० | ३५० | ३५० | ३५० | १७५० | |
| ५. | बाल विकास सहजकर्ताको लागि ५ कार्यदिने तालिम | ३२० | ३२० | ३२० | ३२० | ३२० | १६०० | |
| ६. | शिक्षकको आपूर्ति र वितरण विद्यार्थी संख्यको आधारमा दरबन्दी व्यवस्थापन गर्नेर शिक्षक योग्यता र बितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन (पुनर्बितरण र समायोजन) | १५ | १५ | १५ | १५ | १५ | ६० | |
| ७. | १५% देखि ३५% माध्यमिक शिक्षकहरुलाई गणित, विज्ञान र अंग्रेजी बिषयको बिषयबस्तुहरुको पाठ अध्ययन सामग्री विकाससम्बन्धी तालिम दिने | ४२५ | ४२५ | ४२५ | ४२५ | ४२५ | २१२५ | |
| ८. | ECED र सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि प्रशिक्षक १० दिने प्रशिक्षण तालिम (TOT) | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | |
| ९. | बिद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | १५० | १५० | १५० | १५० | १५० | ७५० | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

विभिन्न कारणले शिक्षाको मूलप्रवाहीकरणबाट बञ्चित विभिन्न वर्ग, जाति, लिंग, भाषा, क्षमता फरक क्षमता भएका आदिका विद्यालयका बालबालिकालाई उनीहरूको neuro linguistic programming and multiple intelligence आधारमा शिक्षा प्रदान गर्नु आवस्यकता हो । नेपालको संविधानको प्रस्तावनामा समेत नेपाललाई समावेशी बनाउने अठोट गरिएको छ । राष्ट्रिय शिक्षा नीति,२०७६ , अनिवार्य तथा निशुल्क शिक्षा ऐन,२०७५अपाङ्ग भएका व्यक्ति तथा आर्थिक सामाजिक रुपमा पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमको शैक्षिकसंस्थाबाट निःशुल्क रुपमा विद्यालय शिक्षा उच्च शिक्षा र प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा उपलब्ध गराउने प्रावधान रहेको छ । एकीकृत क्षमता र नीति,२०७१ कार्यान्वयनबाट बहु-वञ्चितीकरणमा परेका बालबालिकाहरुलाई थप सहयोग सहित शैक्षिक अवसरको व्यवस्था गरिएको छ । अशक्त अपाङ्ग, अनाथ,फरक क्षमता भएका बालबालिकाका लागि आवाससहितको विद्यालय शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ आर्थिकरुपले विपन्न बालबालिकाका लागि आर्थिक सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

**रामनगर गाउँपालिकाकको** सामाजिक, आर्थिक, सास्कृतिक विविधता भएको स्थानीय तह हो ।यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ ।

### ४.३.१ वर्तमान अवस्था

यस पालिकामा लैङ्गिक अनुपात ०.९२ प्रतिशत रहेको छ। गाउ कार्यपालिका, वडा समिति, शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति आदि तथा विभिन्न सङ्घ संस्थामा महिला र दलितको सहभागितात्मक उपस्थिति उल्लेख्य रहेको छ । आधारभूत तह कक्षा १-५ मा , कक्षा ६-८ मा ०.९०, कक्षा ९-१० मा०.९०र कक्षा ११-१२ मा०.९३प्रतिशत लैङ्गिक समता सूचक रहेको छ ।

शैक्षिक समता र समावेशीकरण सम्बन्धमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ :

१. लैङ्गिक मूलप्रवाहीकरणमा महिलाको सहभागिता सुनिश्चित गर्नु ।
२. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने ।
३. लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुऱ्याउने ।
४. विद्यालयमा विभेदरहित बालमैत्री बनाउने ।

## ४.३.२ उद्देश्य

१. शिक्षाको मूल धारबाट वञ्चित रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्ने ।
२. शैक्षिक सुशासन कायम गर्ने ।
३. विद्यालयलाई लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री बनाउने ।
४. महिला शिक्षकको संख्या बृधिमा गर्ने ।

## ४.३.३ रणनीतिहरू

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सो अनुसार प्रबन्ध मिलाइने छ ।
२. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरिने छ ।
३. आवासीय विद्यालय मार्फत आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ ।
४. विभेदरहित बालमैत्री वातावरण सिर्जना गरिने छ ।
५. आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिनेछ ।
६. लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री भौतिक संरचना निर्माण गर्ने ।
७. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने छ ।
८. हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने ।
९. शिक्षक भर्ना तथा नियुक्तीमा महिलालाई प्राथमिकता दिने ।

## ४.३.४प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

- लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भै सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।

### नतिजा

| | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १. | ECEDमा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचक ( GPI in ECED GER) | | | | | |
| २. | ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED NER) | ०.८६ | ०.८६ | ०.८६ | ०.८६ | ०.८६ |
| ३. | कक्षा १ को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक ( GPI in GIR) | १.०१ | १.० | १.० | १.० | १.० |
| ४. | कक्षा १ को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NIR) | १.०२ | १.०२ | १.०२ | १.०१ | १.०१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | आधारभूततह (कक्षा १-८) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १.०४ | १.०४ | १.०३ | १.०३ | १.०३ |
| ६. | आधारभूततह (कक्षा १-८) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NER) | १.०१ | १.०१ | १.०१ | १.०१ | १.०१ |
| ७. | माध्यमिकतह (कक्षा ९-१२) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १.०५ | १.०५ | १.०४ | १.०४ | १.०३ |
| ८. | माध्यमिकतह (कक्षा ९-१२) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NER) | १.०६ | १.०५ | १.०५ | १.०४ | १.०४ |
| ९. | माध्यमिक तह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत | ० | ४ | ६ | ९ | १० |
| १० | माध्यमिक तह (कक्षा ९-१०) का बिद्यार्थीहरूमध्ये छात्रवृत्ति पाउनेको प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |

## ४.३.४प्रमुख क्रियाकलापर लक्ष्य

| क्र.सं. | प्रमुखक्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | निरन्तर | | | | | | | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| २ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | निरन्तर | | | | | | | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| ३ | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषय वस्तुहरूलाई समावेश | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| ४ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरूबिच जवाफदेहिता सहितको कार्यगत समन्वय | निरन्तर | | | | | | | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| ५ | निर्देशिका अनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्ति समेत) | संख्या | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| ६ | श्रवण/बहिरा, बोलाई कठिनाई भएका र बौद्धिक अपाङ्गता भएका बालबालिकाकालाई बिशेष शिक्षा प्रदान गर्नका लागि साथै आवास सुविधा सहित भएका बिद्यालयहरुलाई बजेट अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| ७ | बिशेष शिक्षा परिषदबाट सहयोग प्राप्त भई सन्चालित बिशेष बिद्यालयहरुमा शिक्षण सिकाई सामग्री बितरण बापतको बजेट अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |

**शैक्षिक समता र समावेशीकरणको प्रमुख कार्यक्रमहरु संचालन गर्न अनुमानित बजेट (रु.हजारमा)**

| क.सं. | प्रमुखक्रियाकलापहरू | बजेट | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १. | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| २. | निर्देशिका अनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्ति समेत) | ७०० | ७०० ७०० | ७०० | ७०० | ७०० | ३५०० | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| ३. | श्रवण/बहिरा, बोलाई कठिनाई भएका र बौद्धिक अपाङ्गता भएका बालबालिकाकालाई बिशेष शिक्षा प्रदान गर्नका लागि साथै आवास सुबिधा सहित भएका बिद्यालयहरुलाई बजेट अनुदान | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| ४. | बिशेष शिक्षा परिषदबाट सहयोग प्राप्त भई सन्चालित बिशेष बिद्यालयहरुमा शिक्षण सिकाई सामग्री बितरण बापतको बजेट अनुदान | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | संघ,प्रदेश,स्थानीय र संघसंस्था |

## ४.४ दिवा खाजासहित पोषणतथा स्वास्थ्य कार्यक्रम

नेपालमा सन् १९७४ देखि छनौटमा परेका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो। आर्थिक वर्ष २०७७/२०७८ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरीएको छ।नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०७७/७८ मा यो लगानी करिब ८ अरब पुगेको छ। नेपालको हाल कार्यान्वयनमा रहेको पन्ध्रौं योजनालगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई स्वास्थ्य,प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान दिएको छ।

### ४.४.१ वर्तमान अवस्था

नेपाल सरकारबाट बिद्यालय दिवा खाजा कार्यक्रम लागू हुनु पुर्व स्थानीय तहको संरचना वने पश्चात यस पालिकाले प्रारम्भिक बालविकास केन्द्रमा "खाजा खाऔ विद्यालय जाऔं" कार्यक्रम सञ्चालन गरेको थियो। जसले गर्दा बालविकास शिक्षामा बालबालिकाको उल्लेखनिय सहभागिता भएको थियो तथा समुदायको पनि सक्रिय सहभागिता रहेको थियो। आ.व. २०७६/०७७ देखि नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम शुरु गरे पश्चात् यस पालिकाका कक्षा १-५ सञ्चालित सामुदायिक विद्यालय मार्फत ४३३१ विद्यार्थी लाभान्वित भएका छन् साथै पालिकाबाट विद्यालय दिवा खाजा सम्वन्धी कार्यविधि निर्माण गरी विद्यालय दिवा खाजामा पूर्ण रुपमा जङ्क फुड निषेध गरि व्यवस्थापन गर्ने प्रयास गरिएकोछ।

### ४.४.२ उद्देश्य

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।

२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाकोगुणस्तरवृद्धिगरीबालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.४.३ रणनीति

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमाखाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने ।

२. दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरु विस्तार गर्ने ।

३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल,किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने ।

४. विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागिमहिनावारी स्वच्छताको लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।

५. दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित बस्तुहरुलाई प्राथमिकता दिने।

६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने ।

७. दिवा खाजालगायत स्वास्थ्य,पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थपप्रभावकारी बनाउने।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being)मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful)सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १०० | १०० | १०० | १०० | १०० |
| २ | दिवा खाजा प्राप्त गर्ने कक्षा (१-५) विधार्थी संख्या | ४३३१ | ४८६२ | ४७१६ | ४६४६ | ४७०३ |
| ३ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सँख्या | १६ | १६ | १६ | १६ | १६ |
| ४ | खानेपानी,शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सँख्या | १६ | १६ | १६ | १६ | १६ |
| ५ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सँख्या | ० | १ | १ | १ | १ |

### ४.४.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| २. | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | दिन | २०० | २०० | २०० | २०० | २०० | १००० | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३. | दिवा खाजाको लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| ४. | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | संख्या | ० | ६ | ८ | १० | ८ | ३२ | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| ५. | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको व्यवस्था | महिना | १२ | १२ | १२ | १२ | १२ | ६० | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| ६. | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र शुक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | पटक | २ | २ | २ | २ | २ | १० | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| ७. | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |

## ४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा

परिस्थितिजन्य शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ। यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ।

### ४.५.१वर्तमान अवस्था

**विद्यमान नीतिगतव्यवस्था**

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ अनुसार प्रदेश र स्थानीय तहमा विपद उत्थानशीलताको संयन्त्रको व्यवस्था

विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड २०८० अनुसार केन्द्रमा सहजीकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समितिको व्यवस्था

भय रहित शिक्षण सिकाइ निर्देशिका २०६७ (बालबालिकालाई शारीरिक तथा मानसिक सजाय र उत्पीडन, यौन दुराचार बाट मुक्त सिकाइ व्यवस्था भएको )

विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्य ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ (विद्यालयमा सशस्त्र गतिविधि, हिंसा, राजनैतिक प्रभाव, भेदभाव, शोषण तथा दुर्व्यवहार बाट मुक्तराखी शिक्षण सिकाइलाई निरन्तरता दिने व्यवस्था भएको )

बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ (विद्यालयको प्रभावकारिता, समावेशीकरण, लैंगिक समता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालय व्यवस्थापन आदिले विपद्कालीन शिक्षाको आधार तयार गरेको )

विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति २०७१

वृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८ (सिकाइ पूर्वाधार विपद्जोखिम व्यवस्थापन, विद्यालय विपद्जोखिमको सुदृढीकरण तथा समुदायको सहभागिता, विपद्जोखिम न्यूनीकरण तथा उत्थानशीलताको लागि शिक्षाका न्यूनतम मापदण्डमा आधारित कार्यान्वयन )

वृहत विद्यालय सुरक्षा गुरुयोजना २०१७ तथा वृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०१८ (विद्यालयको न्यूनतम सुरक्षाका उपायहरू सम्बन्धि क्रियाकलापहरू, शिक्षक र विद्यार्थीहरूलाई मृत्यु र घाइते हुन बाट बचाउने, विपद्पछि विद्यालयलाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने, शिक्षाका माध्यमबाट विपद्जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकास गर्ने )

दिगो विकास लक्ष्य, पन्ध्रौं योजना, विद्यालय क्षेत्र विकास योजना, राष्ट्रिय शिक्षा नीति२०७६ले सुरक्षित विद्यालय, विपद्जोखिमको न्यूनीकरण तथा व्यवस्थापन, समुदाय बीच उत्थानशीलता शिक्षा, विपद्को समयमा विद्यालय शिक्षाको निरन्तरतालाई जोडदिएको

### स्थानीय तहको विद्यमान अवस्थाः

नेपालको संविधान २०७२, ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (२०७५) र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली (२०७७) ले छात्रवृत्ति, दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ।
यस पालिकामा पनि विभिन्न समयमा विपद तथा संकट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद तथा संकटको घडिमा पनि विचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदानगरीदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय व्यवस्थापन समितिको संयुक्त सहयोगमा भर्चुअल कक्षा, फोन तथाटोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ । यसै सन्दर्भमा कक्षागत रोल नं. लाई जोर विजोर प्रणालीमार्फत विद्यालयमा समाजिक दूरी कायम गर्दै शिक्षणसिकाइ समेत भएको थियो। विपद्का लागि सहयोगार्थ यस पालिकामा द्रुत प्रतिकार्य समिति,

नेपाल रेडक्रस सोसाइटी उपशाखा तथा वारुण यन्त्र रहेको छ। विद्यालयमा रहेको जु.रे.स. तथा यु.रे.स. ले पनि विपदप्रति सचेतना जगाउदै आएका छन्। स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखिनै विपद जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिएको छ।

आपतकालिन शिक्षाका चुनौतीहरूः

१. आपतकालीन अवस्थाको शिक्षालाई छुट्टै विधाको रूपमा सम्बोधन गर्ने।

२. प्रकोप र सोको जोखिमको विषयमा सावधानी अपनाउनु।

३. संकटको क्षेत्र पहिचान गर्नु।

४. क्षेत्र पहिचान गरी योजना निर्माण गर्नु।

५. योजना निर्माणको प्रक्रिया र सहभागिता।

## ४.५.२उद्देश्य

१. विपद्व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्य ढाँचा विकास गर्नु ।

२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतःको व्यवस्थापन गर्नु ।

३. आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

## ४.५.३ रणनीति

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धि आवश्यक नीति, मार्गदर्शन तथा कार्य विधिहरू तयार गर्ने ।

२. सम्भावित प्रकोप तथा विपद्सम्बन्धि पूर्व सावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने

३. कोभिड-१९लगायतका महामारीबाट बच्न पूर्व सावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।

४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गर्ने ।

५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद्वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने ।

६. विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गर्ने ।

७. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने ।

८. विपद्व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने ।

९. विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० अनुसार केन्द्रमा सहजिकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपद् व्यवस्थापन तथा विपद् जोखिम नयुनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्ष सम्बन्धी काम, अनुगमान तथा निरिक्षण गर्ने

१०. विपाद तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्ध सरकारी निकायहरू बीच वडा तह सम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने।

११. हरित विद्यालय अभियान, जल वायुपरिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

## ४.५.४प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

१. विपद्व्यवस्थापन प्रति कार्यको संयन्त्र र कार्य ढाँचा विकास भएको हुनेछ।

२. सम्भावित विपद्कोव्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतः को व्यवस्थापन भएको हुनेछ ।

३. आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

### नतिजा

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सँख्या | १६ | १६ | १६ | १६ | १६ | १६ |
| २ | हरित विद्यालय सँख्या | ० | १ | २ | २ | २ | १ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने विद्यालय सँख्या | ० | १ | २ | २ | २ | १ |

## ४.५.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपद्तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | ० | १ | ० | ० | १ | २ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ३ | विपद्पूर्वतयारी, प्रतिकार्य, पुन स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ४ | शिक्षक तथा वि व्य स तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | विपद प्रतिरोधी विद्यालय | सँख्या | ४ | ३ | ३ | ४ | २ | १६ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ६ | शिक्षा समुह गठन | पटक | | | १ | | १ | २ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |
| ७ | बिधालय स्तरीय विपद व्यस्थापन समिति तथा कार्यदल गठन एवम कार्यान्वयन | पटक | | | १ | | १ | २ | | संघिय,प्रदेश, स्थानीय र संघसंस्था |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ। बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ४.६.१ वर्तमान अवस्था

यस पालिकामा कूल विद्यालय २० मध्ये १६ सामुदायिक र ४ सस्थागत विद्यालयहरु छन्। सामुदायिक विद्यालय तर्फ ३६ भवन रहेकोमा १० वटा पक्की भवन र अर्ध पक्की २६ भवन छन् यसरी हेर्दा विद्यालयमा पक्की संरचना कम देखिन्छ। सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु १६, छात्र शौचालय १६ तथा महिला शिक्षक शौचालय ५ वटा छन्। खानेपानीको आफ्नै श्रोत भएका सवै विद्यालय छन्। विपद तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थानीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखिनै विषयवस्तु समावेश गरिएकोछ। पालिका भरमा १ वटा विद्यालयमा पुस्तकालय, २ विद्यालयमा कम्प्युटर प्रयोगशाला र १६वटा विद्यालयमा इन्टरनेट पुगेको छ। विद्यालयको वातावरण तर्फ फर्केर हेर्दा २ विद्यालयमा स्टाफ कोठा, २ विद्यालयमा स्टोर कोठा, १६ विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन्। यस पालिकामा ३ वटा विद्यालयमा ४ कोठे पक्की भवन निर्माण र निर्माणधीन अवस्थामा छन्। अधिकांस विद्यालयमा पर्खाल सहितको घेरबार भएको छ भने केही विद्यालयमा प्रवेश गेट निर्माण हुने क्रममा रहेका छन्।

विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन्ः

१. भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका।
२. पूर्वाधार विकासकालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु।
३. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु।
४. आवश्यक स्रोतः को व्यवस्थापन गर्नु।
५. पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु।

### ४.६.२ उद्देश्य

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधारविकास,मर्मत संभार तथा सबलीकरण गर्नु ।
३. जलवायु परिवर्तनका असरहरूबाट सुरक्षित हुन Climate Smart Infrastructureबनाउन परामर्श गर्नु ।

### ४.६.३ रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपणर भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने ।
२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।
३. विद्यालय पूर्वाधार विकासका लागि संघ प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा . स्रोतः व्यवस् थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने ।
४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुर्ननिर्माण एवम् मर्मत संभार गर्ने ।
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

### ४.६.४प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१.सबै विद्यालयहरूमा पर्याप्त भौतिक संरचना निर्माण हुने।
२.विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुने ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | ३ | ३ | ३ | ३ | ४ |
| २ | नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठा सँख्या | ८० | २० | २० | २० | २० |
| ३ | सबलीकरण गर्नु पर्ने कक्षाकोठा सँख्या | ८५ | २० | २० | २० | २५ |
| ४ | नयाँ निर्माण गर्नु पर्ने शौचालय सँख्या | ३२ | ४ | ८ | ८ | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु पर्ने विद्यालय सँख्या | १६ | ८ | ८ | ० | ० |

## ४.६.५ प्रमुखक्रियाकलापरलक्ष्य

| क्रसं | प्रमुखक्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५वर्ष) | | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | विद्यालय भवन निर्माण | संख्या | ३ | ४ | ३ | ४ | ६ | २० | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| २. | विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन समेत | विद्यालय सङ्ख्या | ४ | ४ | २ | ४ | २ | १६ | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| ३. | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | ४ | ४ | २ | ४ | २ | १६ | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| ४. | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय सङ्ख्या | २ | २ | २ | ४ | २ | १२ | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| ५. | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षा सम्बन्धी रूजुसूची भर्ने | संख्या | ४ | ४ | २ | ४ | २ | १६ | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |

## भौतिक पुर्वाधार बिकाश का प्रमुख लार्यक्रम संचालन गर्न अनुमानित बजेट (रु.हजारमा)

| क्रसं | प्रमुखक्रियाकलापहरू | बजेट | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १ | विद्यालय भवन निर्माण | १६५०० | २२००० | १६५०० | २२००० | ३३००० | ८८००० | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| २ | विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापनसमेत | ४०० | ४०० | २०० | ४०० | २०० | १६०० | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| ३ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | ४००० | ४००० | २००० | ४००० | २००० | १६००० | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| ४ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | १००० | १००० | १००० | २००० | १००० | ६००० | संघ,प्रदेश,स्थानीय र संघसंस्था |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रूजु सूची भर्ने | ५० | ५० | २५ | ५० | २५ | २०० | संघ,प्रदेश,स्थानीय र संघसंस्था |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

सूचना प्रविधि भन्नाले ध्वनी, तस्विर, अक्षर तथ्यांकको रुपमा सूचनाहरुलाई विद्युतीययन्त्रहरु कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरि भण्डारण, सम्पादन, सम्प्रेषण संग्रह र प्रवाहलाई चिनिन्छ। २१ औं शताव्दीको युग सूचना र प्रविधिको युगमा परिभाषित भइसकेको छ। अबको शिक्षा विश्वव्यापिकरण, प्रतिस्पर्धात्मक तथा आधुनिकताले भरिपूर्ण हुन जरुरी छ। विश्वका शक्तिशाली राष्ट्रहरु विश्व बजारमा आफ्नो मानव संसाधनलाई कसरी शुरक्षित राख्ने र आफ्नो प्रविधिलाई कसरी विश्व बजारसामू अग्रपंक्तिमा पुर्याउने भन्ने होडमा रहेका छन्। हालको कोभिड-१९ को विषम परिस्थितिमा सूचना प्रविधिको महत्व अझ बढेको छ। नेपाल सरकार शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालयले मिति २०७७/०२/१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना पाठहरु, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियालाई सम्झनु पर्दछ। यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ। वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम भूमिका रहेकोछ ।शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रुपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगलेसबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्‍याइ डिजिटल भिन्नता कमगर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधारगर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्‍याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाईकुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाईबढावा दिनुपर्दछ।

### ४.७.१वर्तमानअवस्था

रामनगरमा सबै विद्यालयमा विद्युतको पहुँच छ भने कम्प्युटर प्रयोगशाला तथा इन्टरनेट सुविधा भएका विद्यालयहरु क्रमशः, २ र १६ वटा रहेका छन्। यस पालिकामा १ वटा विद्यालयका ५ जना शिक्षक कर्मचारीले शिक्षण सिकाइमा प्रविधिको प्रयोग गरेका छन् भने प्राय अधिकांस शिक्षकहरु प्रविधिको पहुँच भन्दा टाढा रहेको देखिन्छ। आ.व. २०७७/०७८ मा ३ दिने विद्यालय जिन्सी लेखा तथा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तालिम यस पालिकाले सञ्चालन गरेको थियो।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ-

१. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गर्न।

२. विस्तार गरिएका ई-पुस्तकालयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न।

३. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एकीकृत प्रणालीको विकास गर्न।
४. प्रविधिसम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्न।
५. सबै विद्यालयलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्न।
६. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत तथ्याङ्क अद्यावधिक गर्न।

### ४.७.२उद्देश्य

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु ।
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु ।

### ४.७.३रणनीति

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्वन्धमा सबै शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने ।
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोगमा जोड दिने ।
४. शिक्षक सहायता र पृष्ठ पोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने ।
५. शैक्षिक स्रोतः सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय,शिक्षक र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने ।
६. कम्प्युटर लाइब्रेरी तथा डिजीटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृष्य तथा श्रव्य सामग्रीहरूको उचित प्रवन्ध र प्रयोग गर्ने ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढंगवाट सिकाइमा सहजीकरण भएको हुनेछ ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगवाट विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको सँख्या | १६ | १६ | १६ | १६ | १६ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सँख्या | ३ | ३ | ३ | ३ | ४ |
| ३ | मुख्य विषयहरूमाडिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | २ | २ | २ | २ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | २ | २ | २ | २ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालयसँख्या | १६ | १६ | १६ | १६ | १६ |

## ४.७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय संख्या | संख्या | ३ | ३ | ३ | ३ | ४ | १६ | | संघ,प्रदेश, स्थानीय र संघसंस्था |
| २. | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय संख्या | संख्या | ० | २ | २ | २ | २ | ८ | | संघ,प्रदेश, स्थानीय र संघसंस्था |
| ३. | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगगर्ने विद्यालय संख्या | संख्या | ० | २ | २ | २ | २ | ८ | | संघ,प्रदेश, स्थानीय र संघसंस्था |
| ४. | ICT सम्बन्धी पूर्वधार र आवस्यक सामग्री सहितका बिद्यालय संख्या | संख्या | २ | २ | २ | २ | २ | १० | | संघ,प्रदेश, स्थानीय र संघसंस्था |
| ५. | सामुदायिक बिद्यालयमध्ये School Accounting System (SAS) प्रयोग गरी आर्थिक बिबरण व्यवस्थापन गर्ने बिद्यालय | संख्या | ० | २ | २ | २ | २ | ८ | | संघ,प्रदेश, स्थानीय र संघसंस्था |

बिधालयमा सूचना तथा संचार प्रविधिका प्रमुख क्रियाकलापहरु संचालन गर्न अनुमानित बजेट (रु.हजारमा)

| क्रसं | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १. | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय संख्या | ९०० | ९०० | ९०० | ९०० | १२०० | ४८०० | संघ,प्रदेश, स्थानीय र संघसंस्था |
| २. | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय संख्या | ० | २०० | २०० | २०० | २०० | ८०० | संघ,प्रदेश, स्थानीय र संघसंस्था |
| ३. | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय संख्या | ० | १५० | १५० | १५० | १५० | ६०० | संघ,प्रदेश, स्थानीय र संघसंस्था |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४. | ICT सम्बन्धी पूर्वधार र आवस्यक सामग्री सहितका बिद्यालय संख्या | ६०० | ६०<br>० | ६०<br>० | ६०० | ६०० | ३००० | संघ,प्रदेश, स्थानीय र संघसंस्था |
| ५. | सामुदायिक बिद्यालयमध्ये School Accounting System<br><br>(SAS) प्रयोग गरी आर्थिक बिबरण व्यवस्थापन गर्ने बिद्यालय | ० | १८<br>० | १८<br>० | १८० | १८० | ९०० | संघ,प्रदेश, स्थानीय र संघसंस्था |

# परिच्छेद ५:सुशासन तथा व्यवस्थापन

शिक्षा पद्धतिमा निणर्य तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ। शासकीय प्रवन्धमा संरचना तथा प्रक्रिया दुवै पर्दछन्। विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रवन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरि बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन्। यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निणर्य कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरि सुशासनको प्रत्याभूति गर्नुपर्दछ। शिक्षामा स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहेको छ।शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ। सुशासन तथा व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ। नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ। यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ। त्यसैगरि योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ। यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रमा यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरीएको छ। वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ।

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचनाअनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेरसंस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका

अवसरहरूको विस्तार; प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरीएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ।

### ५.१.१वर्तमान अवस्था

शिक्षा क्षेत्रको विकासका लागि हाल संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। मन्त्रालयअन्तर्गत केन्द्रीय तहमा विभागीय रुपमा शिक्षा तथा मानवस्रोतः विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन्। यसैगरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत शिक्षा, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ, प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ। पालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए बमोजिमको २३ ओटा कार्यहरु कार्यान्वयनमा रहेका छन्।

### ५.१.२उद्देश्य

१. स्थानीतहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु ।
२. जनशक्तिको लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु ।
३. आवश्यक स्रोतःसाधनको व्यवस्थापन गर्नु ।

### ५.१.३रणनीति

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने ।
२. संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने ।
३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने।
५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने।
६. कार्यक्रमको प्रभावकारी ढंगवाट कार्य सम्पादन गर्नको लागि आवश्यक स्रोतः साधनहरुको व्यवस्थापन गर्ने ।

### ५.१.४उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य

#### उपलब्धि

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।
२. संस्थागत क्षमता अभिवृद्धि भै उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ।
३. आवश्यक स्रोतः साधनको व्यवस्थापन भै प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुनेछ ।

**प्रमुख नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | बिद्यालय व्यवस्थापन तालिम प्राप्त भएका बि.व्य.स, शि.अ.सं. र प्र.अ. (SMC, PTA and HT) भएका बिद्यालय संख्या | २ | ८ | ६ | ० | ० |
| २ | बिद्यालय सुधार योजना (SIP) निर्माण र स्वीकृत गरी कार्यान्वयन गर्ने बिद्यालय प्रतिशत | १६ | १६ | १६ | १६ | १६ |
| ३ | बाल मैत्री फ्रेमवोर्क (CFS) निर्माण र स्वीकृत गरी कार्यान्वयन गर्ने बिद्यालय प्रतिशत | ० | १० | १५ | २० | २५ |
| ४ | सामुदायिक बिद्यालयमध्ये School Report Cardsप्रयोग गरी सामाजिक परीक्षण सम्पन्न गर्ने बिद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| ५ | स्थानीय तहले आफ्नो कूल बजेटमध्ये शिक्षा क्षेत्रमा लगानी गरेको प्रतिशत | १२ | १४ | १७ | २० | २४ |
| ६ | स्थानीय तहले आफ्नो आन्तरिक कूल बजेट मध्ये शिक्षा क्षेत्रमा लगानी गरेको प्रतिशत | ३ | ५ | ७ | ११ | १६ |

## प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | ० | १ | ० | ० | ० | १ | | संघ,प्रदेश, स्थानीय र संघसंस्था |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश, स्थानीय र संघसंस्था |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | २ | २ | २ | २ | २ | १० | | संघ,प्रदेश, स्थानीय र संघसंस्था |
| ४ | कार्य सम्पादन करार गरी नतिजा प्रति जिम्मेवार बनाउने | पटक | २ | २ | २ | २ | २ | १० | | संघ,प्रदेश, स्थानीय र संघसंस्था |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याकंन गर्ने, गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश, स्थानीय र संघसंस्था |

## ५२. स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

योजना कार्यान्वयनको प्रबन्धअन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति,प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्त्वहरू पर्दछन् । नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम बनाउनआवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ।

### ५.२.१वर्तमान अवस्था

मुलुक संघीय संरचनाको ढाँचामा रुपान्तरण भएसँगै नयाँ चिराबाट योजना कार्यान्वयनको प्रवन्ध गर्नुपर्ने कानूनी व्यवस्था छ। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने हुन्छ। संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ। स्थानीय तहमा शिक्षा महाशाखा/शाखा रहेका छन्। विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरीएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ।

योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रवन्धका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापहरुमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग, समन्वय र सहकार्य गर्नु पर्दछ। स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रवन्ध गर्नु पर्दछ।

स्थानीय तह :

१. रामनगर गाउँपालिकाले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतः को बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।

२. रामनगर गाउँपालिकाको शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने।

३. रामनगर गाउँपालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन्।

४. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार रामनगर गाउँपालिकाले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने।

५. रामनगर गाउँपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने।
६. रामनगर गाउँपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिकास्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चाल गर्ने। हालको संरचनामा देखिएका केही समस्या तथा चुनौतीहरू निम्न अनुसार छन्ः
१. स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु
२. शिक्षक तालिमको क्षमता विस्तार गर्नु।
३. स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु।
४. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्यविवरण स्पष्ट गर्नु पर्ने
५. संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न।

### ५.२.२उद्देश्य

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.३रणनीति

१. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतः को बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।
६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने।
७. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने।
९. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
१०. सामुदायिक सिकाइ  केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आयआर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेतकार्य गर्ने ।

### ५.२.४उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

## उपलब्धि

१ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

## प्रमुखनतिजा

१ शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

## प्रमुखक्रियाकलापरलक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | ० | १ | ० | ० | ० | १ | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | २ | २ | २ | २ | २ | १० | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| ४ | कार्य सम्पादन करार गरी नतिजा प्रति जिम्मेवार बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्यांकन गर्ने, गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,स्थानीय र संघसंस्था |

स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्धको प्रमुख कार्यक्रमहरु संचालन गर्न अनुमानित बजेट (रु.हजारमा)

| क्रसं | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | ० | १५० | ० | ० | ० | १५० | संघ,प्रदेश, स्थानीय र संघसंस्था |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | संघ,प्रदेश, स्थानीय र संघसंस्था |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | २५० | २५० | २५० | २५० | २५० | ७५० | संघ,प्रदेश, स्थानीय र संघसंस्था |
| ४ | कार्य सम्पादन करार गरी नतिजा प्रति जिम्मेवार बनाउने | ७५ | ७५ | ७५ | ७५ | ७५ | ३७५ | संघ,प्रदेश, स्थानीय र संघसंस्था |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्यांकंन गर्ने, गराउने | १६० | १६० | १६० | १६० | १६० | ८०० | संघ,प्रदेश, स्थानीय र संघसंस्था |

# परिच्छेद ६:लगानी र स्रोतः व्यवस्थापन

आर्थिक तथा सामाजिक परिवर्तनका लागि शिक्षाको भूमिका अहम हुन्छ। सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ।दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्नु नै शिक्षामा लगानी गरिएको हो। शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ।राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरीएको छ।शिक्षामा गरीने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ। संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भएतापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारीआवश्यकता पर्दछ।

शिक्षामा आवश्यक पर्ने स्रोतः पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हुन्। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोतः जुटाउने, स्रोतः को विनियोजन गर्ने, विनियोजित स्रोतः को प्रवाह गर्ने र उपलब्ध स्रोतः को उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ।यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोतः व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरीएको छ। पहिचान गरीएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतः को आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

## ६.१वर्तमानअवस्था

रामनगर गाउँपालिकाको आ.व. २०८१/८२को कूल बजेट मध्ये रु. ...शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजना अन्तरगतको बजेट विनियोजन गरेको छ।शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ। सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि

गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ। नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरीने कुरा उल्लेख गरिएको छ।

## ६.२उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतः को प्रक्षेपण गर्नु ।

२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतः  पहिचान गर्नु ।

३. उपलब्ध स्रोतः को आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

## ६.३ रणनीति

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतः बाट लगानीमा  वृद्धि गर्ने ।

२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवंम गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने ।

३. वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने ।

४. शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गर्ने ।

५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने ।

६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्य कुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तर दायित्वलाई सबल बनाउने ।

७. लागत साझेदारीमा आधारित कार्यक्रमहरु सञ्चालन गर्ने ।

## ६.४प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतः को व्यवस्थापन भएको हुने

२. वित्तीय कार्य कुशलता,पारदर्शिता,जिम्मेवारी र उत्तर दायित्व सुदृढ भएको हुनेछ।

### ६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

**क। सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्ष को जम्मा | १० वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | सहयोगी कार्यकर्ता पारिश्रमिक | | | | | | | |
| २ | प्रति विद्यार्थी लागत | | | | | | | |
| **आधारभुत शिक्षा** | | | | | | | | |
| १ | शिक्षक तलवभत्ता | | | | | | | |
| २ | छात्रवृत्ति | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**ख। प्रदेश सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्ष को जम्मा | १० वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| **बालविकास र शिक्षा** | | | | | | | | |
| १ | वालविकास केन्द्र व्यवस्थापन सुधार | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

**ग। स्थानीय तहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट**

| क्र सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| वालविकास र शिक्षा | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | नयाँवालविकास केन्द्र स्थापना | | | | | | | |
| २ | सहयोगि कार्यकर्ता क्षमता विकास | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

## घ। अन्य संघ संस्थाहरु बाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| बालविकास र शिक्षा | | | | | | | | |
| १ | शैक्षिक सामाग्री वितरण | | | | | | | |
| २ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

उपरोक्त बमोजिम बजेट अनुमान गरिसकेपछि विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु जस्तैः वालविकास र शिक्षामा हरेक आवको जम्मा बजेट कति, आगामी ५ वर्षको जम्मा बजेट कति र वजेटको सुनिश्चितता संघवाट, प्रदेशबाट, स्थानीय तहवाट र अन्य संघसंस्थावाट कति भनि सो को समेत विश्लेषण गर्नुपर्दछ ।

# परिच्छेद ७ :अनुगमन तथा मूल्याङ्कन

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन, वितरण, लगानीकोप्रवाह, कार्यक्रम कार्यान्वयन प्रक्रिया, शैक्षिक क्रियाकलापहरू कार्यतालिका अनुसार कार्यान्वयन, लक्षित प्रतिफल प्राप्ति जस्ता विषयका बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ।

शैक्षिक कार्यक्रमहरूको औचित्यता, सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित रउद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी मूल्य प्रदान गर्नु मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कनकार्यक्रमसञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन्।

## ७.१वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोतः विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय इकाईबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ। दीगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरीएको कार्यढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरीएका सूचक, रामनगरगाउँपालिकाका शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमाअनुगमन तथा मूल्याङ्कनगरीने गरिएको छ।वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गरिएको छ। विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई लिइएको छ। विद्यार्थीको शैक्षिक उपलव्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य शुरू गरिएको छ।

## ७.२उद्देश्य

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु ।
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामाआधारित बनाउनु ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

## ७.३रणनीत

१ कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।
२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।
३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने
४. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।
५. योजनाअन्तर्गतसञ्चालितकार्यक्रम तथा परियोजनावाक्रियाकलापहरूकोनियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।
६. अनिवार्य तथा निशुःल्क शिक्षा ऐन २०७५ ले तोके बमोजिम अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी पालिकामा पेश गर्ने ।

## ७.४प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुनेछ ।
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ।

### नतिजा

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ ।
२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

## ७.५ प्रमुखक्रियाकलापरलक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन तथा मुल्याकंन संयन्त्र निर्माण | पटक | १ | ० | ० | ० | ० | १ | | संघ ,प्रदेश,स्थानीय र संघसंस्था |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अध्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ ,प्रदेश,स्थानीय र संघसंस्था |
| ३ | स्थानीय तहले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | संघ ,प्रदेश,स्थानीय र संघसंस्था |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ ,प्रदेश,स्थानीय र संघसंस्था |
| ५ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ ,प्रदेश,स्थानीय र संघसंस्था |
| ६ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ ,प्रदेश,स्थानीय र संघसंस्था |

## ७.६ योजनाको लेखाजोखा

# योजनाको लेखाजोखा

### क) परिचय

नेपालको सङ्घीय शासन प्रणाली अन्तर्गतबिद्यालयशिक्षाको व्यवस्थापनका लागि तीनवटै सरकारको साझा दाईत्व रहेता पनि व्यवहारिक रुपमा बिद्यालयशिक्षाको सन्चालनको समग्र जिम्मेवारी भनेस्थनीयसरकारको रहेको छ । मुलुकमा संचालित सामुदायिक बिद्यालयहरूको व्यवस्थापन र संचलनार्थ प्रायः सबै प्रकारका स्रोतः हरू अन्तर सरकारी वित्तीय हस्तान्तरणका माध्यमबाट सङ्घीय सरकारबाट स्थानीय सरकारको कोषमा जाने गर्दछ र तोकिएका सर्त र आधारहरु अनुसार स्थनीयसरकारले सो कोषको व्यवस्थापन र परिचालन गरी बिद्यालयशिक्षाको सन्चालन गर्नेगर्दछ । यसका लागि मुलकको संबिधान र सोका आधारमा तयभएकातीनै तहका सरकारका सम्बन्धित

नीति, ऐन, कानून र नियमावली तथानिर्देशिकाहरुले तीनैवटै तहका सरकारहरूले आ-आफ्नो तहकोशिक्षाक्षेत्रको योजना निर्माण गरी नेपालको संबिधानका प्रावधानहरू रअन्तराष्ट्रियस्तरमा नेपाल सरकारले जनाएका प्रतिबद्धताहरूलाई पुरा गर्नेगरी कार्यान्वयन गर्ने गराउने रहेको छ । यसैले तीनै तहका सरकारका तहमा शिक्षा क्षेत्र योजनाको निर्माण/विकास पहिलोप्राथमिकतामा रहेको छ।शिक्षा क्षेत्रको योजनाले एकातर्फ राष्ट्रिय, प्रदेश र स्थानीयतहको शिक्षा सुधारकालागि नीति र रणनीतिहरू प्रस्तुत गर्दछ भने अर्कोतर्फ योजनालाई प्रभावकारी कार्यान्वयन गर्न साझेदारहरूसँग समन्वय र थप आन्तरिक र बाह्य स्रोतः हरू परिचालन गर्नका लागि महत्वपूर्णमाध्यमको रूपमा रहेकोहुन्छ।शिक्षा क्षेत्रको योजना सबै सम्भावित लगानीकर्ताहरूलाई योजनालेअबलम्बन गरेका कार्यक्रम, रणनितिर कार्यनीतिहरू विश्वसनीय, दिगो र लगानी योग्य छन् भनी सङ्केत गर्न सम्बन्धित सरकारका लागि महत्वपूर्ण साधनको रुपमा उपयोगगरिन्छ।

### ख)योजनाको लेखाजोखा किन र केहो?

-पालिका तहको शिक्षा क्षेत्रकोयोजनामा प्रस्ताब गरिएका कार्यक्रमहरूको विभिन्न पक्ष र सम्भाव्यताहरूको समीक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण छ।

-योजनाको लेखाजोखा शिक्षा क्षेत्रकायोजनाकाकार्यक्रममा केन्द्रित मात्रात्मक र गुणात्मक संयोजन हो।

-शिक्षा क्षेत्रकोयोजनाको लेखाजोखा एक प्रक्रिया हो, जसको माध्यमबाट पालिका तहको शिक्षा क्षेत्रको योजना के? किन? कसरी? कस्कालागी?, आदि जस्ता प्रश्नहरुको उत्तर खोजिन्छ । जसमा:

- शिक्षा क्षेत्रकोयोजना प्राविधिक रूपमा उपयुक्त छ छैन भनी मूल्यांकन गरिन्छ ।
- शिक्षा क्षेत्रकोयोजना आर्थिक रूपमा व्यवहारिकर न्यायोचित छ छैन भनी मूल्यांकन गरिन्छ ।
- शिक्षा क्षेत्रकोयोजनाको कार्यन्वयन प्रशासनिक रूपमा सम्भव छछैन भनी मूल्यांकन गरिन्छ ।

### ग)योजनाको लेखाजोखाका उद्देश्यहरू

- पालिका तहको शिक्षा क्षेत्रको योजनामा प्रस्तावित कार्यक्रमका सबै पक्ष र ,सन्दर्भ ,अङ्गहरूको विस्तृत समीक्षा गर्न।
- शिक्षा क्षेत्रका अंगहरूमा (**Sub-Sectors**)सङ्घीय राष्ट्रिय/र प्रदेशतहका योजना र पालिकाको योजनाहरू बीचको अन्तरसम्बन्धहरू मूल्याङ्कन गर्न।
- प्राविधिक, व्यवस्थापकीय र वित्तीय सम्भाव्यताको दृष्टिकोणबाट प्रत्येक कार्यक्रमको मूल्याङ्कन गर्न।
- पालिका तहको शिक्षा क्षेत्रको योजनाको सबल र कमजोर तथासुधार्नु पर्ने पक्षहरूको समग्र मूल्याङ्कन गर्न ।
- योजनाकार्यान्वयनमापालिका तहको तयारीको मूल्याङ्कन गर्न, र
- प्राविधिक सहयोग प्रदान गर्न र योजना अनुमोदन गर्न निर्णयकर्ताहरूलाई सहजीकरण गर्न।

**घ)योजनाको लेखाजोखाका महत्त्वपूर्ण पक्षहरू**

योजनाकोलेखाजोखामा समेटिनु पर्ने महत्त्वपूर्ण पक्षहरू निम्न छन् र लेखाजोखा समितिले यी प्रत्येक पक्षको सावधानीपूर्वक मूल्याङ्कन गर्नुपर्दछः

- योजना निर्माणप्रक्रिया
- योजना निर्माणप्रक्रियामासरोकारवालाहरु अर्थपूर्ण सहभागी रअभ्यासहरू
- योजना निर्माणप्रक्रियामा आधारभूत तथ्याङ्क र जानकारीहरूकोवास्तविकता,गुणस्तर , सान्दर्भिकता, स्रोतः , र उपयोग बिधि
- योजना निर्माण विधि
- योजना कार्यान्वयनको समीक्षा
- लागत अनुमान र प्रस्तावित वित्त व्यवस्थापन
- योजना कार्यान्वयनका लागि संगठनात्मक र व्यवस्थापन
- प्रस्तावित योजना कार्यान्वयनबाट अपेक्षित शैक्षिक, आर्थिक र सामाजिक लाभहरूको वैधता

त्यसैले,पालिका तहको योजनानिर्माणगरिसकेपछि विश्वसनीय, दिगो र लगानी योग्यछ या छैन भन्नकालागी योजनाको बिभिद पक्षहरू समेटेर लेखाजोखा गरिनु पर्दछ, जुनयोजना कार्यान्वयन गर्नु पूर्व गरिने महत्वपूर्ण कार्य तथा योजनाकोअभिन्नअङ्ग हो । निर्माणभएको योजनाकोलेखालोखा कार्यलाईसमबन्धित पालिकाले आन्तरिकर बाहिरका बिभिन्न बिषय  क्षेत्रका बिज्ञहरूको समिति निर्माण गरीसो समितिको कार्य बिबरण तोकीसम्पन्नगर्नु पर्दछ ।

यसनिर्देशिकाको उद्देश्य सम्बन्धित पालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाको लेखाजोखा गर्न सहयोग गर्नु हो, जसमा योजनाको सबलता,प्रासंगिकता, सुसंगतता रविश्वसनीयता, आदि पक्षहरु हेरिन्छन्।योजनाकोलेखाजोखाप्रक्रिया पालिकाकोनीतिर प्राविधिक संवादमा आधारित रसरोकारवालाहरूको सहभागितामूलक हुनुपर्छ।यो प्रक्रिया योजनामा तय गरिएका प्रमुख सूचकहरूमा आधारित भई बिभिन्नपरामर्श (योजना निर्माण समिति, प्राबिधिक समितिहरूसँग बैठक....), प्रमुख सरोकारवालाहरूसँगको अन्तर्वार्ता, र खासखास मुद्दा तथा समस्या रहेका वडा, गाउँ, समुदाय तथा बिद्यालयकोभ्रमणहरू, शिक्षा क्षेत्रको योजनार अन्य सान्दर्भिक कागजातहरूको डेस्क समीक्षा, भरपर्दो जानकारीहरुको विश्लेषण (जसलाई विज्ञहरूले प्रमाणित र क्रस-चेक गर्न आवश्यक छ)समावेश हुनुपर्दछ।लेखाजोखा प्रक्रिया सकेपछि सोबाट प्राप्त पृष्टपोषण तथानिष्कर्षहरूलाई योजनालाई अन्तिम रूप दिनउपयोग गर्नु पर्दछ । यस अतिरिक्तयोजनालाई अन्तिम रूप दिनुपूर्व लेखाजोखाबाट प्राप्त सिफारिसहरूको प्रमाणीकरण कार्यशाला आयोजना गर्नु राम्रो हुन्छ।

**ङ)योजनाको लेखाजोखाको बिधिः**

योजनालेखाजोखाप्रक्रियाको बिधिमानिम्न चरणहरू/क्रियाकलापहरू समावेश हुनुपर्दछः

- प्रारम्भिक छलफल(Birifing)

- मूल्याङ्कन टोलीको बैठक
- अध्ययनको लागि कागजातहरूकोउपलब्धता
- फिल्ड भ्रमण गर्नु अघि कागजातहरूको अध्ययन
- बिभिन्नक्षेत्रहरुकोभ्रमण
- सरोकारवाला  समुदाय सदस्यहरु संग /अन्तरक्रिया
- बिभिन्नसङ्ग-संस्थाहरु संग अन्तरक्रिया
- मूल्याङ्कन मस्यौदा प्रतिवेदन तयार गर्ने
- निर्णयकर्ताहरूसँग मस्यौदा प्रतिवेदन प्रस्तुतगर्ने
- प्रतिवेदनलाई परिमार्जन र अन्तिम रूप दिने
- अन्तिम समापन बैठक

**च) योजनालेखाजोखाका विषयगत क्षेत्रहरू**

पालिकातहकोशिक्षाक्षेत्रकोयोजनाको मूल्याङ्कन गर्दा लेखाजोखा/मूल्याङ्कनकर्ताहरूले योजनामा निम्नउदाहरण अनुसारकाविषयगतक्षेत्रहरूहेर्नुपर्छः

- पालिकातहको शिक्षा प्रोफाइल
- योजना प्रक्रिया र पद्धति
- योजनाको लागि तथ्यांकको बिबरणरव्यवस्थापनसाथैउपयोग
- ECEDविकासर विस्तार गर्दै
- पहुँच र निरन्तरता
- बालबालिकाको सिकाइ आवश्यकताहरू
- शिक्षा प्रणालीको आन्तरिक दक्षता
- EMIS र अनुगमन
- कार्यान्वयनको लागि योजना
- वयस्क निरक्षरता घटाउने
- आधारभूत शिक्षाको गुणस्तर सुधार गर्ने
- क्षमता निर्माण
- लागत र बजेट आवश्यकता

**छ)योजना लेखाजोखाकोप्रतिबेदनमासमाबेश हुनुपर्नेकेहीमहत्वपूर्ण शैक्षिक मुद्दाहरूकोउदाहरणः**

- के राष्ट्रियप्रदेश ,रस्थानीयदुरदृष्टि उद्देश्य ,लक्ष्य र कार्ययोजनाअनुरूप योजना बनाइएको छ?
- के योजनाले ECD देखि बिद्यालय शिक्षा ,वयस्कका लागि साक्षरता र निरन्तर शिक्षा जस्ता आधारभूत शिक्षाका सबै पक्षहरू साथै प्राबिधिक र उच्च शिक्षासँगको तालमेल,आ आदिलाई समेटेकोछ?

- के यो योजनालाई स्थानीय विशिष्ट आवश्यकताहरू, विशेष गरी जनसंख्या,जातजाती , आर्थिक, भाषिक, पिछडिएकोबर्गरक्षेत्रका आधारमासान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ?
- के योजनाले योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा सरोकारवालाहरूको सहभागिताको लागि अवसर र अवसर प्रदान गरेको/गर्दछ?
- के योजनाले ठोस रणनीति र कार्यहरूप्रस्तावगरेकोछ?
- शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरूलाई सम्बोधन गरेकोछ? (तत्परतारसान्दर्भिकता(
- समानता, दक्षता, र सिकाइका मुद्दाहरूलाई राम्रोसँग सम्बोधन गरिएको छसबै) ? क्षेत्रको कार्यसम्पादन बढाउने,लैंगिक , समता, दक्षता, सिकाइको मुख्य मुद्दाहरू(
- योजनाकासबैपरिक्छेदहरूबीचमासम्बन्ध रएकरूपता छ? )योजनाकोसंगठन(
- पालिकाकोशिक्षाक्षेत्रकोयोजनामाप्रस्तावित वित्त व्यवस्थापन/उपलब्धता ,प्राप्तिकोसम्भावना, AWPB र ASIP बीच कुनै सम्बन्ध छ?
- पालिकामा सञ्चालन भइरहेका शिक्षासँग सम्बन्धित अन्य सबै कार्यक्रमहरूलाई योजनाले कसरी समेटेकोछ?। आदि ,

# अनुसूची १ : स्थानीय शिक्षा योजनाको प्रस्तावित ढाँचा

विषय प्रवेश
पालिका शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य
शिक्षा योजना निर्माण प्रक्रिया

परिच्छेद १ : परिचय
१.१ पृष्ठभूमि
१.२ मुख्य समस्याहरुः
१.३ शिक्षा क्षेत्रका चुनौतीहरुः
१.४ अवसरहरुः

परिच्छेद २ : लक्ष्य निर्धारण
२.१ दूरदृष्टि
२.२ लक्ष्य
२.३ उदेश्य
२.४ रणनीतिहरु
२.५ कार्यनीति
२.६ अपेक्षित उपलब्धि
२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

परिच्छेद ३ : विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु
३.१ प्रारम्भिक बालविकास र शिक्षा
३.२ आधारभूत शिक्षा
३.३ माध्यमिक शिक्षा
३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ
३.५ अन्य उपक्षेत्रहरू (प्राविधिक तथा व्यावसायिक शिक्षा, उच्च शिक्षा, आदि)

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन
४.२ शिक्षक व्यवस्थापन र विकास
४.३ शिक्षामा समता र समावेशीकरण
४.४ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम
४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा
४.६ विद्यालय भौतिक पूर्वाधार विकास
४.७ शिक्षामा सूचना तथा सञ्चार प्रविधि

परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन

५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

परिच्छेद ६ : लगानी र स्रोतः व्यवस्थापन

परिच्छेद ७ :अनुगमन तथा मूल्याङ्कन

आज मिति : २०८२।०२।१२ गतेका दिन यस रामनगर गा.पा. को अध्यक्ष श्री राजा वावु यादव ज्यू को अध्यक्षतामा, वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा गा.पा. कर्मचारीहरु को उपस्थिति मा तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री राजावावु यादब | गा.पा अध्यक्ष |
| श्रीमती गिता देवी | गा.पा. उपाध्यक्ष |
| श्री व्रह्मदेव चौधरी | वडा अध्यक्ष |
| श्री सदानन्द यादव | वडा अध्यक्ष |
| श्री अजय यादव | वडा अध्यक्ष |
| श्री विरेन्द्र ठाकुर | वडा अध्यक्ष |
| श्रीनन्दन प्रसाद यादव | वडा अध्यक्ष |
| श्री गुदर साह | वडा अध्यक्ष |
| श्री गौरी शंकर पँडित | वडा अध्यक्ष |
| श्री सुचैन पंडित | कार्यपालिका सदस्य |
| श्री रामकेशर दास तत्मा | कार्यपालिका सदस्य |
| श्री गिता देवी | कार्यपालिका सदस्य |
| श्री राधिका देवी धोविन | कार्यपालिका सदस्य |
| कार्यपालिका सदस्य | कार्यपालिका सदस्य |
| श्री रामवति देवि | कार्यपालिका सदस्य |
| श्री धन्मन्ति महतो | कार्यपालिका सदस्य |
| श्री कृष्ण कुमार यादव | प्रमुख प्रशासकिय अधिकृत |

प्रस्थाव नं १: गाउँ शिक्षा क्षेत्र योजना अनुमोदन सम्बन्धमा ।

निर्णय नं १: प्रस्ताव नं १ माथि छलफल गर्दा गाउँ शिक्षा योजना २०८१-९० सर्व सहमति वाट अनुमोदन गरिएको छ।










रामनगर गाउँपालिका
गाउँ शिक्षा योजना
HUGGIES

